सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



साप्ताहिकको यो अंकमा नववर्ष विशेष सामग्रीहरू समावेश छ ।

• वर्ष ११ • अंक ४६ • काठमाडौं, शुक्रबार, वैशाख १, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Apr.14, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-

# उर्लिए जनता



## जनआन्दोल भाग - २ का वीरहरू



■ अश्विनी कोइराला

जनता जागेपछि जस्तासुकै तानशाह पनि घुँडा टेक्न बाध्य हुन्छन् । स्वचालित हतियार बोके पनि त्यस्ता शासक जनताको कलम, कोदालो र पन्यूबाट पराजित हुन्छन् । बन्दुकले विचारमाथि केही क्षण दमन गर्न सक्ला, तर आगो लाग्न एउटा फिलिङ्गो पर्याप्त हुन्छ । संसारभरि यस्तै हुँदै आएको छ । नेपालमा पनि यो तथ्य पटक–पटक प्रमाणित भएको हो । जब–जब शासकहरूले आफ्नो काममा लगनशील जनतालाई भेडाबाख्राको झुन्ड मान्ने गल्ती गर्छन्, तब–तब इतिहास रक्तरञ्जित हुन्छ ।

प्रारम्भिक दिनमा युवाको धैर्यतालाई कमजोरी मानेको शाही सरकारमाथि यतिखेर नेपाली जनता सातो जाने गरी जाई लागेका छन् । दोस्रो आन्दोलनको प्रारम्भमै राजविराज, पोखरा, काभ्रे तथा चितवनमा ४ युवा लोकतन्त्रका लागि सहिद भएका छन् । आन्दोलन दबाउन दिनभर लगाइएको कर्फ्यूलाई उल्लंघन गर्दै हजारौं जनता मूल सडकमा निस्किएका छन् । आन्दोलनका लागि उर्लिएको मानवसागरलाई रोक्न सयौं राउन्ड टियरग्याँस र ताता गोली बर्साए पनि आन्दोलन अगाडि बढेको बढ्यै छ ।

सरकार पराजित मानसिकतामा पुगेको उसका क्रियाकलापहरूले देखाउन थालेको छ । आन्दोलन चर्किएको एक साताभित्रै उसले आफ्ना सबै शक्तिको प्रयोग गरे पनि चितवन, बनेपा, कीर्तिपुर, दाङ आदि क्षैत्रलाई जनताले मुक्तक्षेत्र घोषणा गरेका छन् । हजारभन्दा बढी मानिस पक्राउ परेका छन्, सयौं घाइते छन् तर पनि आन्दोलनको गतिमा प्रत्येक दिन गुणात्मक वृद्धि हुँदै गएको छ । सात पार्टी तथा तिनका भातृ संगठन, विद्यार्थी, पत्रकार, वकिल, चिकित्सक, इन्जिनियर, कर्मचारी, मजदुर मात्र होइन, घर–घरबाट गृहिणीहरू पनि आन्दोलनमा गोलबद्ध हुन थालेपछि लोकतन्त्रको सुनौलो बिहानी नजिकै आएको आभास हुन थालेको छ । लोकतन्त्रप्रति जनताको यो चाहनालाई अन्तर्राष्ट्रिय समुदायले समेत सम्मानका दृष्टिले हेरेको छ भने आन्दोलनका सहिदहरूलाई समग्र मुलुकले सलाम ठोकेको छ । कीर्तिपुरवासीको वीरतामा समग्र नेपाली जनताकै छाती गर्वले फुलेको छ भने जनआन्दोलनका घाइते तथा आन्दोलनकारी सबैप्रति सबैको सम्मान एवं सहानुभूति चुलिएको छ ।

## सुस्वागत नववर्ष



तस्बिर : नवराज वाग्ले

नववर्ष–२०६३ प्रवेशको सुअवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामनाका साथ निरन्तर प्रगति तथा सुस्वास्थ्यको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साप्ताहिक परिवार
कान्तिपुर पब्लिकेसन्स प्रा.लि.

## हाम्रो बाध्यता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा छपाइ एवं कागजको मूल्यमा भएको भारी वृद्धिका कारण यो अंकदेखि साप्ताहिकको मूल्य ८ रुपैयाँ कायम गर्न बाध्य भएका छौं । साप्ताहिक प्रकाशनको ११ वर्षमा पहिलो पटक मूल्यवृद्धि गर्नुपर्दा हामी खुसी छैनौं । पाठकहरूले हाम्रो बाध्यतालाई बुझेर साप्ताहिकलाई निरन्तर स्नेह प्रदान गरिरहनुहुनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

कान्तिपुर पब्लिकेशन्स प्रा.लि.

# शिखर म्युजिक अपडेट

SHIKHAR MUSIC
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH



# बदलियो शैली संगीतको

■ **कृष्ण भट्टराई**

काठमाडौं– नेपाली सांगीतिक क्षेत्रमा वर्ष २०६२ मा निकै उतार-चढाव देखियो। अघिल्लो वर्ष लोकप्रियताको शिखरमा रहेको लोकदोहोरीको क्रेज गत वर्ष ह्वात्तै घट्नु सांगीतिक क्षेत्रका लागि दुखद विषय बन्यो भने विदेशका कार्यक्रममा नेपाली कलाकारको सहभागिता उपलब्धिमूलक रह्यो। हिपहप, र्‍याप, रकजस्ता संगीतका नवीन विधातर्फ श्रोताहरू आकर्षित भए। राम्रा म्युजिक भिडियो निर्माण गर्नेहरू आर्थिक रूपले सम्पन्न भए भने दर्शकले पनि घर बसी-बसी मनोरञ्जन गर्ने अवसर प्राप्त गरे।

'धेरै खाए सख्खर पनि तीतो हुन्छ' भनेझैं एक सातामै दुई दर्जनभन्दा बढीका दरले लोकदोहोरी गीतिसंग्रह बजारमा आउन थालेपछि श्रोताभन्दा लोकदोहोरी गाउने गायक-गायिकाको संख्या बढी भयो। जसको प्रत्यक्ष प्रभाव राम्रो दोहोरी गाउने गायक-गायिकालाई समेत परेको छ। वर्ष २०६२ को सांगीतिक क्षेत्रलाई फर्केर हेर्नुपर्दा केही सकारात्मक तथा केही नकारात्मक प्रवृत्तिहरू सार्वजनिक भए। लोकदोहोरी गीतको बजार ह्वात्तै घट्नु पक्कै पनि सकारात्मक कुरा होइन। तर खैरेनी, दमौली, त्रिशुली, बनेपाजस्ता 'गेट' भएका-नभएका स्थानमा पनि 'गेट' राखेर कोठेदोहोरी तयार पार्न थालिएपछि दोहोरी गीतको गुणस्तर मात्र होइन, श्रोता पनि घटे।

कम खर्चमा दोहोरी गीतको संग्रह तयार पार्न सकिने, लोकदोहोरी गाउनका लागि गला तथा स्वर दुवै राम्रो नचाहिने भएको प्रमाणित भएपछि अलिकति धन र केही मन भएका सामान्य व्यक्तिसमेत लोकगायक तथा गायिका बन्न खोज्नुले नै संगीतको यो परम्परागत विधालाई अगाडि बढ्नबाट रोक्यो। पछिल्लो समयमा त राजधानीबाट बाहिरिने तथा भित्रिने लामो दूरीका सवारी साधनहरू तथा टेलिभिजनको प्रचारमुखी कार्यक्रमहरूमा मात्र लोकदोहोरी गीतहरू सीमित हुन पुगे।

दोहोरी गीतलाई माथि उठाउन अघिल्लो वर्षदेखि आयोजना गरिएको राष्ट्रव्यापी दोहोरी प्रतियोगिताको दोस्रो श्रृंखलामा पनि राजधानीका दोहोरी रेस्टुराँहरूकै अत्यधिक सहभागिताले उक्त प्रतियोगिता दोहोरी गीत-संगीतको होइन, रेस्टुराँको प्रचारका लागि मात्र आयोजना भएजस्तो देखिएको स्वयं दोहोरी गायक-गायिकाले स्वीकार गरे। एक दर्जनभन्दा बढी लोकदोहोरी संग्रह सार्वजनिक गरिसकेका एक स्थापित गायक भन्दै थिए– 'दोहोरी गीतको प्रतियोगिता हुनु त राम्रो कुरा हो, तर यसलाई राष्ट्रव्यापी होइन 'दोहोरी रेस्टुराँ' स्तरीय प्रतियोगिता भन्नु उचित होला।'

दोहोरीजस्तो परम्परागत संगीतले बाटो बिराए पनि वर्ष २०६२ मा र्‍याप तथा हिपहप संगीतले सोचेभन्दा राम्रो लोकप्रियता हासिल गर्‍यो। आधा दर्जनभन्दा बढी र्‍याप समूहले वर्षभरि नै विभिन्न सांगीतिक कार्यक्रममा गीत गाउने अवसर पाए। एफ.एम.तथा टेलिभिजनमा मात्र होइन, नेपाली र्‍याप गीतहरू गत वर्ष डिस्कोथेक तथा विवाहको व्यान्ड पार्टीमा पनि राम्रैसँग बजे। अग्लिज, निर्णय डा एनएचके, डा. ६९, म्याडजोन, र्‍यापर युनियन, नेप्सिड्याजजस्ता सांगीतिक समूहको क्रेज मात्र बढेन, यी समूहका संगीतकर्मीहरू आर्थिक रूपले लाभान्वितसमेत भए।

पप संगीतका लागि भने वर्ष २०६२ सामान्य रह्यो। निमा रुम्बा, दीपेशकिशोर भट्टराई, नवीन के. भट्टराई, बाबु बोगटी, सुगम पोखरेल, कमलमान सिंह आदि गायक-गायिकाले कुनै पनि गीतिसंग्रह सार्वजनिक गरेनन्। राम्रो बजारको अभावकै कारण उनीहरूले नयाँ गीतिसंग्रह सार्वजनिक गरेनन्, तर अनिल सिंह, यश कुमार, सविन राई, नलिना चित्रकार आदिले सार्वजनिक गरेका गीतिसंग्रहले पनि औसत भन्दा राम्रो व्यापार गर्न सकेनन्। यसको साटो, इटहरीलाई कर्मक्षेत्र बनाउँदै यसै वर्षदेखि गायन क्षेत्रमा उदाएका गायक श्रीकृष्ण लुइँटेलको गीतिसंग्रह सर्वाधिक बिक्री भयो। लोकलयमा आधारित उनको 'ए बा किन्देऊ न भटभटे' गीत छ महिनाभन्दा बढी समय काउन्टडाउनको पहिलो नम्बरमा रहन सफल भयो।

पूर्वी नेपालमा मात्र होइन, भारतका दार्जीलिङ, कालिङपोङ, सिक्किमजस्ता नेपाली भाषा बोल्ने श्रोताहरूको बाहुल्य रहेका सहरहरूमा श्रीकृष्णले राम्रो क्रेज बनाए। ती क्षेत्रमा उनले एक दर्जनभन्दा बढी सांगीतिक कार्यक्रम प्रस्तुत गरेर आफ्नो लोकप्रियतालाई चुल्याए। गायक-गायिकाहरूले गत वर्ष गीतिसंग्रह प्रकाशित गर्न जाँगर नदेखाए पनि उनीहरू आर्थिक रूपले भने फाइदामा रहे। सांगीतिक कार्यक्रमका क्रममा विदेश जाने गायक-गायिकाहरूको सुचीमा पप गायकहरू नै अगाडि देखिए।

वास्तवमा विदेशका सांगीतिक कार्यक्रमले यो क्षेत्रकै उद्धार गर्‍यो भन्दा अत्युक्ति हुँदैन। नाम तथा गीत चलेका गायकहरू वर्षभरि नै विदेशको यात्रामा पुगे। पप तथा हिपहप गायक-गायिकाहरू दीपेशकिशोर भट्टराई, निमा रुम्बा, नारद खतिवडा, बाबु बोगटी, यश कुमार, राजेशपायल राई, प्राश्ना शाक्य, प्रीति कौर, निर्णय श्रेष्ठ, नवीन के. भट्टराई, सुगम पोखरेल, क्रान्ति आले, मौसमी गुरुङ, सविन राई मात्र होइन, सांगीतिक समूह नेपथ्य, १९७४ एडी तथा लोक-कलाकारहरू बुद्धिसागर बस्याल, भगवान् भण्डारी, सिन्धु मल्ल आदि गायक-गायिकाहरू वर्षभरि नै विदेशकै कार्यक्रममा रमाए। यीमध्ये पनि गायिका सिन्धु मल्लले त गत वर्षको आधाभन्दा बढि समय विदेशमै बिताएको बताइन्।

दीपेशकिशोर, बुद्धिसागर, निमा, नवीन पनि विदेश गैरहने गायकको सूचीमा परे। केही वर्षअघिसम्म नेपाली गायक-गायिकाको विदेशको गन्तव्य हङकङसम्म थियो। वैदेशिक रोजगारीमा जाने नेपालीहरू मलेसिया, कतार, साउदी अरब, कुवेत, कोरिया, सिंगापुर, जापान, अमेरिका, क्यानाडा, अस्ट्रिया, बेलायत आदि राष्ट्रसम्म फैलिएकाले नेपाली गायक-गायिकाहरूले ती देशसम्म पुगेर सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने अवसर पाए। खासगरी मलेसिया, कतार तथा हङकङ त नेपाली गायक-गायिकाका लागि पानी-पँधेरो नै भएको छ। देशको अर्थतन्त्रमा नै ठूलो टेवा पुर्‍याएको वैदेशिक रोजगारले गत वर्ष सांगीतिक क्षेत्रलाई पनि ठूलै गुन लगायो।

गत वर्ष रिमिक्सको लहर नै चल्यो। डिजे राजुको जादु डिस्कोथेकमा मात्र होइन, पुराना नेपाली गीत रिमिक्स गर्ने कार्यमा पनि चल्यो। वर्षको मध्यताका बजारमा आएको डिजे राजुको रिमिक्स एल्बमको 'च्याङ्बा होए च्याङ्बा' गीत पछिल्लो छ महिनादेखि चर्चाको शिखरमा छ। अधिकांश डान्सपार्टी मात्र होइन रेडियो, टेलिभिजनदेखि कन्सर्टमा पनि यही गीत सुन्न र हेर्न पाइयो। च्याङ्बाको लोकप्रियतासँगै बृन्दा सिंह मुनालले सिरिमा सिरी, रामचन्द्र काफ्लले हरियो डाँडामाथि, डिजे राजुले नै कान्छी हे कान्छीजस्ता गीत रिमिक्स गरेर श्रोतालाई नौलो स्वाद दिलाए। रिमिक्स गर्ने क्रममा यसअघि सन्तोष सुवेदीले 'मै छोरी सुन्दरी' का क्रममा झेल्नुपरेको विवाद अन्य डिजेहरूले भोग्नुपरेन। रिमिक्स गर्नुअघि सम्बन्धित स्रष्टासँग अनुमति लिइएकाले यो समस्या उत्पन्न नभएको बताइन्छ।

क्यासेट तथा सिडी बिक्रीका दृष्टिकोणले वर्ष २०६२ उत्साहजनक रहन सकेन। राजनैतिक अस्थिरता, बन्द तथा हड्तालका कारण अधिकांश क्यासेट-संग्रहले देशभरिको बजारसम्म पुग्नै पाएनन् भने अर्कातिर अनधिकृत नक्कली सिडीका प्रतिहरू बजारमा उपलब्ध हुन थालेपछि वास्तविक स्रष्टाले ठूलै घाटा बेहोर्नुपर्‍यो। त्यसो त गत वर्ष कलेक्सन एल्बमको पनि लहर चल्यो। बजेट, अक्षर, टुनामुनाजस्ता विभिन्न गायक-गायिकाहरूलाई समेटेर तयार पारिएका संग्रहले सन्तोषजनक व्यापार गरे। आधुनिक संगीतमा आनन्द कार्की, जगदीश समालका संग्रहले औसत व्यापार गरे।

म्युजिक भिडियोको निर्माणमा विविधता देखियो। आलोक नेम्वाङ, भूषण दाहालका म्युजिक भिडियोहरू निकै राम्रा बने। प्राविधिक रूपले समेत स्तरीय म्युजिक भिडियोहरू नेपाली चलचित्रको दाँजोमा अब्बल सावित भए। भिडियोका लागि लोकेसनको समेत सही छनौट हुन थालेपछि संगीतको यो नयाँ विधाले फस्टाउने मौका पायो। त्यसो त एकातिर गीतिसंग्रह सार्वजनिक गरेपछि म्युजिक भिडियो नबनाई नहुने बाध्यात्मक परिस्थिति सिर्जना भयो भने अर्कातिर गीतलाई लोकप्रिय बनाउने माध्यम पनि म्युजिक भिडियो नै बने। यद्यपि लोकदोहोरीका सस्ता भिडियोका कारण यो विधामा पनि गुणस्तरको आवश्यकता महसुस गरियो। म्युजिक भिडियोको बढ्दो संख्यासँगै नेपाली टेलिभिजन च्यानलहरूले पनि आफ्नो प्रसारण घण्टा बढाउने अवसर पाए।

वर्ष २०६२ मा पनि नेपथ्यसहितको शान्ति सङ्गीत यात्राले देशभर एउटा बेग्लै आकर्षण जगायो।




Private
TEST / SLC 063
को लागि कक्षा ९ र १०
भर्ना खुल्यो
STUDENTS OPEN SCHOOL

# एउटा अर्को रक्तरञ्जित वर्ष

समयको अनुहार फेरिने क्रममा वि.सं. २०६२ हामीबाट विदा भएको छ। नेपाली इतिहासमा २०६२ लाई जनाधिकारको हनन, विकास पूर्वाधारहरूको ध्वंस, निरंकुश राज्यसंयन्त्र, अनिर्णित राजनैतिक नेतृत्व, अनियन्त्रित सुरक्षा संयन्त्र आदि कारणले स्मरण गरिनेछ।

वर्षको प्रारम्भ विगत १० वर्षदेखि सशस्त्र जनयुद्धमा होमिएको नेकपा (माओवादी) भित्र देखिएको विवादबाट भएको थियो। उक्त पार्टीबाट वरिष्ठ नेता डा. बाबुराम भट्टराईसहित उनकी श्रीमती हिसिला यमी तथा दिनानाथ शर्मा निष्कासित भएपछि सो पार्टीको विवाद सार्वजनिक भएको थियो। उक्त कारबाही प्रकरणमा माओवादी पोलिटब्युरोका २७ सदस्यमध्ये ८ सदस्य भट्टराई पक्षमा र १३ सदस्य प्रचण्ड पक्षमा देखिएका थिए। यो कुराको खुलासा भएपछि भट्टराईले प्रचण्डलाई दरबारपरस्त भएको तथा प्रचण्डले भट्टराईलाई भारतपरस्त भएको आरोपसमेत लगाए। यो विवादले त्यसबेला मात्र निकास पायो जब भट्टराईलाई पार्टीमा पुनः प्रतिस्थापन गरियो। यो घटनाको झन्डै १० महिनापछि माओवादी पोलिटब्युरोका दुई प्रमुख सदस्य रवीन्द्र श्रेष्ठ र मणि थापा (अनुकूल) ले पार्टी हाइकमान्ड निरंकुश हुँदै गएको, जनयुद्धको घोषित लक्ष्यबाट पलायन भएको र पार्टीभित्र गुट-उपगुट हावी हुन थालेको आरोप सार्वजनिक गरे। उक्त आरोप सार्वजनिक भएको लगत्तै माओवादी पार्टी हाइकमाण्डले ती दुवै केन्द्रीय सदस्यहरूलाई पार्टीबाट निष्कासन गर्‍यो।

वर्षको अर्को ठूलो घटनाका रूपमा राजाबाट गठन गरिएको भ्रष्टाचार नियन्त्रण शाही आयोगको विघटन रहयो। फागुनको पहिलो साता सर्वोच्च अदालतमा परेको एक रिट निवेदनमाथि फैसला सुनाउँदै सर्वोच्च अदालतले उक्त शाही आयोग नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नरहेकाले असंवैधानिक भएको ठहर गर्दै शाही आयोगलाई खारेज गर्‍यो। शाही आयोगको खारेजीसँगै शाही आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा पक्राउ गरेको पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा तथा पूर्वमन्त्री प्रकाशमान सिंह जेलमुक्त भए। देउवा र सिंहले सुरुदेखि नै शाही आयोगद्वारा लगाइएको अभियोगलाई अस्वीकार गर्दै आयोगद्वारा माग गरिएको धरौटीमा छुट्नुभन्दा जेलमै बस्नुलाई स्वीकार गरेका थिए।

मुलुकले विगत एक दशकदेखि बेहोर्दै आएको हिंसात्मक द्वन्द्वलाई निकास दिन राजनैतिक दलहरूले यसै वर्ष ठोस प्रयासको थालनी गरे। जसअनुसार सबैभन्दा पहिले नेकपा (एमाले) तथा युद्धरत माओवादीबीच कात्तिकको अन्तिम साता ८ बुँदे सम्झौता भयो। त्यसको लगत्तै मंसिर ८ गते भारतको राजधानी नयाँदिल्लीमा नेकपा (एमाले), नेपाली कांग्रेससहित मुलुकका सात प्रमुख राजनैतिक दलहरूबीच मुलुकमा स्थायी शान्ति स्थापनाका लागि १२ बुँदे समझदारी कायम भयो। यो समझदारीप्रति नेपाली कांग्रेस (प्रजातान्त्रिक) का नेता शेरबहादुर देउवाले जेलमुक्त भएको लगत्तै केही बुँदाहरू प्रजातान्त्रिक मान्यताविपरीत रहेको बताउँदै असन्तोष व्यक्त गरे। यसबीच १२ बुँदे समझदारीको आलोचना गर्दै नेपालका लागि अमेरिकाका राजदूत जेम्स एफ. मोरियार्टीले माओवादीसँगको सात राजनैतिक दलको गठबन्धन घातक हुनसक्ने बताए। सात राजनैतिक दल तथा माओवादीबीच उक्त समझदारी अहिले पनि कायमै छ र उनीहरू मुलुकलाई राजनैतिक संकटबाट निकास दिन सोही समझदारीका आधारमा अघि बढिरहेका छन्।

वि.सं. २०६२ मा सरकारले कथित नगर निर्वाचनको नाटक मञ्चन गरेर अन्तर्राष्ट्रिय रूपमा नेपालको घोर बेइज्जति गर्‍यो। देशभरिका ५८ नगरपालिकाका लागि बहुदलीय आधारमा गरिएको उक्त निर्वाचनलाई मुलुकका सबै प्रमुख राजनैतिक दलहरूले बहिष्कार गरे, तर पनि सरकारले नगर निर्वाचनलाई आफ्नो प्रतिष्ठासँग जोडेर जसरी भए पनि सम्पन्न गराउने अडान लियो। सोही अडानअन्तर्गत भएको उक्त नगर निर्वाचन ५८ नगरपालिकाहरूमध्ये ३६ नगरपालिकाका केही पदका लागि मात्र हुन सक्यो। उक्त नगर निर्वाचनमा सरकारले नै २० प्रतिशतको हाराहारीमा मतदान भएको स्वीकार गर्‍यो। उक्त नगर निर्वाचन कतिसम्म बेइज्जतिपूर्ण थियो भने कतिपय नगरपालिकामा मतदान प्रतिशत १० प्रतिशतभन्दा कम थियो, तर पनि सरकारले उक्त निर्वाचनलाई प्रजातन्त्र पुनर्बहालीको बाटोमा एउटा उपलब्धि भएको घोषणा गर्‍यो। यसै वर्ष नेपालको प्रमुख राजनैतिक दल नेपाली कांग्रेस तथा नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले आ-आफ्ना महाधिवेशन सम्पन्न गरे। नेपाली कांग्रेसको महाधिवेशनले एकपटक फेरि पार्टी सभापति गिरिजाप्रसाद कोइरालाकै नेतृत्वमा विश्वास प्रकट गर्‍यो भने अर्कातिर नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले पनि सभापति शेरबहादुर देउवाकै नेतृत्वमा विश्वास प्रकट गर्‍यो।

विगत १० वर्षदेखि चलिरहेको माओवादी हिंसात्मक जनयुद्ध यो वर्ष अझ चर्कियो। यो वर्ष माओवादीहरूले कैलालीको मसुरिया, चितवनको माडी, भोजपुर, अर्घाखाँची, कालिकोटको पिली, काठमाडौंको थानकोट, साँखु, ललितपुरको लुभु, काभ्रेपलान्चोकको ठोकर्पा, पाल्पा, इलाम, सर्लाही, बुटवल, कपिलवस्तु आदि ठाउँमा आक्रमण गरेर आफ्नो लक्ष्य र गन्तव्य स्पष्ट रहेको जनाउ दियो। ती आक्रमणहरूमा ठूलो संख्यामा सुरक्षाकर्मी, सर्वसाधारण नागरिक एवं स्वयम् माओवादीहरूसमेत मारिए। ती घटनाहरूले राजाको प्रत्यक्ष शासनमा माओवादी हिंसा र राज्य पक्षको हिंसा दुवै चुलिएको र दुवै पक्ष शक्तिको उन्मादमा रहेको तथ्य प्रमाणित भयो। ती घटनाहरूले सरकारी सञ्चारमाध्यमबाट प्रसारित हुँदै आएको राजाको प्रत्यक्ष शासनमा माओवादीहरू क्रमशः कमजोर हुँदै गएका छन् भन्ने आशयका समाचारहरूको पोलसमेत खोलिदियो। माओवादी आक्रमणहरू झन्झन् सबल हुँदै गएको देखिएपछि सरकारले फागुनको अन्तिम साता माओवादी नेता तथा कार्यकर्ताहरूलाई आत्मसमर्पण गराउन ठूलो आर्थिक प्रलोभनलाई आफ्नो प्रस्तावका रूपमा अगाडि सार्‍यो। सरकारको यस्तो प्रयासलाई माओवादी पक्षले कुनै महत्त्व दिएन। यसै वर्ष माओवादीहरूले भदौ १६ गतेदेखि ४ महिनाका लागि आफ्नातर्फबाट एकतर्फी युद्धविरामको घोषणा गरेर मुलुकमा शान्ति स्थापनाका लागि आफूहरू गम्भीर रहेको जनाउ दिए। उक्त युद्धविरामको घोषणालाई सरकारले एउटा अवसरका रूपमा लिनुको सट्टा त्यसलाई माओवादीहरूको पराजित मानसिकताका रूपमा व्याख्या गरेर मुलुकले बेहोरिरहेको संकटलाई अझ घनिभूत बनायो।

आफ्ना तर्फबाट प्रस्तुत गरिएको युद्धविरामको घोषणालाई सरकारले बेवास्ता गरेपछि माओवादीहरूले पनि मंसिरको अन्तिम साता युद्धविरामलाई थप लम्ब्याउन गरिएको आम आग्रहको बेवास्ता गर्दै युद्धविराम भंग भएको घोषणा गर्‍यो। पुसको पहिलो साता राजधानी काठमाडौंलाई केन्द्रमा लक्षित गरेर आफ्नो नयाँ युद्ध रणनीति युद्ध रणनीति 'ढाडमा टेकेर टाउकोमा हान्ने' लाई सार्वजनिक गरे। उक्त रणनीतिअन्तर्गत माओवादीहरूले फागुनको अन्तिम सातादेखि मुलुकका सबै जिल्ला सदरमुकामहरूमा नाकाबन्दी लगाउने घोषणा गरे। उक्त नाकाबन्दीपछि आमजनताको सार्वजनिक जीवन अप्ठ्यारोमा परेको अनुभव गरिएपछि सात राजनैतिक दलले माओवादीसमक्ष नाकाबन्दी फिर्ता लिन आग्रह गरे। माओवादीहरूले पनि चैत १० गतेदेखि उक्त नाकाबन्दी फिर्ता लिएर सात राजनैतिक दलको आन्दोलनलाई सघाउने आफ्नो नयाँ रणनीति सार्वजनिक गरे।

मंसिरको अन्तिम साता राजाले आफ्नो नेतृत्वमा रहेको मन्त्रिपरिषद्मा व्यापक पुनर्गठन गरे। उक्त पुनर्गठनपछि कमल थापा, केशरबहादुर विष्ट, नारायणसिंह पुन, बुद्धिमान तामाङजस्ता व्यक्तिहरूले मन्त्रिपरिषद्मा स्थान पाए भने सोही पुनर्गठनका कारण राजावादीको आरोप खेप्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी विभाजित भयो। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विभाजित अर्को पार्टीलाई निर्वाचन आयोगले मान्यता प्रदान गर्‍यो। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विभाजित अर्को पार्टीको नेतृत्व गृहमन्त्री नियुक्त कमल थापाले गरे।

यसै वर्ष मुलुकका कानुन व्यवसायीहरूले आफ्नो दसौं राष्ट्रिय सम्मेलन गर्दै मुलुकले वर्तमानमा बेहोरिरहेको संकटको निकासका लागि संविधानसभाको माग गरेर राज्यपक्षलाई थप अप्ठ्यारोमा पारे। यसै वर्ष मुलुकले बर्डफ्लु नामक रोगको सन्त्रास पनि बेहोर्नुपर्‍यो। चराबाट फैलिने बर्डफ्लु औपचारिक रूपमा नेपालमा भेटिएको पुष्टि नभए पनि त्यसले नेपालका कुखुरापालक किसानहरूको ठूलो आर्थिक क्षति गरायो। लगभग १६ अर्बभन्दा बढी लगानी भएको नेपालको कुखुरापालन उद्योग लगभग घरायासी भयो। यसबीच सरकारले विदेशबाट कुनै पनि किसिमको पन्छी एवं पन्छीजन्य वस्तु नेपाल भित्र्याउन प्रतिबन्ध लगायो।

मंसिर १६ गते श्री ५ युवराजाधिराज पारसवीरविक्रम शाहदेवको सवारी साधनमाथि काठमाडौंको मीनभवनमा ढुंगा प्रहार गरियो। मौसुफ सरकार विदेश भ्रमणपछि स्वदेश फिर्ता होइबक्सेका श्री ५ महाराजाधिराज सरकारको फिर्ती सवारी गराउने क्रममा होइबक्सियो। यो घटना सुरक्षा निकायले पूर्वनिर्धारित सवारी रुटको प्रयोग नगरेका कारण घट्न पुगेको प्रतिवेदन घटना छानबिन समितिले दिएको थियो। यसै वर्ष काठमाडौं उपत्यकामा ३८ वर्षपछि दिपंखा यात्रा नामक धार्मिक कार्यक्रम सम्पन्न गरियो। उक्त दिपंखा यात्रामा उपत्यकाका एक लाखभन्दा बढी बौद्ध तथा हिन्दू धर्मावलम्बीहरू सहभागी भए।

एउटा ठूलो प्राकृतिक दुर्घटनाका रूपमा यो वर्ष कपिलवस्तुको बाणगंगा नदीमा डुंगा पल्टियो। उक्त दुर्घटनामा परेर ६८ भन्दा बढी नेपालीले ज्यान गुमाए। त्यसैगरी यसैवर्ष त्रिशूली नदीमा काँकडभिट्टाबाट काठमाडौंतर्फ आइरहेको बस त्रिशूली नदीमा खस्दा ३८ जनाले आफ्नो ज्यान गुमाए। पूरा वर्ष रक्तरञ्जित रहेको घटनाक्रमहरूको पटाक्षेप वर्षको अन्त्यमा चैत २४ गतेदेखि २७ गतेसम्म ७ प्रमुख राजनैतिक दलहरूले आयोजना गरेको आमहड्तालबाट भयो।

**वर्ष २०६२ मा केही प्रमुख विदेशी विशेष दूतहरूले नेपालको भ्रमण गरे। यसरी नेपाल भ्रमण गर्ने पहिलो व्यक्ति संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानका विशेष दूत लख्दर ब्राहमी थिए। असारको अन्तिम साता काठमाडौं आइपुगेका लख्दर ब्राहमीले आफ्नो नेपाल भ्रमणका क्रममा राजासँग लामो भेटघाट गरे। उक्त भेटघाटका क्रममा ब्राहमीले राजालाई संसदवादीहरूसँग वार्तामार्फत मुलुकको राजनैतिक संकटको निकास खोज्न सल्लाह दिए। त्यसैगरी नेपाल भ्रमण गर्ने अर्का व्यक्तित्व चीनका स्टेट काउन्सिलर तानजिया सुयाङ थिए। सुयाङले चैतको पहिलो साता गरेको नेपाल भ्रमणका क्रमका चीनको परम्परागत नेपाल नीतिमा केही परिवर्तन आएको महसुस गरियो। सुयाङले पनि राजालाई राजनैतिक दलहरूसँग संवादमार्फत मुलुकको संकटको निकास खोज्न सल्लाह दिए। यसबीच बेलायतको संसदीय टोलीले पनि नेपालको भ्रमण गरेर नेपालको अवस्थाको अध्ययन गर्‍यो। उक्त अध्ययनपछि सो टोलीले पनि राजालाई राजनैतिक दलहरूसँग संवाद गरेर नै नेपालको समस्याको छिनोफानो गर्न सल्लाह दियो। त्यसैगरी नेपाल आएको अन्तर्राष्ट्रिय मिडिया मिसनले नेपालमा प्रेस स्वतन्त्रता बहालीमा जोड दियो।**

खुशीको खबर !! खुशीको खबर !!

प्राइभेट Test/S.L.C.
Private Test/S.L.C.
and Computer, Language / Tuition Classes
EVEREST Educational Centre
Jamal, Kathmandu
Ph.: 4224838

होटल तालिम

होटल तालिम
आगमन होटल ट्रेनिङ 4352846

English

खुशीको खबर !! खुशीको खबर !!

**शान्ति र प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता**

# आशाको झिल्को

वर्ष २०६२ हामीबाट बिदा भएको छ । बिदा हुँदाहुँदै वर्ष २०६२ जसरी आहत भयो त्यसबाट मर्माहत भएका नेपाली जनताले नयाँ वर्ष २०६३ लाई उत्साहका साथ स्वागत गर्ने परम्परागत संस्कारलाई समेत बिर्सिए । राजनैतिक दलहरूले मुलुकमा लोकतन्त्र स्थापनाका लागि आह्वान गरेको आमहड्तालका कारण सरकारले चैतको अन्तिम साता आन्दोलनकारीहरूमाथि व्यापक रूपमा दमन गर्दै निषेधाज्ञा (कर्फ्यु) जारी गरेपछि नयाँ वर्षको आगमन ओझेलमा परेको हो । पात्रोहरू फेरिइरहन्छन्, नयाँ वर्ष आउँछ, जान्छ । मानिसले पात्रो प्रयोग गर्न थालेदेखि नै यो क्रम निरन्तर चलिरहेको छ, तर वर्ष २०६२ का अन्तिम दिनहरूले अधिनायकवादीहरूको व्यापक दमनका बाबजुद नेपाली जनतामा सुखद् भविष्यप्रति जुन आशा जगाएको छ, त्यो आशाको तुलना यसअघिका कुनै पनि नयाँ वर्ष आगमनको पूर्वसन्ध्यामा नेपाली जनताले महसुस गरेका थिएनन् । अहिले अधिकांश नेपाली नयाँ वर्षको खुसीमा भन्दा लोकतान्त्रिक आन्दोलनको गति कस्तो छ भन्ने कुराको लेखाजोखामा व्यस्त छन् । भनिन्छ, मानिसले चाहने हो भने यो संसारमा कुनै पनि वस्तु अप्राप्य छैन । जहाँ मानिसका चाहनाहरू कुनै वस्तु प्राप्तिका निम्ति सलबलाउँछन् त्यहाँ त्यो वस्तु प्राप्तिका आधारहरू, बाटोहरू स्वभाविक रूपमा आफैं निर्माण हुँदै जान्छन् । अहिले नेपाल राज्य स्थापना भएको २ सय ६२ वर्ष लामो इतिहासमा पहिलो पटक नेपाली जनता समावेशी लोकतन्त्रको चाहना लिएर निरंकुशताका विरुद्ध सडकमा छन् । वर्षौंवर्षदेखि थाँती रहेका नागरिक अधिकारसँग सम्बन्धित कतिपय मुद्दा मुखर भएर देखा परेका छन् । शताब्दीऔंदेखि नागरिक भनेका शासकवर्गका रैति हुन्, शासकवर्ग नै देशका मालिक हुन् भन्ने कथित मान्यताका पर्खालहरू अहिले नेपाली जनताले भत्काइसकेका छन् । लोकतन्त्र प्राप्तिका लागि देखाइएको नेपाली जनताको यस्तो अदम्य साहस र उत्कट चाहना नेपाली इतिहासमा यसअघि कहिल्यै देखिएन । वर्ष २०६२ ले आम जनमानसमा विस्तार गरेको भावना भनेकै लोकतन्त्र हो । यस्तो भावना विस्तारको साक्षी बनेको वर्ष २०६२ लाई हामी नेपालीले सदा स्मरण गरिरहनेछौं ।

नेपाली जनतामा लोकतन्त्रको भावना विस्तार गरे पनि माघ १९ का निरंकुश कदमहरूको नकारात्मक छाया वर्ष २०६२ मा नेपाली समाजका हरेक क्षेत्रमा समान रूपले पऱ्यो । मुलुकको राजनीतिलाई एउटा व्यक्तिको पेवाका रूपमा परिभाषित गर्न खोजियो । मुलुकका आर्थिक स्रोतहरूलाई एउटा परिवारको सम्पत्तिका रूपमा रूपान्तरण गर्न खोजियो । मुलुकको सामाजिक संरचनालाई एउटा वर्गको पूजा गर्नुपर्ने संयन्त्रका रूपमा व्याख्या गर्ने दुस्साहस गरियो । यस्ता परिभाषा, रूपान्तरण र व्याख्याका आधारमा एउटा सानो जमातले मुलुकलाई एउटा विशाल झ्यालखानामा परिणत गर्ने दुस्साहास पनि २०६२ मै गऱ्यो । समानता, स्वतन्त्रता एवं मानिसका नैसर्गिक अधिकारहरूले विश्वव्यापी रूपमा नयाँ परिभाषाहरू पाइरहेको आजको विद्युतीय युगमा नेपाली जनतालाई संकीर्ण मानसिकताको एउटा सानो घेराको दासमा परिणत गर्ने दुस्साहस पनि २०६२ मै भयो । २०६२ मा एउटा वर्गविशेषले नेपाली जनमानसलाई जुन किसिमले आर्थिक, राजनैतिक, सामाजिक तथा धार्मिक रूपमा व्याख्या गर्न खोज्यो, त्यसैको परिणतिका रूपमा नेपाली जनमानस आफ्नो अधिकारको खोजी गर्दै सडकमा एउटा हुरीको आवेगमा परिणत भयो । आफ्नो व्यक्तिगत स्वतन्त्रता, समूहगत विश्वास एवं सामाजिक कर्तव्य निर्वाहका लागि अहिले नेपाली जनता जागेका छन् । भनिन्छ, सबै किसिमका नागरिक अधिकारको स्रोत राजनैतिक अधिकार नै हो । आफूमाथि आफैंले वा कुनै खास विचारले कसरी शासन गर्नुपर्छ भन्ने कुरा जनताको छनौटभित्र पर्छ । आफ्ना लागि सुहाउँदो राजनैतिक विचारलाई मुलुकको जिम्मेवारी सुम्पनका लागि अहिले नेपाली जनता आन्दोलनरत छन् । नेपाली जनताको अहिलेको आन्दोलनले नै नेपालको भावी पुस्ताले कस्तो वातावरणमा, कस्तो राजनैतिक परिवेशमा आफूलाई पाउनेछन् भन्ने कुराको निर्धारण गर्नेछ ।

अहिले नयाँ वर्षको यो पलमा नेपाली जनताले चाहना गरेको राजनैतिक इच्छाशक्ति नै नेपालीहरूको भविष्य तथा उनीहरूको भाग्यरेखा कोर्ने एउटा आशाको झिल्को भएको छ । माघ १९ पछि नेपाली जनतामा देखापरेको स्वतन्त्रताप्रतिको यस्तो चाहनाले निश्चित रूपमा नेपाली जनतालाई सुखद् भविष्यको बाटोतर्फ डोऱ्याएको छ । त्यो बाटोले हामीलाई जुन गन्तव्यमा पुऱ्याउनेछ, त्यहाँ नागरिक अधिकारहरू स्पष्ट रूपमा कसैले मेट्न नसक्ने गरी ढुंगामा कुँदिएका हुनेछन् ।

# बुद्ध जन्माउने आमालाई पर्खिरहेछु


डा. डी. पी. भण्डारीसँग

यो लघु लेख सुरु गर्ने क्रममा शीर्षक छान्ने संघर्षमा थिएँ म केही कालसम्म । रेडियो सगरमाथामा सुलोचना मानन्धर नेपालका कुनै कवि-कवयित्रीहरूजस्तै कल्पिरहनुभएको रहेछ : मायादेवीको पुनर्जन्म भइदिएको भए कति शुभ, कति सौभाग्य, कति शान्तिको सम्भावना थियो : नयन मुदित मुद्रामा म दस मिनेटजति ध्यानस्थ भएँ । वस्तुतः त्यो ध्यान थिएन- कोलाहलपूर्ण स्मृति-शृङ्खलामात्र थियो । सबैथरिका बुद्धकामीहरूको जमात स्मृतिभित्र सानोतिनो जुलुस भएर आयो : कुनै कविहरू, कुनै कवयित्रीहरूका बुद्ध जन्माउने कविता-कथ्यहरू पनि सम्झनामा पुनर्जीवित भएर आए । यद्यपि यो विषयमाथि पहिले पनि मैले चर्चा नगरेको होइन । आजको कोण पहिलेको भन्दा केही भिन्न होला कि भन्ने आशामा पुनः बुद्धप्रेमीहरूको उत्कट वासनामाथि मनन गर्न मन लाग्यो । बुद्ध मेरो अति नै प्रीतिकर बिम्ब, शक्तिशाली प्रेरणाका विपरीतप्रतिको आकर्षण मानवजातिको सनातन स्वभाव हो । बुद्धको आलोक, आभामण्डल हामीहरूको अस्तित्वको एकदमै उल्टो गोलार्द्धको सत्य हो । क्षणिक रुमानी भावोछ्वासमा हाम्रा तरलचित्त कविहरू बुद्ध जन्माउन चाहन्छन् । एक क्षणिक भावोन्मेष प्रकट गर्नुमा पनि क्षणिक विरेचनानुभूति हुन्जेलसम्म ठीक छन् यस्ता कवि-मुद्राहरू । धेरैपटक धेरैले उस्तै भाषा, बिम्ब र शैलीमा आफ्नो काव्यात्मक अभिव्यक्ति दियो भने त्यो कथ्य र व्यञ्जना कति रोचक, कति पट्यारलाग्दो हुन्छ होला बुद्धावतार-आकांक्षीहरूलाई आ-आफ्नो सीमाभित्र कति थाहा छ, कति छैन म ठम्याउन सक्ने स्थितिमा छैन, हाम्रा कविहरूको समग्र स्वरूप हेर्दा कल्पनासम्म गर्न सकिन्छ । साढे पच्चीस सय वर्ष पुरानो अवतारको पुनर्अवतरण खोज्नु काव्यात्मक उडान हो, यथार्थ होइन, सत्य होइन । मुक्तात्माहरूको, ज्ञानीहरूको, बुद्धहरूको पुनर्जन्म, पुनर्अवतरण हुँदैन । संसारका सबै कवि र अकविहरूले एकैसाथ वृन्द-गान गाए पनि, सामूहिक प्रार्थना गरे पनि बुद्धको पुनर्जन्म असम्भव छ । अरू कुनै नर वा नारी जन्मन सक्छ जो तपस्या वा सहज बोधबाट मोक्ष वा मुक्ति प्राप्त गर्न सक्छ, तर त्यस्तो मुक्तात्माको राजनीति, राजा, राजनीतिकर्मीहरूसित कुनै सरोकार हुँदैन । अरू त अरू हाम्रो देशका ज्यानमारा, घूसखोर, चाटुकार, अवसरवादीजस्ता खतरनाक जन्तुहरूप्रति पनि मुक्तात्माहरू करुणावान् भइदिनुहुन्छ । डाँकाहरूको देशमा बुद्ध जन्माउनुको कुनै अर्थ छैन । त्यसैले म नेपाली कवयित्रीहरूलाई सल्लाह दिन चाहन्छु कि तपाईंहरू बुद्ध जन्माउने प्रयासमा नलाग्नुहोस् ।

म हेरिरहेछु गत चालीस वर्षदेखि नेपाली काव्यजगत्को ऊर्वर कल्पना र उदार वासनालाई । गोपालप्रसाद रिमालदेखि आजसम्मका कवि-कवयित्रीसम्म । कोही लेनिन, कोही नेहरू, कोही गान्धी जन्माउन चाहिरहेका देखिन्छन् । बुद्धको नाम सर्वाधिक बढी आएको छ । काव्यको रुमानी चित्तदशामा कविका खुट्टा जमिनमा हुँदैनन् । भावुकताको बतास यति प्रभावशाली हुन्छ कि हाम्रा कविहरू यथार्थसित निभ्रान्त हुनेखालले विच्छेदित भैदिन्छन् । बुद्धको त कुरै छाडौं गान्धी जन्माउनु पनि अकल्पनीय कष्टलाई आमन्त्रण दिनु हो । गान्धी कट्टर शाकाहारी, पढाइमा कमजोर, देख्नमा लुरे प्रारम्भमा । पछि परिवारको वास्ता नगरेर दक्षिण अफ्रिकाका स्वदेशीहरूको अधिकारका लागि र भारत फर्किएपछि स्वदेशको स्वतन्त्रताको लागि नानाथरिका यातना भोगिरहने सन्तान कति आमाबाबुहरूलाई मन पर्छ ती गान्धी जन्माउन चाहने कविहरूले आफ्नो वास्तविक अन्तःकरणलाई सोधे भने स्वतः उत्तर पाउनेछन् । यथार्थमा डाक्टर, इन्जिनियर, पैसा कमाउने व्यापारी, कर्मचारी वा मन्त्रीको इच्छा पालिराख्ने उता कवितामा बुद्ध र गान्धीको नाम लिने । म दोहोऱ्याइदिऊँ : जुन दिन तिनीहरूको छोरा बुद्धत्व पाउने मार्गमा जानेछ त्यो दिन तिनीहरूको घरभित्र कति रुवाबासी होला सजिलैसित कल्पना गर्न सकिन्छ । त्यो बुद्धमार्गमा जाने पुत्रलाई केही गरी रोक्न सकेनन् भने ती कवयित्रीहरू, कविहरू, गुवाज्यू, झाँक्री, धामी वा कुनै चटके जोगीकहाँ रुँदै धाउनेछन् - मेरो छोरो बिग्रियो भन्दै र भएजतिका देवीदेवताहरूलाई भाकल गर्नेछन् । वास्तवमा ती चाहन्तेहरू बनिबनाउ साठी-सत्तरी वर्षको बुद्ध शिशु भएर तिनीहरूको गर्भबाट जन्मोस् र भोलिपल्टदेखि नै बुद्धको जस्तै कीर्ति फैलियोस् भनिठान्छन्, चाहन्छन् । कविको इच्छा र परमात्माको इच्छामा वर्णनातीत फरक हुन्छ । ठीक छ बुद्ध जन्माउन चाहनु- पाप गर्नु बराबर होइन । इच्छा पुनीत देखिन्छ, पूर्वाधारहरू दुर्बल देखिन्छन् ।

फेरि बुद्धको शान्ति र हाम्रो शान्तिमा, शान्तिको धारणा र अनुभूतिमा आकाश-जमिनभन्दा पनि अनन्त गुणा फरक छ । बुद्धको स्थितिमा जस्तै विपत्ति, जस्तै आपत्ति आए पनि अशान्ति आउन सक्दैन । हामीहरू कागको कराइ, कुकुरको भुकाइबाट पनि अस्थिर हुन सक्छौं । स-साना आकर्षण र तुच्छतम प्रलोभनहरू पर्याप्त छन् हामीहरूलाई अशान्त बनाउन । बुद्धको शान्तिको कामना गरेर मात्र त्यो हाम्रो देशको भ्रष्टाचार, डकैती, तस्करी, आतंक, हत्या, पदलोलुपता, पदनिसृत दम्भको वायुमण्डलमा आउन सक्दैन, आइहाले केही पवित्र, उर्ध्वोन्मुख आत्माहरूमा आउन सक्छ जसको बारेमा हामीलाई अत्तोपत्तो थाहा हुन सक्दैन । काव्यिक उद्गारका लागि बेठीक सुनिँदैन बुद्ध जन्माउने इच्छा, बुद्धको शान्तिको अभिलाषा । काव्यमा सधैं सम्भवको मात्र कुरा हुँदैन, अक्सर असम्भवकै कुरा हुन्छ । तर तरिका, ढंग अथवा शैली मिल्यो भने माधुर्य, मिलेन भने बासी ध्वनिहरूको कर्कश ताण्डव । 'बुद्ध जन्माउने आमालाई पर्खिरहेछु' । पर्खनुमा कुनै आपत्ति छैन । प्राप्तिभन्दा पर्खनुमा मजा आउँछ- त्यसैले ठीक छ । बुद्ध जन्माउने आमाहरू त बुद्धलाई वा सिद्धार्थलाई जन्म दिएर मृत्युवरण गरिहाल्छन् । बुद्ध जन्माउने प्रेमक्रीडा, पर्यावरण कस्तो थियो होला अहिलेसम्म– मेरो सूचनाको सीमाभित्र- कुनै पाश्चात्य र पूर्वीय कविले विस्मय गरेको भेटाएको छैन । जन्माउने कर्मको प्रविधि र शैलीको आफ्नै महत्त्व छ । भ्रष्टाचारीहरू जाँड खाएर, राजनैतिक खेलाडीहरू, क्रोध, दम्भ, कुटिलता, घूसराशिको प्रभावमा प्रेमपूर्ण भएर कस्ता प्राणीहरूलाई जन्म देलान् ?

हामीले आफैं घोषित गरेअनुसार हामी बुद्ध जन्मेका देशका मानिस हौं । कति सजिलो घोषणा छ हाम्रो । बुद्ध-भूमिमा जन्म लिनेहरू कसरी अहिले यो सानो देशसित दुर्व्यवहार गरिरहेका छन् ? कसरी शक्तिका लागि हत्या र हिंसाका कारक बनिरहेका छन्, कसरी देशलाई लुटिरहेका छन् ! कुन किसिमको विपत्ति हाम्रो इतिहासको यो पलमा, एक्काइसौं शताब्दीको यो घडीमा हामीलाई चुनौती दिँदैछ ? बुद्ध जन्मेको भूखण्डका नरनारी अहिले सर्वाधिक आशातीत, व्यथित र गन्तव्यशून्य देखिन्छन् । कविज्यू ! पर्खनैपर्ने भए बुद्ध जन्माउने आमालाई मात्र पर्खेर हुँदैन, बुद्ध जन्माउने बाबुलाई पनि पर्खनुपर्ने हुन्छ । अनिमात्र कविताको अर्थ स्पष्ट हुन्छ । यो घडीमा सोच्दा त यो बुद्ध जन्मेको भूखण्ड अभिशप्त छ कि जस्तो लाग्छ । हाम्रो राष्ट्रिय इतिहास पनि बक्रताबाट मुक्त छैन । संकीर्ण सिद्धान्तका नाममा नेपालीहरू निपट अन्धकारमा खसिरहेका छन् । कुनै आफ्नै हठभित्र अरू दयनीय रूपले खुम्चिरहेका छन् । यस्तो स्थितिमा बुद्धको प्रकाशको याद आउनु अस्वाभाविक होइन । तर....

– पो.ब.नं. २९७४



## चिठी पत्र

### नयाँ वर्षका लागि सात सुझाव

यो वर्षले पनि सधैंजस्तै नयाँ उमंग, उत्साह र खुसीहरू उपहार लिएर आएको छ । आफ्नो जिन्दगी अरू बढी रमाइलो र राम्रो बनाउने इच्छा सबैको हुन्छ । हरेक व्यक्तिले नयाँ वर्षले आफ्नो जिन्दगीमा खुसी ल्याओस् भन्ने कामना गर्छ । नयाँ वर्षको अघिल्लो रात आफ्नो परिबारसँग होटलतिर गएर रमाइलो गर्दा परिबारलाई नै आनन्दको महसुस हुन्छ । त्यस्तै होटलहरूले पनि आकर्षक प्याकेजका साथ ग्राहकहरूलाई आकर्षित गर्छन् ।

रमाइलो र मस्तीमा मानिसहरू आउने रमाइलो तथा सुखद भविष्यको कल्पनामा डुब्छन् । आफ्नो जीवन राम्रो बनाउन नयाँ वर्षको पहिलो दिन कुनै न कुनै संकल्प लिन्छन् र त्यसलाई पूरा गर्ने प्रयास गर्छन् । कसैले त्यो संकल्पलाई वर्षभरि नै लागू गर्छन् भने धेरैले त्यसलाई बीचमै छोडिदिन्छन् । यदि नयाँवर्षको पहिलो दिन आफ्नो नराम्रो बानी छाडेर अर्काको अनुहारमा हाँसो ल्याउन सके त्यो नयाँ वर्ष मनाउनुको सार्थक हुनसक्छ । नयाँ वर्षको उपलक्ष्यमा कमसेकम एक दिनका लागि भए पनि अरूका लागि केही गर्न सक्यौं भने जीवनकै सबैभन्दा ठूलो उपलब्धि हुन सक्छ ।

**त्यसका लागि केही सुझाव**

- श्रीमान्‌ले एक दिनका लागि मात्र भए पनि श्रीमतीको काम सघाउनुपर्छ। रोमान्टिक भएर उनको जिन्दगीमा आज पनि श्रीमतीका लागि खास ठाउँ छ भन्ने महसुस गराउनुपर्छ । यो दिन टेलिभिजनमा कुनै खेलकुद कार्यक्रम तथा पत्रिका हेरेर लठ्ठ पर्ने होइन ।
- श्रीमतीले पनि श्रीमान्‌लाई एक दिनका लागि मात्र भए पनि नसिराई जति पटक चिया माग्छन् त्यतिपटक खुसी र मायाले चिया दिनुपर्छ । श्रीमान्‌को चाहनाअनुसार मनपर्ने खानेकुरा बनाएर ख्वाउने, उनलाई मन पर्ने पहिरन लगाउने, उनलाई मनपर्ने ठाउँमा घुम्न जाने वा उनलाई मनपर्ने चलचित्र हेर्ने ।
- कामकाजी महिलाले पनि कमसेकम एक दिनका लागि मात्र भए पनि अफिस नगई आफ्ना बालबच्चासँग समय बिताउने । उनीहरूसँग त्यस दिन स्कुलका गतिविधिहरू सोध्ने तथा उत्साहका साथ उनीहरूको कुरा सुन्ने । बालबालिकाहरूलाई गाली नगरी उनीहरूको चकचकलाई पनि रमाइलो मानेर हेर्ने ।
- बुहारीहरूले एक दिनका लागि मात्र भए पनि सासूसँग बसेर पुराना घटना सम्झनुपर्छ । दुवै सँगै बसेर खाना खाने । सासूको बिरामी र रोगका सम्बन्धमा आत्मीय भावनाले जानकारी लिने ।

कमसेकम एक दिन भए पनि आफ्ना खराबीहरू चिन्ने तथा जिन्दगीमा आउने यी खराब पक्ष हटाएर मानवजातिको भलाइमा लगाउने । आफ्ना कामहरूले कुनै व्यक्तिको भलाइका लागि कमसेकम एक कदम भए पनि अगाडि बढे नयाँ वर्ष मनाउनुको सार्थकता रहनेछ ।

– अरुणा भट्टराई


### नव वर्षको शुभकामना

–प्रेमप्रसाद पौडेल

आऊ स्नेह तिमी लिएर किरणै नेपाल धर्तीभरि
नौलालीसँगमा फिंजाई अभिमान् मिठास नौलो छरी
जे-जस्ता कठिनाइमा पनि सदा रच्दै नयाँ भावना
पालूवा बनी आउ लोकभरिमा लाखौं शुभैकामना ।

ठूलो उत्सव साथमा सुदिनमा शान्तिको सन्धी गर
विकास्का अनुरागका र लचिलो श्रृंगार भर्दै गर ।
राख्दै स्वच्छ सधैं विचार मनमा सत्कर्मको भावना
पालूवा बनी आउ लोकभरिमा लाखौं शुभैकामना ।

पार्दै निर्मूल कालरात्रि जगमा नौलो बिहानी छरी
शान्तिका प्रतीकै गराई बलियो नौलाख माया छरी ।
चारै जात्का फूलबारीका फूल बनी गर्दै सदा सामना
पालूवा बनी आउ लोकभरिमा लाखौं शुभैकामना ।


CAMBRIDGE
BRIDGE
COURSE 2006
for
SLC
Admissions Open
CAMBRIDGE
INSTITUTE
www.cambridge.edu.np


# विवाद नै विवादमा बित्यो वर्ष

वर्ष २०६२ मा थुप्रै विषय विवादमा आए । यस्ता विवादको शिखरमा रह्यो नेपाल बार एसोसिएसन र सर्वोच्च अदालतका प्रधान न्यायाधीशहरूबीच एक अर्कालाई बहिष्कार गर्ने हदसम्म चुलिएको विवाद । सर्वोच्च अदालतमा चार जना अस्थायी न्यायाधीशको नियुक्तिपछि बार र बेन्चबीचको उक्त विवाद नसुल्झिने चरणसम्म तानिएको थियो । पुस १८ गते बसेको बारको एउटा बैठकले प्रधान न्यायाधीश दीलिपकुमार पौडेल तथा नवनियुक्त न्यायाधीश पवनकुमार ओझा दुवै आफ्नो पदमा रहन उपयुक्त छैनन् भन्ने निष्कर्ष निकालेपछि यस्तो विवाद सिर्जिएको थियो । बारले आफ्नो बैठकमार्फत नेपाल अधिराज्यको संविधान २०४७ को भावनाबमोजिम नेपाली जनताको हक अधिकारहरूको रक्षा गर्न सम्माननीय प्रधान न्यायाधीश असक्षम हुनुभएको आरोपसमेत लगायो । त्यसैगरी बारले सोही बैठकमार्फत् प्रधानन्यायाधीश तथा न्यायाधीश पवनकुमार ओझालाई बारका कुनै पनि कार्यक्रममा सहभागी नगराउने निर्णयसमेत गर्‍यो । बारको यो निर्णयको विरोधमा सर्वोच्च अदालतका न्यायाधीशहरू पुस १९ गते आधा दिनपछि सर्वोच्च अदालतका इजलासहरूमा अनुपस्थिति जनाए । त्यसैगरी सोही दिन बसेको एक बैठकमार्फत् सर्वोच्च अदालतका २३ जना न्यायाधीशले प्रधानन्यायाधीश पौडेल तथा न्यायाधीश ओझाका बारेमा बारको निर्णयप्रति खेद व्यक्त गरेर नेपालको न्याय प्रशासनको इतिहासमा अनौठो किसिमको विवादलाई चुलीमा पुर्‍याए ।

त्यसैगरी यो वर्ष देखिएको अर्को प्रमुख विवाद मुख्यसचिव लोकमानसिंह कार्कीको नियुक्ति रह्यो । डा. विमल कोइरालाको पदावधि सकिएपछि रित्त मुख्यसचिवमा छ जना वरिष्ठ सचिवको रोलक्रमलाई बेवास्ता गर्दै सरकारले लोकमानसिंह कार्कीलाई नियुक्त गरेपछि, नेपालको प्रशासनिक क्षेत्रमा निकै ठूलो भुइँचालो आयो । विगतमा हुकुम प्रमाङ्गीबाट निजामती सेवामा सोझै प्रवेश पाएका कार्की लोकसेवा आयोगको संवैधानिक अस्तित्वमाथि पनि प्रश्नचिन्ह बनेर देखा परे । नेपालको निजामती प्रशासनमा कार्कीको प्रसंगले राणाकालीन प्रशासनिक व्यवस्था जीवितै रहेको प्रमाणित गर्‍यो ।



विवादको यस्तै श्रृङ्खलामा नेपाल प्रहरी पनि देखियो । पछिल्लो पटक नेपाल प्रहरीमा वरिष्ठताको क्रममा एक नम्बरमा रहेका डीआईजी रूपसागर मोक्तान तथा छैटौं नम्बरका डीआईजी कृष्ण बस्नेतलाई सरकारले अवकाश पाउनुभन्दा दुई दिनअघि एक वर्षका लागि पदावधि थप गरेर प्रहरी संगठनभित्र विवाद सिर्जना गर्‍यो । नेपाल प्रहरी एउटा अर्को कारणले पनि विवादमा मुछियो । नेपाल प्रहरीका सई होमबहादुर बगालेलाई प्रहरी प्रधान कार्यालयमा कथित रूपमा चार पाटा मुडिएको भन्ने समाचार सार्वजनिक भएपछि नेपाल प्रहरी विवादमा तानिएको हो । तर त्यसभन्दा ठूले कुरा प्रहरी संगठन प्रभावहीन एवं कमजोर हुँदै जानु रह्यो, जसका लागि सञ्चारमाध्यमहरूले प्रहरी प्रमुख श्यामभक्त थापालाई जिम्मेवार ठहर्‍याए ।



राजपरिवारको सम्पत्ति छानबिन गर्न अन्तर्राष्ट्रिय स्तरमा बहस चलाउने कुरो उठाएर एमनेस्टी इन्टरनेसनल एसिया प्रशान्त क्षेत्रका कार्यक्रम निर्देशक पूर्णा सेनले राजपरिवारको सम्पत्तिलाई पनि एउटा विवादका रूपमा प्रस्तुत गरिन् ।

विवादको यो श्रृङ्खलामा स्याङ्जा जिल्ला अदालतका न्यायाधीश चित्रदेव जोशी पनि परेका छन् । एक वर्षअघि शाही नेपाली सेनाविरुद्ध आलोचनात्मक टिप्पणी गरेको अभियोग लागेका न्यायाधीश जोशी न्यायपरिषद्को सिफारिसमा श्री ५ बाट कार्यक्षमताको अभावको आरोपमा पदमुक्त गरिए । न्यायसेवाकै क्षेत्रमा एउटा अर्को विवाद पनि देखियो । नेपालको कानुनी इतिहासमा पहिलो पटक नेपाल बार एसोसिएसनले तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले आफ्नो पदीय मर्यादाविपरीत अभिव्यक्ति दिएको आरोप लगाउँदै उहाँको राजीनामा माग गर्‍यो ।

मुलुकका भ्रष्टाचारीहरूलाई कारबाही गर्नुपर्ने जिम्मेवारी पाएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय पनि यसै वर्ष गलत व्यक्तिलाई नेपालको नागरिकताका लागि सिफारिस गरेको एउटा विवादमा तानिए । रामेछाप जिल्लामा प्रमुख जिल्ला अधिकारी रहँदा लोकबहादुर बोहरा भन्ने व्यक्तिलाई गलत विवरणका आधारमा नागरिकता दिएको अभियोग उपाध्यायमाथि लाग्यो ।

वर्ष २०६२ मा चुलिएको एउटा अर्को विवाद बासुलिंग सुगर मिलका कार्यकारी निर्देशक अरुणचन्द माओवादी कब्जाबाट १२ दिनपछि मुक्त हुनु रह्यो । चन्दको रिहाइमा माओवादीले माग गरेको फिरौती रकमको भूमिका थियो कि स्थानीय किसानहरूलाई उनले क्षतिपूर्ति दिन गरेको वाचाको भूमिका थियो भन्ने कुरा अहिलेसम्म रहस्य नै बनेको छ ।

श्री ५ बाट मध्यपश्चिमाञ्चलको औपचारिक भ्रमणका क्रममा बक्स भएको एउटा निर्देशनले पनि नेपालको प्रशासनिक क्षेत्रमा एउटा ठूलै विवादलाई निम्त्यायो । श्री ५ को उक्त निर्देशनअनुसार नेपालगन्जमा रहेका मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयहरू २०६२ भित्रै सुर्खेत सार्नुपर्ने भयो, तर केही कार्यालय सुर्खेत सरे पनि अधिकांश कार्यालयले भौतिक पूर्वाधारको अभाव देखाएर सुर्खेत सर्न अस्वीकार गरे ।

२०६२ सालमै श्री ५ बाट नियुक्त पूर्वाञ्चल क्षेत्रीय प्रशासक जगदीश खड्का र सगरमाथा अञ्चल प्रशासक रामकुमार सुब्बाले आफ्नो पदीय मर्यादाविपरीत सिराहाका स्थानीय विकास अधिकारी केशवप्रसाद विमलीलाई बिनाकारण नियन्त्रणमा लिएर नेपालको निजामती प्रशासनलाई लाचार बनाउने काम गरे । खड्का र सुब्बाको उक्त कार्यले एकातिर छापाहरूमा विवादको भुमरी सिर्जना गर्‍यो भने अर्कातिर निजामती प्रशासनलाई आतंकित तुल्यायो ।

श्री ५ को सक्रिय नेतृत्वमा रहेको सरकारले यसै वर्ष निजामति सेवाका कर्मचारीहरूलाई संगठित हुन पाउने उनीहरूको अधिकारबाट बञ्चित गर्दै नेपाल निजामती कर्मचारी संघ र नेपाल निजामती कर्मचारी संगठन दुवैलाई खारेज गरेर निजामती कर्मचारीहरूबीच विवादको एउटा ठूलो तरंग सिर्जना गर्‍यो ।



नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ पनि यसै वर्ष आफ्नो विफल महाधिवेशनका कारण विवादमा तानियो । राजनैतिक हस्तक्षेपका कारण साउनको अन्तिम साता पोखरामा हुने भनिएको नेविसंघको महाधिवेशनमा व्यापक तोडफोड भएपछि नेपाली कांग्रेसले उक्त महाधिवेशन स्थगित गर्ने निर्णय गर्‍यो । नेविसंघको यो विवाद साम्य हुन नपाउँदै नेपाली कांग्रेसले संघका पूर्वउपाध्यक्ष महेन्द्रकुमार शर्माको अध्यक्षतामा ४१ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेर अर्को विवादलाई निम्त्यायो ।

वर्षको एउटा ठूलो विवादका रूपमा सरकारले शाही नेपाली सेनालाई १० वटा एफ.एम. रेडियो स्टेसन चलाउन दिएको स्वीकृति पनि देखा पर्‍यो । यसैगरी सरकारले प्रोपोगण्डाका लागि कथित राष्ट्रवादी पत्रपत्रिका सञ्चालन गर्ने नाममा २ करोड ५० लाख रुपैयाँबराबरको बजेट परिचालन गर्ने निर्णय सार्वजनिक गर्‍यो । यो निर्णयसँगै सरकारले सरकारी विज्ञापन वितरणका लागि एकद्वार विज्ञापन नीति लागू गरेर आफूसँग असहमत पत्रपत्रिकाहरूलाई निमिट्यान्न पार्ने आफ्नो अघोषित नीतिलाई कार्यान्वयनमा ल्यायो । यसका साथै सरकारले पत्रपत्रिकाको वर्गीकरणमा भेदभाव गरेको आरोप लगाउँदै प्रेस काउन्सिल नेपालका सदस्य गिरीराज आचार्यले आफ्नो पदबाट राजीनामा दिए । आचार्यको यो प्रकरणसँगै प्रेस काउन्सिल नेपाल अध्यक्ष माथवरसिंह बस्नेत पनि विवादमा तानिए । प्रजातन्त्रविरुद्ध सक्रिय भएको आरोपमा बस्नेतलाई नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले पार्टीबाट निष्कासनसमेत गर्‍यो । पार्टीबाट निष्कासित भएर विवादमा तानिनेहरूमा नेपाल सद्भावना पार्टी (मण्डल) का महासचिव अमृता अग्रहरि तथा नेपाली कांग्रेसका प्रकाश कोइराला पनि रहे ।



वर्ष २०६२ मा श्री ५ को नेतृत्वमा रहेको सरकारका उपाध्यक्ष डा. तुलसी गिरी नेपाल बैंक लिमिटेडसँग लिएको ऋणका कारण विवादमा तानिए । जति विवादास्पद डा. गिरीको ऋण प्रकरण रह्यो त्यति नै विवादास्पद ढंगले उक्त ऋण चुक्ता गरेको घोषणासमेत गरियो ।

एस.एल.सी. परीक्षा २०६२ को परीक्षाफलसम्बन्धी विवादमा मुछिएपछि तत्कालीन परीक्षा नियन्त्रक वीरेन्द्रकुमार सिंहमाथि विभागीय कारबाही भयो । एसएलसी विवाद त्यहीं टुङ्गिएन । वर्षको अन्त्यतिर



भएको एसएलसी परीक्षा प्रश्नपत्र लिक भएका कारण अर्को विवादमा पर्‍यो ।

विवादको यो श्रृंखलामा २०६२ सालमा दृष्टिविहीनहरू पनि जोडिए । आफ्ना लागि पर्याप्त रोजगारी सिर्जना हुनुपर्ने र अन्य सबै सुविधा उपलब्ध हुनुपर्ने माग राख्दै सडकमा ओर्लिएका दृष्टिविहीनहरूमाथि सरकारले दमन गर्दै दृष्टिविहीनहरूमाथि धरपकड र दमन भएपछि त्यसले अर्को विवाद सिर्जना गर्‍यो । त्यति मात्र होइन, यसै वर्ष सरकारले २०४६ सालको जनआन्दोलनमा आधारित चलचित्र 'बलिदान' को सार्वजनिक प्रदर्शनमा प्रतिबन्ध लगाएर आफ्नो कायर मानसिकताको प्रदर्शनसमेत गर्‍यो ।

सामुदायिक वनमा सरकारी हस्तक्षेप यो वर्षको अर्को विवादित खबर रह्यो । सरकारले सर्लाही, चितवन, सिराहा, सप्तरी, नवलपरासी, धादिङ, कैलाली, कञ्चनपुर, बाँके, प्यूठान, सुर्खेत, लमजुङ तथा धनुषाका सामुदायिक वनमाथि आर्थिक गतिविधिमा हस्तक्षेप गर्‍यो । त्यसैगरी सेनाले माओवादीको चलखेल भएको भन्दै चितवन, धनुषा, दोलखा, रामेछाप, धादिङ, कञ्चनपुर, रोल्पा, रुकुम, दाङ, सल्यान, प्यूठान, पाल्पा, स्याङ्जा आदिका केही सामुदायिक वनमा हस्तक्षेप गर्‍यो । पञ्चायती व्यवस्थामा वन फाँडेर पञ्चायत जोगाएको र अहिले सामुदायिक वन मासेर प्रजातन्त्र फस्टाउन नदिएको भन्दै जिल्ला-जिल्लामा प्रदर्शन गरे । लाखौं जनताको सरोकारको विषयमा सरकारले हात हालेपछि सामुदायिक वनको प्रयोग गर्ने हजारौं किसान सरकारको हस्तक्षेपकारी नीतिको विरोध गर्दै सडकमा निस्किएका थिए ।

## वर्षका दुई प्रमुख विवाद

**राजाको केन्या र ट्युनिसिया यात्रा**

नेपाली हस्तकला सामग्री उद्घाटनका नाममा राजाको कतार तथा यूएईको १० दिनको भ्रमण जति आलोचनाको सिकार भएको थियो, त्यो भन्दा कैयौं बढी आलोचना केन्या र ट्युनिसियाको भ्रमणको भयो । कतार र युएईको भ्रमण खर्च औपचारिक रूपमा दैनिक १२ लाख भनिए पनि त्योभन्दा निकै बढी भएको अनौपचारिक रिपोर्टले बताएका थिए । गत साउनमा भएको उक्त भ्रमण कूटनैतिक रूपमा असफल मानिएको थियो । उक्त भ्रमणमा कतारका विदेश विभाग प्रमुखले दिएको रात्रिभोजमा बाहेक राजाप्रति अरूले खासै चासो दिएको पाइएन । यसले नेपालीहरूको मात्र होइन, नेपालको राजसंस्थाको पनि मानमर्दन भएको टिपणी चलेको थियो । लगत्तै भदौमा संयुक्त न्युयोर्कमा भएको राष्ट्रसंघीय महासभामा राजा सहभागी हुने र त्यसलाई सम्बोधन गर्न ठीक पर्दा विश्वका अन्य राष्ट्रप्रमुखहरूले भेट नगर्ने जनाउ दिएका थिए । कूटनैतिक रूपमा यो राजालाई विश्वसमुदायबाट एक्ल्याउने प्रयास थियो । त्यसको लगत्तै अमेरिकी संसद्मा त्यहाँका सांसदहरूले नेपालको विषयमा गहिरो चिन्ता प्रकट गरेर प्रजातन्त्र बहाली नभएसम्म कुनै पनि हतियार र अन्य सहयोग नपठाउन आफ्नो सरकारलाई सल्लाह दिए । राजाले जकार्तामा भारतीय प्रधानमन्त्री मनमोहन सिंहलाई प्रजातन्त्र फर्काउने सर्तमा केही हतियार भित्र्याउन सफल भए पनि वचनअनुसार काम नगरेको भन्दै भारतले पनि सहयोग रद्द गरेको थियो । त्यसपछि सूचना प्रविधि मेलामा भाग लिन ठूलो समूहसहित राजा अफ्रिकी मुलुक केन्या र ट्युनेसिया भ्रमणमा लागेका थिए । झन्डै २२ दिन लामो उक्त भ्रमणमा ३३ करोड खर्च भएको अनुमान गरिएको थियो । यसले कुनै उपलब्धि हासिल गर्नुभन्दा बढी विवाद नै निम्त्याएको थियो ।

**गैंडा कूटनीति**

अस्ट्रियाको राजधानी भियानाको एउटा चिडियाखानालाई उपहार दिन नेपालबाट दुईवटा एकसिंगे गैंडा लिएर त्यसतर्फ गएका युवराजाधिराजलाई त्यहाँका चान्सलरले भेट दिएनन् । त्यति मात्र होइन, त्यहाँ उनलाई स्वागत वा बिदाइ गर्न सरकारका तर्फबाट कुनै उच्चस्तरीय पदाधिकारी एयरपोर्टसम्म पुगेनन्, बरु एक जोर गैंडा पुर्‍याउन ६ करोड खर्च गर्ने योजनाको मुलुकभित्र व्यापक आलोचना भयो । भियानाको चिडियाखानामा युवराजको लिखित भाषणमा उल्लेख भएको 'राजकीय सत्ता मेरो बुबा राजा ज्ञानेन्द्रमा रहेको' वाक्यांशले विदेशमा नेपाली जनताको अपमान भएको कुरा प्रवासी नेपालीहरूले उठाएपछि गैंडा कूटनीति असफल मात्र होइन, नेपाली जनता र स्वयं राजसंस्थाको समेत अपमान भयो ।

## असफल कूटनीति–असफल कूटनीतिज्ञ

माघ १९ को एक वर्षयता नेपाल कूटनैतिक रूपमा नाङ्गो र पूर्ण विफल सावित भएको छ । माघ १९ को लगत्तै भारतले हतियार निकासी रोकेपछि सरकारको ध्यान चीनतिर गएको थियो । लामो प्रयास गर्दा पनि चीनले तत्कालै कुनै प्रतिक्रिया नदिएपछि साउन २९ गते परराष्ट्रमन्त्री ल्हासा हुँदै चीन लागेका थिए । त्यसको लगत्तै सेनाप्रमुख पनि चीनले सानो अंशमा हात-हतियार त पठायो, तर केही महिनापहिले आएको उच्चस्तरीय चिनियाँ टोलीले राजाको कदमको स्वागत गर्न छाडेको संकेत दियो । त्यसो त पराराष्ट्र मन्त्रीको रूस, चीन, खाडी मुलुक, बेलायती मुलकका भ्रमणहरू पनि औचित्यहीन भए । रूसका विदेश मन्त्रीले राजाको कदमको स्वागत गरेको सन्देश पाण्डेले नेपाल पठाएको भोलिपल्टै रूसको विदेश मन्त्रालयले त्यसको खण्डन गरेको थियो । यो घटनामा पाण्डेको व्यवहारबाट नेपालको छवि अन्तर्राष्ट्रिय रूपमा धूमिल भएको थियो ।

कम्प्युनिस्टहरूको नाम सुन्दै तर्सने अमेरिकी नीति यो वर्ष नेपालको सन्दर्भमा असफल भएको छ । राजा र दलबीच वार्ता हुनुपर्छ भनेर अडान लिइरहेको अमेरिकाले नरुचाउँदा-नरुचाउँदै पनि सात दल तथा माओवादीबीच १२ बुँदे समझदारी मात्र भएन, यही वर्ष उनीहरूबीच थप समझदारी पनि बन्यो । अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले पार्टी तथा राजालाई संवादका लागि दिएको दबाब खेर गएको छ । पार्टीहरूका तर्फबाट राजाले नै वार्ताको पहल गर्नुपर्ने धारणा आएपछि मोरियार्टीले राजालाई पार्टीसँग वार्ता थाल्न दबाब दिएका थिए, तर राजाले अमेरिकालाई पनि नटेरेपछि मोरियार्टीको नीति यो वर्ष फेल भएको हो । शेरबहादुर देउवा रिहा भएलगत्तै मोरियार्टीले आफ्नो चाहना पूरा गर्न पत्रकार सम्मेलन गरेका थिए, तर परिस्थिति यति जटिल भैसकेको थियो कि देउवाले पनि सात पार्टीको नीतिबाहेक आफू एक इन्च पनि यताउता नहल्लिने आफ्नो योजना सार्वजनिक गरिदिए । त्यसयता मोरियार्टीको स्वर सुनिएको छैन । अमेरिकी विदेशी मन्त्रालयले राजाको नाममा कडा प्रतिक्रिया जनाएपछि राजा र दलबीचका मेलमिलापवादी मोरियार्टी महोदय चुप छन् ।

# प्रतिवेदनमा नेपाल

विक्रम संवत् २०६२ मा विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूमा नेपालको उल्लेख धेरै कारणले भयो। विशेष गरी माघ १९ को नकारात्मक छायाँ परेको नेपालको आर्थिक, राजनैतिक तथा सामाजिक वातावरणमा देखिएका विसंगति तथा विग्रहहरूले त्यस्तो प्रतिवेदनमा विशेष स्थान पायो।

अन्तर्राष्ट्रिय स्तरमा नेपालको साखलाई सबैभन्दा खस्काउने काम ट्रान्सपरेन्सी इन्टरनेसनलको वार्षिक प्रतिवेदन २००५ ले गर्‍यो। उक्त प्रतिवेदनअनुसार सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकहरूमध्ये नेपालको स्थान १ सय १७ औँ रह्यो। जब कि अघिल्लो वर्ष त्यस्तै प्रतिवेदनमा नेपाल ९० औँ स्थानमा थियो। उक्त प्रतिवेदनमा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक १ नम्बरमा रहन्छ भने त्यसपछि क्रमशः भ्रष्ट मुलुकहरूको नाम जोडिँदै जान्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको उक्त प्रतिवेदनले माघ १९ मा राजाले सुशासनका नाममा मुलुकको शासनसत्ता आफ्नो हातमा लिए पनि नेपालमा राजनैतिक तथा आर्थिक भ्रष्टाचार निरन्तर उक्लिरह्यो।

त्यसैगरी एसियाली विकास बैंकले जारी गरेको वार्षिक प्रतिवेदन २००५ मा बितेका दस वर्षमा नेपालमा चर्किएको गृहयुद्धका कारण नेपालको अर्थतन्त्र गम्भीर रूपमा ओरालो लाग्दै गरेको तथ्य सार्वजनिक भयो। एसियाली विकास बैंकले नै जारी गरेको एसियाली विकास परिदृश्य २००६ नामक अर्को प्रतिवेदनले सन् २००५ मा नेपालको आर्थिक वृद्धिदर २ दशमलव ३ प्रतिशत मात्र रहेको उल्लेख गर्‍यो। प्रतिवेदन भन्छ– समग्रमा सन् २०५ मा नेपालको आर्थिक वृद्धिदर निराशाजनक रह्यो। बैङ्कले नेपालको आर्थिक वृद्धिदर सन् २००६ मा अझ घट्ने अनुमान गरेको छ। प्रतिवेदनअनुसार सन् २००६ मा नेपालको आर्थिक वृद्धिदर २ प्रतिशतमा झर्ने छ भने सन् २००७ मा यो वृद्धिदर ३ दशमलव ४ प्रतिशतमा उक्लन सक्नेछ। यो प्रतिवेदनले पनि अन्तर्राष्ट्रिय रूपमा नेपालको साखलाई निकै कमजोर पार्‍यो।

एकातिर आर्थिक गतिविधिमा आएको शून्यता र बढ्दो भ्रष्टाचारका कारण नेपाली समाज विश्व मानचित्रमा निकै दयनीय आर्थिक अवस्था भएको मुलुकका रूपमा दरियो भने अर्कातर्फ नेपाली समाज समग्र रूपमा केही खुड्किलो माथि उक्लिएको तथ्यांक संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमद्वारा जारी मानवविकास प्रतिवेदन २००५ ले देखायो। उक्त प्रतिवेदनअनुसार आमनागरिकको औसत आयु साक्षरता दर एवं कुल गार्हस्थ्य उत्पादनका आधारमा नेपालको स्थान विश्वका १ सय ७७ राष्ट्रमध्ये १ सय ३६ औँ रह्यो। अघिल्लो वर्ष सोही प्रतिवेदनमा नेपालको स्थान १ सय ४० औँ थियो।

त्यसैगरी संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) द्वारा जारी प्रतिवेदनअनुसार १९ लाख नेपाली बालबालिका अझै पनि प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखियो। सोही प्रतिवेदनअनुसार नेपालमा विद्यालय पुग्ने बालबालिकाहरूमध्ये छात्रछात्राको अनुपात ५९:४१ रह्यो। युनिसेफकै एक अर्को प्रतिवेदनअनुसार बालश्रम प्रयोग गर्ने मुलुकहरूको सूचीमा नेपाल माथिबाट एघारौँ स्थानमा रह्यो। सो प्रतिवेदनअनुसार नेपालमा ५ देखि १४ वर्ष उमेर समूहका बालश्रमिकहरूको संख्या ३० लाखभन्दा बढी छ। सोही वर्ष संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) द्वारा जारी एउटा अर्को प्रतिवेदनमा बालबालिकाहरूका लागि नेपाल संसारमै सबैभन्दा जोखिमपूर्ण मुलुक भएको कुरा उल्लेख छ। सन् २००५ मा जारी उक्त प्रतिवेदनअनुसार संसारमै सबैभन्दा बढी ६१ प्रतिशत नेपाली बालबालिकाहरू हिंसात्मक घटनाहरूबाट प्रत्यक्ष, अप्रत्यक्ष रूपमा प्रभावित छन्।



एमनेस्टी इन्टरनेसनलले ११ जेठ २०६२ मा सार्वजनिक गरेको मानवअधिकार प्रतिवेदन २००५ अनुसार आफ्ना नागरिकहरूलाई बेपत्ता पार्ने, गैरकानुनी हत्या गर्ने, स्वेच्छाचारी पक्राउ गर्ने तथा यातना दिनेजस्ता घटनाहरूमा बितेको वर्ष नेपाल सबैभन्दा अगाडि रह्यो। एमनेस्टी इन्टरनेसनलको उक्त प्रतिवेदनमा समेटिएका १ सय ४९ मुलुकमा नेपालको स्थान उपल्लो १० मा रहनुले पनि अन्तर्राष्ट्रिय रूपमा नेपालको छविलाई निकै चोट पुर्‍यायो। एमनेस्टी इन्टरनेसनलकै क्षतविक्षत जीवन, द्वन्द्वको समयमा महिलाविरुद्ध हिंसा नामक एउटा अर्को प्रतिवेदन पनि नेपालको पक्षमा रहेन। उक्त प्रतिवेदनअनुसार नेपालमा ६० देखि ७० प्रतिशत महिला कुनै न कुनै रूपमा यौनदुर्व्यवहारको सिकार हुने गरेका छन्।

त्यसैगरी अन्तर्राष्ट्रिय मानवअधिकार संगठन तथा यातनाविरुद्ध विश्व संगठनद्वारा जारी गरिएको एउटा अर्को संयुक्त प्रतिवेदनमा नेपालमा अहिलेको अवस्थामा मानवअधिकारका पक्षमा काम गर्ने, वकालत गर्ने व्यक्ति तथा संस्थाहरू राज्य र विद्रोही दुवै पक्षको निसाना बनेको उल्लेख छ। ६ सय पृष्ठ लामो उक्त प्रतिवेदनअनुसार नेपालमा मानवअधिकारकर्मीहरूलाई जथाभावी गिरफ्तार गर्ने, यातना दिने, उनीहरूको घर खानतलासी गर्ने, उनीहरूलाई देशभित्र आवतजावतमा प्रतिबन्ध लगाउने एवं सञ्चारका साधनहरू प्रयोग गर्नबाट वञ्चित गर्नेजस्ता कामहरू भएका छन्। उक्त प्रतिवेदनले के देखाउँछ भने जुन देशमा मानवअधिकारका पक्षमा काम गर्ने व्यक्तिहरू नै सुरक्षित छैनन् भने आमनागरिकको स्थिति कस्तो होला ?

सन् २००५ मा अन्तर्राष्ट्रिय श्रम संगठनले जारी गरेको वार्षिक प्रतिवेदनअनुसार नेपालमा हरेक वर्ष २ हजारभन्दा बढी औद्योगिक दुर्घटना हुन्छ। ती दुर्घटनाहरूमा परी २ सयभन्दा बढी कामदारले बर्सेनि ज्यान गुमाउँछन्। उक्त प्रतिवेदनअनुसार नेपालमा रहेका अधिकांश औद्योगिक प्रतिष्ठानहरू स्वस्थ र सुरक्षित छैनन्।

विश्वप्रसिद्ध पत्रिका 'दि इकोनोमिस्ट' द्वारा जारी ब्रेनड्रेन अर्थात् बौद्धिक पलायनसम्बन्धी सर्वेक्षण प्रतिवेदनअनुसार विश्वका ३४ सर्वाधिक विकसित मुलुकहरूमा दक्ष जनशक्ति निर्यात गर्ने मुलुकहरूको सूचीमा नेपाल अन्तबाट सातौँ स्थानमा छ।

उपरोक्त अन्तर्राष्ट्रिय प्रतिवेदनबाहेक बितेको वर्ष केही नेपाली संघ-संस्थाहरूले पनि नेपालसम्बन्धी प्रतिवेदन सार्वजनिक गरे। राष्ट्रिय योजना आयोगद्वारा सार्वजनिक गरिएको एक प्रतिवेदनले नेपालको गरिबी १२ प्रतिशतले घटेको देखायो। आर्थिक वर्ष ०५२/५३ देखि आर्थिक वर्ष ०६०/६१ सम्मका ८ वर्ष लगाएर गरिएको उक्त आर्थिक सर्वेक्षणमा नेपालको गरिबी घटेको देखिए पनि धनी र गरीबीच रहेको खाडल ० दशमलव ३४ बाट उक्लेर ० दशमलव ४१ प्रतिशत पुग्यो। यो प्रतिवेदनअनुसार नेपालमा गरिबहरू झन् गरीब भए भने धनीहरू झन् धनी भए। त्यसैगरी जनसंख्या तथा वातावरण मन्त्रालयले जारी गरेको जनसंख्यासम्बन्धी एक प्रतिवेदनअनुसार वि.सं. २०६२ को अन्तसम्म नेपालको जनसंख्या २ करोड ५४ लाख पुग्यो। उक्त प्रतिवेदनले प्रक्षेपण गरेको अनुमानअनुसार अहिलेको गतिमै जनसंख्या वृद्धिदर कायम रहने हो भने सन् २०५० सम्ममा नेपालको जनसंख्या ५ करोड ८ लाख पुग्नेछ।

त्यसैगरी नेपाल ट्रेड युनियन महासंघद्वारा जारी एक अर्को प्रतिवेदनअनुसार वि.सं. २०५२ देखि चलेको माओवादी द्वन्द्वका कारण कामको खोजीमा बिदेसिने नेपालीहरूको संख्या २० लाख पुगेको छ। ती २० लाखमध्ये १४ लाख नेपाली भारत पलायन भएका छन् भने तेस्रो मुलुकतर्फ पलायन हुने नेपालीहरूको संख्या ६ लाखभन्दा बढी छ।

नेपालमा प्रजातन्त्र, मानवअधिकार तथा प्रेसमा भएको हस्तक्षेपविरुद्ध एमनेस्टी इन्टरनेसनल, प्रेस अफ विदाउट बोडर्स, भारत, जापान, अमेरिका, युरोपियन युनियन, राष्ट्रसंघलगायत संसारभरका प्रतिष्ठित संस्था एवं मुलुकहरूले विरोध जनाएको कुरा विभिन्न प्रतिवेदनमा महत्त्वका साथ प्रकाशित भएका छन्। असोज महिनामा युरोपेली संसद्ले आर्थिक नाकाबन्दीको चेतावनी दिएलगत्तै युरोपका २५ राष्ट्र सदस्य प्रतिनिधि भएको संस्था ट्रोयकाले गरेको नेपाल भ्रमण र त्यसले तयार गरेको प्रतिवेदन पनि गत वर्ष महत्त्वपूर्ण रह्यो। ट्रोयकाले राजालाई दलहरूसँग वार्ता सुरु नगरे देशको स्थिति भयावह हुन सक्ने कुरा उक्त प्रतिवेदनमा उल्लेख थियो। त्यसैगरी गत वर्ष पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्था रिपोर्टर विदाउट बोर्डर्सले माघ १९ पछि ५ जना पत्रकार सरकारका तर्फबाट मारिएको तथा ३ जना माओवादीले हत्या गरेको जनाउँदै नेपाली पत्रकारको स्थिति बिग्रँदै गएको जनाएको थियो। प्रतिवेदनमा करिब १ दर्जन पत्रकारलाई सरकारले लामो समय थुनामा राखेको तथा समाचार संकलनमा बाधा गरेको बताएको छ। उक्त प्रतिवेदन सार्वजनिक भएको केही दिनपछि सरकारले कान्तिपुर एफ.एम. तथा सगरमाथा रेडियोमा आक्रमण गरेपछि बोर्डर्सले त्यसको विरोधमा कडा वक्तव्य जारी गरेको थियो।

**बढ्दो सैन्य उन्माद**

गएको वर्ष व्यापक सैन्य उन्माद देखेका नेपाली जनताले सुरक्षाकर्मीको नियत तथा उनीहरूको व्यवहारलाई लिएर प्रश्न उठाएका छन्। कतिपय घटनाले सुरक्षा प्रमुखको निर्देशन एवं उनीहरूलाई दिइएको तालिम शैलीको औचित्य प्रमाणित गर्न चुनौती दिएको छ। बितेको वर्ष सेनाले देखाएको व्यवहारले द्वन्द्वमा फसेको अवस्थामा के गर्ने भन्ने विषयमा सुरक्षाकर्मीलाई दिइने तालिम तथा मानवअधिकारको शिक्षाप्रति पटक्कै ध्यान नदिएको संयुक्त राष्ट्रसंघको आरोपलाई प्रमाणित गरेको थियो। बितेको वर्ष नेपाली जनता यसअघि कहिल्यै नसुनिएको र नभोगिएको सैन्य उन्मादको सिकार भएका छन्। सुरक्षाकर्मीको गोलीबाट २ सय भन्दा बढी निर्दोष मारिएको इन्सेकको प्रतिवेदनमा उल्लेख भएबाट पनि सैन्य उन्मादको आँकलन गर्न सकिन्छ। कतिपय अवस्थामा पक्राउ परिसकेपछि भिडन्तका नाममा माओवादी मारिनु र हतास अवस्थामा माओवादीको आरोपमा सर्वसाधारण मारिने क्रम विगत वर्षभन्दा गत वर्ष बढेको तथ्यांक इन्सेकको प्रतिवेदनमा उल्लेख छ।

गोली नचलाउनुपर्ने अवस्थामा पनि सैन्य मनोविज्ञानका कारण सैनिकहरूले आफ्नो शक्ति प्रदर्शन गर्न गोली चलाउने गरेको अध्ययनहरूले देखाएको छ। गत वर्ष माघमा भएको कथित आमनिर्वाचनमा दाङ र धनगढीमा सुरक्षाकर्मीले गोली हानेको घटनाले उक्त कुरालाई पुष्टि गर्छ। दाङमा नगर निर्वाचनको बहिष्कारको नारा लगाइरहेको भीडमा प्रहरीले गोली चलाउँदा एमालेका कार्यकर्ताको निधन भएको थियो भने त्यसै दिन धनगढीमा प्रजातान्त्रिक कांग्रेसका एक कार्यकर्ताको हत्या भएको थियो।

मानवअधिकारवादीहरूले देशका दुर्गम स्थानमा भएका सैनिक ज्यादतीका कतिपय घटना बाहिर नआउने भएकाले सैनिक उन्मादको सही चित्र बाहिर आउन नसक्ने बताएका छन्। यद्यपि माओवादीले सशस्त्र द्वन्द्व थालेयता प्रत्येक वर्ष सुरक्षाकर्मीको उन्माद बढ्दै गएको तथ्यहरूले देखाएको छ। प्रतिवेदनअनुसार गत वर्ष करिब ३ सय ६० यस्ता घटना घटे। सरदर दैनिक एउटा यस्ता घटना पाइनुले सैन्य उन्मादको कालो तस्बिर छर्लङ्ग हुन्छ।

PRIVATE TEST/SLC
Bright Future Institute

प्राईभेट TEST/SLC - 063 मा नि:शुल्क भर्ना
SLC COMPUTER
COSSET EDU. CENTER
GEMS INT'L INSTITUTE

ADMISSION OPEN !
LEMS SCHOOL

# ओरालो लागेको नेपाली अर्थतन्त्र



वर्ष २०६२ ले जसरी नेपालको राजनैतिक परिस्थितिलाई सम्हाल्न सकेन, त्यसैगरी आर्थिक विकासका गतिविधिहरूलाई पनि ठप्प पार्ने कामहरूमा साक्षी हुनुपर्‍यो। २०६२ सालमा नेपाली अर्थतन्त्र जुन गतिमा पतनोन्मुख देखियो त्यस्तो यसअघि कहिल्यै भएको थिएन। खासगरी माघ १९ को शाही कदमपछि नेपाली अर्थतन्त्र ओरालो लाग्न थालेको हो। यस अवधिमा मुलुकका उत्पादनशील क्षेत्रहरू धरासायी हुँदै गए भने राज्यको खर्च अनियन्त्रित ढंगले विस्तार हुँदै गयो। यसै अवधिमा नेपाललाई आर्थिक विकासका लागि सहयोग गर्दै आएका प्रमुख दातृ संस्था तथा मुलुकहरूले आ-आफ्नो सहयोग कटौती गर्ने, रोक्का गर्ने घोषणा एकपछि अर्को गर्दै गरे। स्थिति कस्तोसम्म भयो भने माघ २० गते जारी इन्स्टिच्युट फर डेभलपमेन्ट स्टडिज नामक संस्थाले गरेको एक अध्ययन प्रतिवेदनले आगामी जेठसम्ममा नेपाल सरकार वित्तीय रूपमा टाट पल्टिन सक्ने देखायो। सरकारले उक्त प्रतिवेदनको प्रतिवाद गरे पनि चैत १३ गते सोही संस्थाले एउटा अर्को प्रतिवेदन जारी गर्दै मुलुकको बैंकिङ क्षेत्र समस्यामा पर्दै गएको, राष्ट्रिय आयमा वृद्धि नभएको तथा मुद्रास्फीति बढ्दै गएकाले देशका सामान्य नागरिक समस्यामा परेको र पूँजीपलायनको स्थिति सिर्जना भएकाले मुलुकको भविष्य अन्धकारतर्फ धकेलिएको बतायो।

वर्ष २०६२ मा सरकार आन्तरिक स्रोतबाट खर्च धान्न नसक्ने अवस्थामा पुग्नुले पनि नेपालको आर्थिक अवस्था नाजुक हुँदै गएको देखाउँछ। नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो ६ महिनामै राजस्व घाटा कुल सरकारी खर्चको ३ प्रतिशत पुगेको छ। चालू आर्थिक वर्ष समाप्त हुँदासम्म यस्तो राजस्व घाटा अझ बढ्न सक्ने अनुमान गर्न सकिन्छ। जब कि पछिल्लो आर्थिक वर्षमा सरकारी खर्चको अनुपातमा राजस्व १ दशमलव ८ प्रतिशतले बचत भएको थियो। द्वन्द्वका कारण मुलुकको खर्चमा परेको चाप तथा पूँजीगत खर्चमा भएको वृद्धिले सरकारको कुल खर्च १७ दशमलव ७ प्रतिशतले वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकद्वारा सार्वजनिक प्रतिवेदनअनुसार बितेको ६ महिनामा मुलुकको पूँजीगत खर्चको हिस्सा १८ प्रतिशत पुगेको छ भने कुल सरकारी खर्चमा चालू खर्चको अंश ८२ प्रतिशत छ।

यो वर्ष जुन अनुपातमा सरकारी खर्च बढ्यो त्यो अनुपातमा राजस्व वृद्धि हुन सकेन। अघिल्लो वर्ष १२ दशमलव २ प्रतिशतले बढेको राजस्व यो वर्ष ५ दशमलव ९ प्रतिशतले मात्र वृद्धि भएको छ। राजस्व वृद्धिदरको यस्तो अवस्थाका कारण नेपाल राष्ट्र बैंकले बजेटको लक्ष्यमा पुग्न नसकिने सार्वजनिक घोषणा नै गर्‍यो। केन्द्रीय बैंकको यस्तो घोषणाको नकारात्मक प्रभाव मुलुकको सबै क्षेत्रमा देखा पर्न सक्छ।

**गार्हस्थ्य उत्पादनको स्थिति**

आर्थिक वर्ष ०६२/६३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन जम्मा २ प्रतिशतले मात्र बढ्ने संकेत देखिएको छ। जब कि साउन १ गते मुलुकको आय-व्ययको अनुमान प्रस्तुत गर्दै तत्कालीन अर्थमन्त्री मधुकरशमशेर राणाले मुलुकको समग्र आर्थिक वृद्धिदर ४ दशमलव ५ प्रतिशतले हुने बताएका थिए, मन्त्रीको उक्त दावीका विपरीत गार्हस्थ्य उत्पादन वृद्धिदर ओरालो लागेपछि मुलुकको आर्थिक वृद्धिदर थप ओरालो लाग्ने संकेत देखिएका छन्। राजाबाट मुलुकको शासनसत्ता आफ्नो हातमा लिइनु अघिसम्म नेपालको कुल गार्हस्थ्य उत्पादन ३ दशमलव ५ प्रतिशत थियो। अन्य अल्पविकसित मुलुकहरूको तुलनामा निकै कम रहे पनि त्यस बेलाको गार्हस्थ्य उत्पादन द्वन्द्वका बाबजुद सन्तोषजनक मानिएको थियो। माघ १९ पछि गार्हस्थ्य उत्पादनको ग्राफ लगातार खस्कँदै गएर २ प्रतिशतमा झर्न पुग्यो। जुन अझै खस्कन सक्ने अनुमान गरिएको छ।

**मूल्यवृद्धि**

वर्ष २०६२ मा नेपाली जनतालाई सबैभन्दा बढी पिरोल्ने कुरा भनेकै राष्ट्रिय मूल्य सूचकांकमा लगातार वृद्धि हो। आर्थिक वर्ष ०६०/६१ मा जम्मा १ दशमलव ७ प्रतिशत रहेको उपभोक्ता बजारको मूल्यवृद्धिदर आर्थिक वर्ष ०६२/६३ को मध्यावधिमा आइपुग्दासम्म ८ दशमलव ५ प्रतिशतले बढेको छ। आमजनताको आयस्रोत खस्कँदै गएको अवस्थामा यसरी अप्रत्याशित रूपमा चुलिएको मूल्यवृद्धिदरले अघिल्लो वर्षहरूका तुलनामा नेपाली जनतालाई थप गरिब बनाएको छ। उनीहरूको क्रयशक्ति खस्कँदै गएको छ भने उपभोग्य वस्तुको मूल्य आमजनताको पहुँचबाट निकै टाढा पुगेको छ। यसरी उपभोक्ता वस्तुको मूल्य वृद्धिदर बढ्नुमा सरकारको हचुवा नीति प्रस्ट रूपमा जिम्मेवार देखियो। २०६१ माघमा सरकारले मूल्य अभिवृद्धि करलाई १० प्रतिशतबाट पहिले १५ प्रतिशतमा पुर्‍याएर पछि १३ प्रतिशतमा कायम गर्नु, एकै वर्ष दुई-दुई पटक पेट्रोलियम पदार्थको मूल्यमा ठूलो वृद्धि गरिनु, कृषि उत्पादन र औद्योगिक उत्पादनमा कमी आउनु तथा आयात-निर्यात व्यापार घट्नु पनि मूल्यवृद्धिका ठोस कारणका रुपमा देखापरे।

**आयात-निर्यात**

वर्ष २०६२ मा मुलुकको वैदेशिक व्यापार पनि चिन्ताजनक रूपले न्यूनतम बिन्दुमा पुगेको छ। आर्थिक वर्ष ०६०/६१ मा ४० अर्ब ५० करोड रुपैयाँको हाराहारीमा रहेको मुलुकको निर्यात व्यापार आर्थिक वर्ष ०६२/६३ को मध्यावधिसम्म आइपुग्दा २० अर्ब ८९ करोडमा झरेको छ। त्यसैगरी आर्थिक वर्ष ०६०/६१ मा १ खर्ब ५ अर्ब ९० करोड रुपैयाँ बराबर रहेको मुलुकको आयात व्यापार आर्थिक वर्ष ०६२/६३ को मध्यावधिसम्ममा आइपुग्दा ५६ अर्ब ६१ करोड रुपैयाँमा झरेको छ। नेपाल राष्ट्र बैंकको आधिकारिक सूचनामा आधारित यो तथ्यांकले नेपालको व्यापार क्षेत्र ओरालो लागेको देखाउँछ। यसरी वैदेशिक व्यापार ओरालो लागेपछि मुलुकले प्राप्त गर्ने राजस्व तथा व्यापार क्षेत्रमा देखापर्ने चहलपहल स्वाभाविक रूपमा खस्कन गएको छ। व्यापार नै नभएपछि औद्योगिक तथा कृषि क्षेत्र पनि प्रभावित हुनु स्वाभाविक हो। अहिले मुलुक त्यही स्थितिमा छ। यी सबै स्थितिका लागि वर्तमान सरकारले मुलुकमा चर्किएको द्वन्द्वलाई जिम्मेवार माने पनि चर्चित अर्थशास्त्रीहरू त्यसलाई राजाको प्रत्यक्ष शासनमा अपनाइएका गलत आर्थिक नीतिहरूको उपज मान्छन्।

**टाढिए दाताहरू**

नेपालको आर्थिक विकासमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्‍याउँदै आएका प्रमुख दातृ संस्था तथा मुलुकहरूले माघ १९ पछि नेपाललाई प्रवाहित गर्ने ऋण तथा आर्थिक सहयोग रोक्का गरेपछि मुलुक थप आर्थिक संकटको भासमा परेको छ। नेपालसँग कुनै पनि किसिमको व्यापारिक तथा रणनीतिक स्वार्थ नभएका नर्वे, स्वीडेन, डेनमार्क, स्वीजरल्यान्डजस्ता मुलुकहरूले माघ १९ को कदमप्रति असहमति जनाउँदै नेपाललाई कुनै पनि किसिमको नयाँ आर्थिक सहायता नदिने घोषणा सार्वजनिक रूपमै गरे। खासगरी नेपालको ग्रामीण विकास, वातावरण, वन, स्वास्थ्य तथा शिक्षाक्षेत्रमा महत्त्वपूर्ण सहयोग गर्दै आएका ती मुलुकको सहयोग रोकिएपछि नेपालका आमजनता प्रत्यक्ष रूपमा लाभान्वित हुने विकासका ती क्षेत्रहरू स्वाभाविक रूपमा धरापमा परे। त्यसबाहेक नेपाललाई सहयोग गर्दै आएका विश्व बैंकले गत मंसिरदेखि नेपालका लागि गरिबी न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालनका लागि पहिले वाचा गरेको सहयोग दिन अस्वीकार गर्‍यो।

यसका लागि आर्थिक सुधारका चार महत्त्वपूर्ण प्रतिबद्धता पूरा गर्न शाही सरकार असफल भएको आरोप विश्व बैंकको थियो। झन्डै ७ अर्ब ५० करोड रुपैयाँको उक्त सहयोग रोकिनु सरकारका लागि ठूलै धक्का हो। त्यसैगरी काठमाडौं उपत्यकामा खानेपानीको सुविधा पुर्‍याउन प्रारम्भ गरिएको मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको जनाउँदै शाही सरकारले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवासहितका व्यक्तिहरूविरुद्ध राजनैतिक प्रतिशोध साँध्ने काम गरेपछि उक्त आयोजनाको मुख्य दातृ संस्था एसियाली विकास बैंकले आफ्ना तर्फबाट सबै लगानी रोक्ने निर्णय गर्‍यो, त्यतिमात्र होइन, सोही आयोजनाका लागि अर्को दाता नर्वेले दिने भनेको २ करोड ८० लाख अमेरिकी डलर बराबरको सहयोग पनि रोकियो।

**तुहियो सरकारको योजना**

प्रमुख दातृ राष्ट्र तथा संस्थाहरूले नेपाललाई दिने आर्थिक सहायता रोक्का गरेपछि त्यसको क्षतिपूर्ति गर्न सरकारले वैकल्पिक उपायका रूपमा पिस बन्ड र पावर डेभलपमेन्ट बन्ड जस्ता ऋणपत्रहरू जारी गर्ने योजना बनायो, तर पहिले नै बचतपत्रका नाममा थुप्रै ऋणपत्र बिक्री गरिसकेको नेपाल राष्ट्र बैंकले सरकारको त्यस्तो योजनामा असहमति जनाएपछि शाही सरकार त्यस्ता बन्डहरू जारी गर्न असफल भयो। आफ्नै मुलुकमा आफूले चाहेजस्तो आर्थिक रणनीतिलाई समेत कार्यान्वयन गर्न असफल वर्तमान सरकारका आर्थिक नीतिहरूका कारण मुलुक भावी दिनहरूमा कस्तो स्थितिमा पुग्ला सहजै अनुमान गर्न सकिन्छ।

**बढ्दो रक्षा खर्च**

अध्यादेशमार्फत साउन १ गते शाही सरकारले जारी गरेको बजेट १ खर्ब २६ अर्ब ८८ करोड रुपैयाँ बराबरको थियो, जसमध्ये सुरक्षा खर्च १९ अर्ब रुपैयाँ छ, जुन मुलुकको कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत हुन आउँछ। यो रकम बजेटको १९ प्रतिशतभन्दा बढी हो। उक्त १९ अर्ब रुपैयाँमध्ये रक्षा मन्त्रालयले १२ अर्ब रुपैयाँ पाएको छ भने जनपद तथा सशस्त्र प्रहरीलाई परिचालन गर्न गृहमन्त्रालयले ७ अर्ब रुपैयाँ पाएको छ। जुन मुलुकको सुरक्षा खर्च कुल बजेटको १८ प्रतिशतको हाराहारीमा हुन्छ र त्यस्तो सुरक्षा खर्चले कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत हिस्सा ओगट्छ भने त्यो मुलुकको आर्थिक स्थिति नाजुक हुँदै जानु स्वाभाविक हो। अहिले गार्हस्थ्य उत्पादनको अनुपातमा सर्वाधिक रक्षा बजेट भएका मुलुकहरूमध्ये नेपाल अग्रपंक्तिमा छ। नेपालभन्दा अगाडि यस्तो स्थिति उत्तर कोरियामा मात्रै देखिएको थियो। यस्तो स्थितिमा मुलुक आर्थिक रूपमा धराशायी हुनुलाई अस्वाभाविक भन्न मिल्दैन। जबसम्म सुरक्षा खर्चमा कटौती गरेर मुलुकले बेहोरिरहेका राजनैतिक समस्याको शान्तिपूर्ण समाधान खोज्नेतर्फ प्रयास गरिँदैन तबसम्म मुलुक आर्थिक रूपमा पतनोन्मुख रहनेछ। मुख्य कुरा अहिलेको अवस्था थप कति समयसम्म मुलुकले धान्न सक्छ भन्ने नै हो। नेपालजस्तो गरिब मुलुकका लागि वर्तमान द्वन्द्व निकै महँगो सावित भैसकेको छ।

लगातार टाट पल्टँदै गएको नेपालको आर्थिक अवस्थालाई अहिलेसम्म जोगाइराख्ने तत्त्व भनेकै रेमिटान्स भएको छ। मुलुकमा रोजगारीको अभावमा बिदेसिन बाध्य नेपालीहरूले भित्र्याउने वैदेशिक मुद्राका आधारमै अहिले नेपालको अर्थतन्त्र धानिएको छ। नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार अहिले (पुस मसान्त २०६२) नेपालको कुल विदेशी विनिमय सञ्चिति १ खर्ब ४२ अर्ब ५७ करोड रुपैयाँ पुगेको छ। यो सञ्चिति अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९ दशमलव ८ प्रतिशतले बढी हो।

यो विदेशी सञ्चितिले १० दशमलव ४ महिनासम्म विदेशी वस्तुको आयात धान्न सक्छ भने ८ दशमलव ८ महिनाका लागि अन्य वस्तु तथा सेवाको आयात धान्न सक्छ, तर मुख्य कुरा के हो भने मुलुकमा आर्थिक गतिविधि, औद्योगिक उत्पादन, कृषि उत्पादन लगातार खस्कँदै गएको अवस्थामा वैदेशिक रोजगारमा रहेका नेपालीहरूमार्फत सञ्चित भएको विदेशी मुद्राले मात्र नेपालको आर्थिक स्थितिलाई कहिलेसम्म धान्न सक्छ? चालू आर्थिक वर्षको पहिलो ७ महिनामा १ लाख ४ हजार युवा श्रमशक्ति कामको खोजीमा बिदेसिएको छ। यो संख्या नेपालको युवाहरूको कुल संख्याको २ प्रतिशत हो। यसरी बिदेसिने नेपाली युवाको संख्या हरेक दिन दोब्बरका दरले वृद्धि भैरहेको छ। विदेशबाट प्राप्त रेमिटान्सले मुलुकको अर्थतन्त्र धानेको छ भन्दैमा नेपाली युवाहरूलाई स्वदेशमै रोजगारको वातावरण सिर्जना गर्नुको साटो उनीहरूलाई विदेश पठाउने नीति कायम गरिनुले देशको कुल गार्हस्थ्य उत्पादनमा नकारात्मक असर पुर्‍याउने पक्का छ।

## अब उहाँहरू रहनुभएन

सदाझैँ वर्ष २०६२ मा पनि सार्वजनिक परिचय कायम गरेका केही स्वनामधन्य नेपालीले मृत्युवरण गरेका छन्। यसरी मृत्युवरण गर्ने कतिपय नेपालीको मृत्यु स्वाभाविक रह्यो भने कतिपय नेपालीको मृत्यु निकै कारुणिक रह्यो। गएको वर्ष सबैभन्दा चर्चित मृत्यु गायिका तारादेवीको रह्यो। नेपाली संगीत संसारमा स्वरकोकिलाका रूपमा परिचित तारादेवीले ६१ वर्षको उमेरमा पार्किन्सन रोगका कारण मृत्युवरण गर्नुपर्‍यो। एकातिर तारादेवीको मृत्युलाई जीवनचक्रको एउटा स्वयंसिद्ध तथ्यका रूपमा लिइयो भने अर्कातर्फ सचिव दिनेशचन्द्र प्याकुरेलको मृत्युले नेपाली समाजमा एउटा प्रश्न खडा गर्‍यो। सरकारले मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक रहिसकेका प्याकुरेललाई मुख्यसचिवको उम्मेदवारीबाट वञ्चित गर्न जगेडा समूहमा पठाउने निर्णय गरेपछि सचिव प्याकुरेलले त्यो अपमान सहन नसकी आत्महत्याको बाटो रोजे। त्यसैगरी पोखरालाई आफ्नो कर्मथलो बनाउँदै आएका गायक सोम बज्राचार्यले पनि ४६ वर्षको उमेरमा आत्महत्या गरे।

उक्त वर्ष केही प्रमुख पूर्वनोकरशाहहरूले पनि मृत्युवरण गरे, जसमध्ये प्रमुख रहे पूर्वप्रमुख निर्वाचनआयुक्त विष्णुप्रताप शाह, शाहको मृत्यु हृदयाघातका कारण भयो। अन्य पूर्वनोकरशाहहरूमध्ये पवनकुमार आचार्यको मुटुसम्बन्धी रोगबाट तथा वीरेन्द्रनाथ खुजेलीको प्यारालाइसिसबाट मृत्यु भयो। त्यसैगरी माओवादी अपहरणमा परेका पूर्वाञ्चल सहक्षेत्रीय प्रशासक प्रेमप्रसाद सापकोटाको पनि समयमै उपचार नपाई निधन भयो।

गत वर्ष केही चर्चित पत्रकारहरूले पनि मृत्युवरण गरे। जसमध्ये प्रमुख रहे नेपाल पत्रकार महासंघका संस्थापक सभापति गोविन्द वियोगी, वियोगीको मृत्यु ७६ वर्षको उमेरमा हृदयाघातबाट भयो। त्यसैगरी कास्की कारागारमा थुनामा राखिएका ३२ वर्षीय पत्रकार महेश पहाडीले समयमै उपचार नपाएका कारण मृत्युवरण गर्नुपर्‍यो भने धरान टुडेका सम्पादक खगेन्द्र श्रेष्ठको अज्ञात बन्दुकधारीहरूले गोली हानी हत्या गरे।

केही चर्चित साहित्यकारहरूले पनि गत वर्ष मृत्युवरण गरे। जसमध्ये प्रमुख रहे– विनय रावल। गजलकार रावल दार्जीलिङमा भएको मोटर दुर्घटनामा परे भने अनुवादक साहित्यकार चैतन्यकृष्ण उपाध्यायको ६७ वर्षको उमेरमा मस्तिष्कघातका कारणले मृत्यु भयो।

गत वर्ष मृत्यु हुने केही प्रमुख राजनैतिक व्यक्तित्वहरूमध्ये प्रमुख रहे– शिवराज पन्त। २०१६ सालमा गठित बी.पी. मन्त्रिपरिषद्मा वन, खाद्य तथा कृषिमन्त्री रहेका पन्त ८४ वर्षका थिए। मृत्युवरण गर्ने अर्का राजनीतिज्ञ नेपाली कांग्रेस (प्रजातान्त्रिक) का शिवराज सुवेदी थिए। सुवेदीको ७६ वर्षको उमेरमा मधुमेह रोगका कारण मृत्यु भयो।

नेकपा (एमाले) का केन्द्रीय सल्लाहकार महेशमणि दीक्षितको ७६ वर्षको उमेरमा मस्तिष्क क्यान्सरबाट निधन भयो भने पूर्व गृहमन्त्री तथा राजपरिषद् स्थायी समितिका पूर्वसभापति वेदानन्द झाले पनि मृत्युवरण गरे। मृत्युवरण गर्ने अन्य प्रमुख राजनैतिककर्मीहरूमा पुराना कम्युनिस्ट नेता शम्भुराम श्रेष्ठ तथा पुराना किसान नेता तीर्थमान ज्यापू पनि छन्।

वाचनशिरोमणि पण्डित नारायणप्रसाद पोखरेलको अज्ञात समूहले गोली हानी हत्या गर्‍यो भने चलचित्र निर्माता भगवान्दास श्रेष्ठ तथा जनप्रिय क्याम्पस पोखराका प्रमुख गणेशमान पालिखेको हत्या माओवादीहरूले गरे।

गत वर्ष उद्योगपति कृष्णबहादुर अमात्यको ८३ वर्षको उमेरमा, भजन संगीतकार कृष्णमान डंगोलको ८१ वर्षको उमेरमा तथा आनन्दकुटी विद्यापीठका संस्थापक न्हुच्छेबहादुर बज्राचार्यको ८६ वर्षको उमेरमा निधन भयो।

त्यसबाहेक दस वर्षअघि आफूलाई एचआईभी एड्स भएको सार्वजनिक घोषणा गर्ने शरण क्षेत्रीको निधन एड्सकै कारण भयो भने भारतीय सेनामा सबैभन्दा उच्च पदमा पुग्ने परमवीरचक्रबाट सम्मानित नेपाली लेफ्टिनेन्ट कर्णेल धनसिंह थापामगरको ७७ वर्षको उमेरमा निधन भयो।

# युवापुस्ता : बदलिँदो शैली



**विदुर खतिवडा–**

वर्ष २०६२ की 'मिस टिन' प्रियंका कार्की तथा उनका भाइ एउटा पार्टीमा गएका थिए। रातभरि चलेको उक्त पार्टीमा भाइलाई सम्पूर्ण अवधि बस्न दिइए पनि प्रियंकालाई भने रात छिप्पिन नपाउँदै घर फर्किने हतारो भैसकेको थियो। 'अभिभावकले अझै पनि छोरालाई दिएजति स्वतन्त्रता छोरीलाई दिँदैनन्,' प्रियंका भन्छिन्- 'समाजले के भन्ला भन्ने डरले अभिभावकहरू त्रसित हुन्छन्।'

युवापुस्ता सधैं स्वतन्त्रता खोजिरहेको हुन्छ। खुल्ला वातावरणको समाजमा आफ्ना गतिविधि स्पष्ट रूपमा राख्न पाइने चाहनाले हुनसक्छ, उनीहरू आफ्ना अगाडि थुप्रै बाधा-व्यवधान खडा भएको देख्छन्। उनीहरूको भनाइ हुन्छ- 'हामी र अग्रजहरूमा 'जेनेरेसन ग्याप' छ। जेनेरेसन ग्यापकै कारण छोराछोरी तथा आमाबाबुबीच नै मतभेद उत्पन्न भैरहेको हुन्छ। 'नेपाली समाज ढिलो गतिमा परिवर्तन भैरहेको छ, तर हामी छिटो,' प्रियंकाका अनुसार सूचना तथा सञ्चार प्रविधिको सहयोगले नयाँ पुस्तामा धेरै परिवर्तन ल्याइदिएको छ, तर समाज र अभिभावक यो यथार्थलाई तत्कालै स्वीकार गर्ने पक्षमा छैनन्। प्रियंका कलेज, कार्यालयपछि साथीहरूसँग 'ग्यादरिङ' मा पनि पुग्छिन्। अभिभावकलाई मनाएर मात्र बाहिरी गतिविधिमा सहभागी हुने गरेको उनले बताइन्।

यो समाचार तयार पार्दा नेपाली युवाको ठूलो हिस्सा राज्य व्यवस्था परिवर्तनको माग गरिरहेको छ। सायद स्वतन्त्रतालाई लोकतन्त्रले मात्र सम्मान गर्न सक्छ भन्ने उनीहरूको बुझाइ हुनसक्छ। त्यसबाहेक उनीहरू व्यक्तिवादी शासनसत्ताको विरुद्धमा पनि छन्। लोकतन्त्रमा आफ्ना कुरा स्पष्ट राख्न पाइने भएकाले उनीहरू परिवर्तनको पक्षमा लागेका छन्।

२०६२ को अन्त्यसँगै आज २०६३ को पहिलो दिन हो। यहाँसम्म आइपुग्दा नेपालको समग्र स्थिति त्यति राम्रो नभए पनि हाम्रो अहिलेको पुस्ताको जीवनशैलीमा थुप्रै परिवर्तन आइसकेको छ। सञ्चार साधनकै कारण पश्चिमी संस्कृतिको प्रभाव पनि त्यत्तिकै छ। केही समयअघि मिस इन्टरनेशनल नेपाल भएकी निशा अधिकारीले आँखिभौंमा लगाएको मुन्द्रा पश्चिमी संस्कृतिको प्रभाव मान्न सकिन्छ। निशा भन्छिन्- 'सौखका कारण मुन्द्रा लगाएकी हुँ।' ठमेल, न्युरोडजस्ता पर्यटकीय क्षेत्रमा नाइटो, छाती तथा अनुहारका विभिन्न स्थानमा मुन्द्रा लगाउनेहरू देखिन्थे। निशाकै भनाइअनुसार थुप्रै नेपाली अहिले यो संस्कारलाई अनुसरण गरिरहेका छन्। 'टाटुपछि आएको नयाँ फेसन हो यो,' उनले भनिन्- 'सबैले देख्ने अनुहारमा टाटु खोपेर अनुहार बिगार्नुको सट्टा मुन्द्रा लगाएकी हुँ। नेपाली आदिवासी समुदायमा टाटु खोप्ने चलन धेरै अघिदेखि भए पनि सहरिया युवामा पश्चिमी संस्कृतिले प्रभाव पारेको देखिन्छ। पश्चिमी संस्कृतिकै प्रभावका कारण पलायन भएर गएको पूर्वीय संस्कृतिका कतिपय पक्ष पनि पुनरागमन भएका छन्। विवाहमा थ्री पिस सुटको सट्टा बेहुलाले पुरानै संस्कृतिलाई निरन्तरता दिँदै दौरा-सुरुवाल लगाउने चलन बढेको छ। पश्चिमी तथा पूर्वीय सभ्यताका फेसनबीचमा समन्वय भएको छ। काम गर्ने समयमा सजिला आधुनिक पहिरन लगाउनेहरू पर्व-उत्सवहरूमा संस्कृतिलाई सम्झन्छन्। विवाहकै प्रसंगमा 'ब्यान्ड बाजा' अनिवार्य भैसकेको थियो। यसले परम्परागत पञ्चैबाजालाई विस्थापित गरेको थियो, तर अहिले फेरि ब्यान्डको सट्टा पञ्चैबाजाले महत्त्व पाउन थालिसकेको छ।



सहरिया परिवेशमा हेर्ने हो भने अहिलेको पुस्ताको दैनिक जीवन व्यस्त देखिन्छ। उनीहरू बिहान कलेज, दिउँसो कार्यालय र बेलुका डिस्कोथेकसम्मको यात्रामा हुन्छन्। समय कसरी मिलाउनुहुन्छ त ? प्रियंका भन्छिन्- 'अनिवार्य गर्नैपर्ने कामलाई प्राथमिकता दिएर मनोरञ्जनमा सहभागी हुन्छु।'

समयको परिवर्तनसँगै पोसाकमा पनि अहिलेको पुस्ता धेरै सचेत भैसकेको छ। टेलिभिजन र सिनेमामा देखिएका सेलिब्रेटी मोडलहरूको फेसन बजारमा आइसकेको हुन्छ। जसमध्ये मन परेको वस्तु र शैलीलाई युवायुवतीले समातिहाल्छन्। नेपाली बजारमा देखिएका स्लिभलेस पहिरन, छोटा स्कर्ट, हिपपप पोसाक त्यसका उदाहरण हुन्। अहिलेका युवा-युवतीहरू गरगहना पनि त्यत्तिकै लगाउँछन्। कान र घाँटीमा 'झ्याप्प' गहना लगाएकी प्रियंका भन्छिन्- गहना सुनचाँदीका भन्दा स्टोन र रफ टाइपका हुन्छन्। त्यसो त साप्ताहिकमै दुई अंकअघि दाँतमा हीरा राख्ने फेसनसम्बन्धी समाचार प्रकाशित भएको थियो। पोसाकमा युवाले जिन्स सबैभन्दा बढी मन पराउँछन्। 'जिन्समा पनि रफ जिन्स मन पराउँछु,' निशाले बताइन्।

पछिल्लो समयमा 'क्यारियर' भन्ने शब्द सहरिया युवापुस्ताको मुखमा झुन्डिएको हुन्छ। 'यदि तिमी समाजमा आफ्नो पहिचान कायम राख्न चाहन्छौं भने अलग काम गरेर देखाऊ।' यो भनाइलाई आधार बनाएर अहिलेको पुस्ता विकसित नयाँ प्रविधिको सहायतामा अलग कामको खोजीमा देखिन्छन्। राम्रा विद्यार्थीहरूले रुचिअनुसार डाक्टर-इन्जिनियरको अध्ययन गरे पनि अहिलेका युवा विद्यार्थीहरू नयाँ विषयवस्तुको खोजीमा हुन्छन्। नोबल एकेडेमीमा कक्षा १२ मा अध्ययनरत सुमन कार्कीका अनुसार आफ्नो छनौटको विषयमा मात्र राम्रो गर्न सकिन्छ। व्यवस्थापन संकायअन्तर्गत 'आईसीटी म्यानेजमेन्ट' मा क्यारियर बनाउने योजना उनले सुनाए।

'डोर टु डोर' सेवा दिँदै आएको वितरक डटकमका प्रमुख कार्यकारी अधिकृत सुमन शाक्य सफल युवा व्यवस्थापकको एक उदाहरण हुन्। १० वर्ष मिडिया मार्केटिङमा सफल व्यवस्थापकका रूपमा बिताएका शाक्यले २०५७ सालदेखि 'डाइरेक्ट मार्केटिङ' मा आधारित व्यवसाय थाल्दा उनलाई पियनको काम गर्न थाल्यो भन्ने आरोप लागेको थियो। वितरकले विभिन्न संघसंस्था तथा व्यक्तिको ठेगाना (डेटाबेस) तयार गरेर उनीहरूका घरायसी काममा सहयोग पुर्‍याउने काममा पहिलो चरणको सफलता पाइसकेको छ। बैंक स्टेटमेन्ट पुर्‍याउने, नयाँ उत्पादनको प्रतिक्रिया लिने तथा सामग्री वितरणमा वितरकको पहिचान कायम भएको छ। 'डेटाबेस डाइरेक्ट मार्केटिङ' अबको बाटो हो, उनले भने- 'सर्वसाधारणलाई सजिलो हुने गरी घरघरमै सेवा पुर्‍याउनु हाम्रो लक्ष्य हो।'

युवाहरूसँगको कुराकानीका क्रममा एक कलेजमा युवतीहरूको एउटा यस्तो समूह देखियो, जो निर्धक्कका साथ चुरोट पिइरहेको थियो। परिचय नगरी उनीहरूसँग कुराकानी गर्न सक्ने वातावरण नै थिएन। त्यसपछि कुराकानीकै क्रममा संवाददाताले 'चुरोट किन पिउनुहुन्छ ?' भन्ने प्रश्न तेर्स्याउन नपाउँदै एक युवतीले आक्रोशित मुद्रामा भनिन्- 'यो प्रश्न केटाहरूलाई सोध्नुहोस् न, उनीहरूले खान हुने, हामीले नहुने भन्ने छ ?' उनको प्रतिप्रश्नमा जवाफ दिने ठाउँ नै थिएन, चुरोट पिउनुलाई सामान्य रूपमा लिइरहेका उनीहरूले साथीसंगी र सौखका कारण चुरोट खान सिकेको बताए। 'धूम्रपान गर्नु सबैका लागि हानिकारक हुन्छ नै,' निशा भन्छिन्- 'खासगरी केटी मान्छेको शारीरिक संरचनाले पनि चुरोट खान मिल्दैन।

'इट्स द टाइम टु डिस्को, आज भरे डिस्कोमा जाऔँ है,' मोबाइलमा म्यासेज एक सेकेण्डमै लेखिसक्न भ्याउँछन् सन्दीप कुँवर, आफ्ना उमेरका साथीहरूको समूहमा डिस्को जाने तथा अन्य स्थानमा 'इन्टरटेन' गर्नेबारेमा उनले केही सेकेन्डमै लेखिसक्न भ्याए। सञ्चार प्रविधिको विकासले मोबाइल तथा इन्टरनेट म्यासेज पठाउने चलन आइसकेको छ। सहरिया युवाहरू मोबाइलजस्तो सानो डिभाइसमा पनि फटफट औंला चलाउँदै 'म्यासेजिङ' गरिरहेका हुन्छन्। रातको नौ बजे सुरु भएको डिस्को १२ बज्दा मात्र वास्तविक बाटो लिन थालेको हुन्छ। पातला र छोटा पहिरन डिस्कोको विशेषता नै बनेको छ।

'डान्स पार्टी युवाहरूको रुचिको अर्को क्षेत्र हो। चर्को ध्वनिका गीतमा सक्दो नाच्न सकिन्छ, यसले शरीरमा फुर्ती ल्याउँछ,' राजधानीमा हुने डान्स पार्टी नछुटाउने एक युवती भन्छिन्- 'यसमा परिवार नै सहभागी भएर पनि रमाइलो गर्न सकिन्छ।'

देशमा विकसित हुँदै गएको विषम परिस्थितिका कारण अहिलेको पुस्तामा घुम्नका लागि नयाँ स्थानमा जाने भन्दा पनि जाने-बुझेको स्थानमा पुग्छन्। नगरकोट, धुलिखेल, दक्षिणकालीजस्ता स्थानमा जानुभन्दा राजधानीकै कुनै स्थानमा घण्टौं बिताउन चाहन्छन् अहिलेका युवायुवतीहरू। डनबस्को कलेजमा कक्षा १२ मा अध्ययनरत अनिल भट्टराईका अनुसार प्रायःले सिनेमा हल वा स्थानीय पार्कलाई मनोरञ्जनको थलो बनाईरहेका हुन्छन्।

स्वतन्त्रता धेरै दिँदा, बाबुआमाले समयमै पर्याप्त ध्यान नदिँदा तथा छोराछोरीको चाहनाविपरीत असमझदारी बढ्दै जाँदा अहिलेको युवापुस्ताको केही हिस्सा कुलतमा लागेको देखिन्छ। अरूका छोराछोरी बिग्रिएको देखेर पनि बाबुआमा जहिले पनि चिन्तित देखिन्छन्। डनबस्कोमै अध्ययनरत अस्मिता हमाल भन्छिन्- '१० जनामा २ जना नराम्रो हुँदा पनि कुरा नराम्रोकै बढी हुन्छ।'

सहरिया युवायुवतीमा ब्वाइफ्रेन्ड र गलफ्रेन्ड बनाउने चक्कर पनि त्यत्तिकै बढ्दै गएको छ। नभएकाहरू पनि लहैलहैमा छ भनिरहेका हुन्छन्। 'छैन भन्दा सबैले हेर्ने दृष्टिकोण अर्कै हुन्छ', हिमालयन ह्वाइट हाउसका सन्तोष भट्टराई भन्छन्- 'कसले धेरै गर्लफ्रेन्ड बनाउन सक्छ भन्ने अघोषित प्रतिस्पर्धा नै भैरहेको हुन्छ। युवतीहरू पनि ब्वाइफ्रेन्ड छ भन्नमा गर्व गरिरहेका हुन्छन्। 'नेपाल' साप्ताहिकले एक वर्षअघि गरेको एक सर्वेक्षण अनुसार ५६ प्रतिशत केटाले विवाहअघिको यौनसम्पर्क उचित भनेका थिए भने ६४ प्रतिशत युवती त्यसको विरुद्धमा थिए। नराम्रो सम्बन्धबाट समस्या उत्पन्न भएमा समाजले केटी मान्छेलाई नराम्रो दृष्टिकोणले हेर्ने तथा पीडा पनि केटी मान्छेले नै भोग्नुपर्ने भएकाले केटीले सचेत हुनुपर्ने सर्वेक्षणको सन्देश थियो। कतिपय अवस्थामा मन मिलेको ब्वाइफ्रेन्डले पनि यस्तो आग्रह राख्न सक्छ। प्रियंका र निशा एक स्वरमा भन्छन्- 'केटाहरूले जबर्जस्ती गर्नु भनेको बलात्कार गरेसरह नै हो। जे भए पनि विवाहअघि यौनसम्पर्क राख्ने संस्कार बढ्दै गएको छ।' प्रियंकाका अनुसार जीवनसाथी नै हुने हो भने समझदारीमा ठिकै हो, नत्र समस्या केटीलाई नै हुन्छ।'

मुलुकको जनसंख्याको ५२ प्रतिशत हिस्सा युवाहरूले ओगटेका छन्। विगत एक दशकदेखि चलिरहेको सशस्त्र द्वन्द्वका कारण मुलुक छाडेर वैदेशिक रोजगारमा जाने युवाहरूको संख्या पनि उल्लेख्य छ। यसबाहेक अध्ययनका लागि विदेश जानेहरूको संख्या पनि त्यत्तिकै छ। सामान्य रोजगारका लागि जानेहरू अरब मुलुक तथा मलेसिया जान्छन् भने प्राविधिक विषयमा अध्ययन गरेकाहरू युरोप, अमेरिका पुगेका छन्। युरोपियन राष्ट्रमा अध्ययन तथा कामका लागि जान चाहनेहरू पनि धेरै छन्। नेपाली युवाका लागि अमेरिका 'ड्रिम प्रोजेक्ट' मा पर्छ। डिभी चिठ्ठा परेर पनि थुप्रै युवा त्यसतर्फ पलायन भएका छन्। खाडी मुलुक तथा मलेसिया जानेहरू स्वदेश आएर बेरोजगार हुनुभन्दा कम पैसाको रोजगारमै सन्तुष्ट भएर बसिरहेका पाइन्छन्।

ग्रामीण परिवेशका युवायुवती अध्ययन पूरा गर्न नपाउँदै छिमेकी मुलुक भारततर्फ पलायन भैरहेका हुन्छन्। गाउँघरको सामाजिक क्रियाकलापमा सक्रिय हुने युवाहरू द्वन्द्वका कारण गाउँघर छोड्ने अवस्थामा पुगेका छन्। माओवादीले मिलिसियामा भर्ना गराउन चाहने र राज्यले नराम्रो दृष्टिकोण राख्ने भएकाले गाउँमा बस्न नसक्ने अवस्था छ। मुलुकका केही ग्रामीण क्षेत्रमा भने युवाहरूले सहरिया युवाभन्दा पनि राम्रा र सकारात्मक कार्य गरिरहेको पाइन्छ।

सूचना तथा सञ्चार प्रविधिको विकासले गर्दा आजभोलि युवायुवतीहरू इन्टरनेटमा च्याट गरेर पनि समय बिताइरहेका हुन्छन्। अनलाइन च्याटमा बसेर नयाँ साथीहरूसँग कुराकानी गर्ने, वेभक्याम्पको सहायताले एक अर्कालाई चिन्ने सुविधा इन्टरनेटले उपलब्ध गराएको छ।

गीतसंगीतको दुनियाँमा युवापुस्ताको स्वाद पनि परिवर्तन हुँदै गएको पाइन्छ। लोक, लोकदोहोरी, आधुनिक, गजल, पप, रक पछि अहिले र्‍याप संगीतले युवा पुस्तामा स्थान पाएको छ। हिपपप शैलीका र्‍याप गीतहरूको प्रयोग पनि अहिले तीव्र गतिमा बढिरहेको छ। सुनिने मात्र गरेको गीत संगीतलाई टेलिभिजनमा हेर्न पाइने भएकाले म्युजिक भिडियोको क्रेज पनि उत्तिकै छ।

युवायुवतीमा २०६३ सम्ममा आएका परिवर्तनमध्ये एक हो– यौनका विषयमा खुला बहस। युवापुस्ताले लाज मान्नुपर्ने भनिएको यो विषयमा उदार भएर छलफल गर्न थालेको छ। 'यौनका कुरा धक मान्नुपर्ने विषय होइन,' नोबलका सन्दीप भन्छन्। पछिल्लो अवधिमा विकसित भएको नयाँ संस्कार हो– अंग्रेजी भाषा जान्नैपर्ने। अन्तर्राष्ट्रिय भाषा अंग्रेजी नेपालमा पनि अघोषित रूपमा दोस्रो भाषा भैसकेको छ। हरेक कामका लागि अंग्रेजी जान्नैपर्ने भएकाले नजान्नेहरूका निम्ति अंग्रेजी टाउको दुखाइ बन्ने गरेको छ।

# जाग्न सकेन चलचित्रको संसार



काठमाडौं– '६० को दशक लागेयता चलचित्रकर्मीहरू नै चलचित्र व्यवसाय सुरक्षित व्यवसाय नभएको बताउँदै छन्। '५० को दशकलाई नेपाली चलचित्रको स्वर्णकाल मान्ने चलचित्रकर्मीहरू अब चलचित्रमा लागेर केही हुँदैन भन्ने निक्यौंलमा पुगिसकेका छन्। यद्यपि एउटा जमात यस्तो छ, जसले चलचित्रकर्म पटक्कै छाड्न सकेका छैनन्। चलचित्रको नसा लागिसकेको यो जमात जस्तोसुकै अवस्थामा पनि चलचित्रकर्मप्रति कटिबद्ध छ। २०६१ सालमा चलचित्रको बजार ह्वात्तै घटेको थियो। २०६२ मा आएर भने त्यसमा केही सुधार आएको छ। चलचित्रको बजार अध्ययनका लागि चलचित्रकर्मीहरूको व्यस्तता, चलचित्र निर्माणमा आएको संख्यात्मक वृद्धि, चलचित्र हेर्न पुगेका दर्शकहरूको घुइँचो तथा चलचित्रको आम्दानी आदिलाई आधार मान्न सकिन्छ।

मेरो गोरुको बाह्रै टक्का भन्ने अधिकांश चलचित्र निर्माता आफ्नो चलचित्रले घरखेत डुबाए पनि 'मेरो चलचित्र फ्लप भयो' भन्न रुचाउँदैनन्, तर वितरकहरूको तथ्यांक, चलचित्रको चर्चा, दर्शकहरूको भनाइ, बजारको हल्ला आदिका आधारमा यो वर्ष अधिकांश चलचित्र व्यावसायिक रूपमा असफल साबित भए। अन्तर्राष्ट्रिय जगत्मा चलचित्रको व्यवसायलाई 'बक्स अफिस' का आधारमा मूल्याङ्कन गरिन्छ। नेपालमा भने सरकारी 'चलचित्र विकास बोर्ड' जस्तो छुट्टै निकाय तथा नेपाल चलचित्र संघ, चलचित्र निर्माता संघजस्ता अनगिन्ती संघ-संस्था भए पनि 'बक्स अफिस'को अवधारणालाई अगाडि ल्याउने कार्य भने कसैले थालेका छैनन्। आपसी मतभेद तथा सरकारको चाकडीमा व्यस्त चलचित्रकर्मीहरूबाट यस्तो आशा गर्न पनि सकिँदैन। २०६२ भरि पनि कसैले यसतर्फ कदम चालेनन्। अर्कातर्फ त्यस्तो भएमा मिलेमतोमा ५१ दिन वा सय दिनको नाटक गर्नेहरू नाङ्गिन्छन् भन्ने डर पनि छ।

जे जस्तो भए पनि २०६२ मा चलचित्र क्षेत्रमा सफलता र असफलताका कुरा भने भई नै रहे। विभिन्न तथ्यांकअनुसार वर्ष २०६२ मा २५ वटा चलचित्रले प्रदर्शन आरम्भ गरे, जुन अघिल्लो वर्षभन्दा बढी हो। तीमध्ये ७० प्रतिशत चलचित्रले असफलताको स्वाद चाखे। यद्यपि त्यस्ता चलचित्रको निर्माण पक्ष भने जानी-जानी बुझ पचाइरहेको छ। उनीहरू आफ्ना चलचित्रलाई असफल भन्न चाँहदैनन्। बाँकी ३० प्रतिशत चलचित्रमध्ये २० प्रतिशत चलचित्रले आफ्नो लगानी उठाएको मान्नुपर्छ भने १० प्रतिशतजति चलचित्रलाई व्यावसायिक रूपमा सफल मान्न सकिन्छ। व्यावसायिक रूपमा सफल चलचित्रमा काम गर्ने राजेश हमाल तथा निखिल उप्रेतीको अभिनयभन्दा पनि कुकुर र बाँदरको अभिनयलाई दर्शकहरूले बढी रुचाए र निर्देशक दीपक श्रेष्ठ तथा निर्माता राजकुमार राईको चलचित्र 'पापी मान्छे' ले बाजी मार्‍यो। यो चलचित्रले उपत्यकामा मात्र होइन, मोफसलतिर पनि प्रशस्तै दर्शक बटुल्यो। पापी मान्छेले निर्माता राई तथा निर्देशक श्रेष्ठलाई राहत पुर्‍याए पनि नायकद्वय राजेश र निखिललाई भने निरन्तरताको स्वाद मात्र चखायो। चलचित्र पूर्णतः व्यावसायिक धारमा बगेको थियो। व्यवसायको हिसाबमा 'पापी मान्छे' वर्ष २०६२ को नम्बर एक स्थानमा रहेको चलचित्र सबित भएको छ।

वर्ष ०६२ मा द्वन्द्वप्रधान चलचित्रले मात्र सफलता पाउन सक्छन् भन्ने मान्यता निर्माताहरूमा व्याप्त रह्यो। यो वर्ष जति पनि चलचित्र निर्माण गरिए, ९० प्रतिशत चलचित्र द्वन्द्वप्रधान नै थिए। नायकहरू मात्र होइन, यो वर्ष नायिकाहरूलाई पनि द्वन्द्व गराइयो।



यद्यपि निर्माता तथा निर्देशक नरेश पौड्यालले 'ट्रेन्ड' लाई नपछ्याई एउटा विशुद्ध प्रेमकथात्मक चलचित्र निर्माण गरे– 'धड्कन'। यो चलचित्रको विशेषता भन्नु नै पछिल्लो समयमा नेपाली चलचित्रमा 'एक्सन' हावी गराउने नायक निखिल उप्रेतीलाई पूरै 'रोमान्टिक' भूमिकामा प्रस्तुत गर्नुलाई मान्न सकिन्छ। चलचित्रमा दुई जोडी नायक-नायिका छन्– निखिल र अरुणिमा लम्साल तथा रमित ढुंगाना र रेखा थापा। पूरै रोमान्टिक एवं कलरफुल चलचित्रका रूपमा प्रदर्शन भएको यो चलचित्रले व्यावसायिक सफलता पाउनुको मुख्य कारण सुरेश अधिकारीको संगीतमा रहेका यसका 'मेलोडियस' गीतलाई मान्न सकिन्छ।

राष्ट्रिय स्तरकी तेक्वान्दो खेलाडी संगीना वैद्यले अभिनय गर्ने भनिएको चलचित्र 'दुर्गा' मा अन्ततः रेखा थापाले उक्त भुमिका निर्वाह गरिन्। सोभित बस्नेतको निर्देशन रहेको यो चलचित्रमा रेखाले आफ्नो अदा र सुन्दरताभन्दा पनि पूरै लडाकुको चरित्रमा आफूलाई प्रस्तुत गर्ने मौका पाएकी थिइन्। सबैतिरबाट उनको द्वन्द्वकलाको प्रशंसा भयो। रेखाले आफूमा अंग प्रदर्शन, कामुक शैली, रोमान्टिक अभिनय मात्र होइन, एक्सन पनि गर्न सक्ने क्षमता भएको प्रमाणित गरिन्। त्यसो त हालै मात्र उनले आफ्नै लगानी रहेको चलचित्र 'हिम्मत' का लागि भोटेकोसीमा साँच्चीकै बञ्जी जम्प गरेकी छिन्। चलचित्र 'दुर्गा' पछि रेखाले आफ्नो 'एक्सन इमेज'लाई कायम राख्न सकिन्। अन्यायमा परेकी एक युवतीले मार्शल आर्टको प्रशिक्षण लिएर आफ्ना शत्रुहरूलाई सखाप पारेको कथामा आधारित यो चलचित्रको जस्तै कथामा भारतमा थुप्रै चलचित्र बनिसकेका छन् भने विगतमा गौरी मल्ल अभिनीत चलचित्र 'आँधिबेहरी'को कथा पनि यस्तै थियो। जे भए पनि प्रस्तुतिका हिसाबबाट निर्देशक सोभित बस्नेतले 'दुर्गा'बाट आफ्नो पोल्टामा एउटा अर्को सफल चलचित्र सँगाल्न सके।



नेपाली चलचित्रलाई व्यवसयिकतातर्फ डोर्‍याउने तीन नायक शिव श्रेष्ठ, भुवन केसी तथा राजेश हमालले पहिलो पटक एकसाथ अभिनय गरेको निर्देशक सोभित बस्नेतको अर्को चलचित्र 'राजु राजाराम'ले पनि सफलताको झन्डा गाड्यो। द्वन्द्व, हास्य तथा सामाजिक कथामा आधारित उक्त चलचित्रमा जल शाह, झरना थापा तथा रेजिना उप्रेती नायिका थिए। प्रदर्शनपूर्व नै तीन नायकका कारण चर्चामा आएको यो चलचित्रले उपत्यकाबाहिर तथा उपत्यका सबैतिर दर्शक बटुल्न सक्यो। चलचित्रको कथा एवं प्रस्तुतीकरणमा '८० र '९० को दशकका भारतीय चलचित्रहरूको प्रभाव थियो।

चलचित्र 'मुगलान' र 'कर्मयोद्धा' वर्ष २०६१ को अन्त्यमा सेन्सर भएको थियो। निर्माता केशव भट्टराईको चलचित्र 'कर्मयोद्धा'को वर्ष २०६२ को आरम्भमा प्रदर्शन सुरु भए पनि राष्ट्रिय चलचित्र महोत्सवमा सहभागी गराउने उद्देश्यले 'मुगलान' को प्रदर्शन २०६१ को चैत महिनाको अन्त्यमा थालिएको थियो। जबकि यसले आफ्नो व्यावसायिक सफलता भने २०६२ लागेपछि मात्र पायो। दयाराम दाहालद्वारा निर्देशित चलचित्र 'कर्मयोद्धा'ले मोफसलमा दर्शकहरू बटुल्न सके पनि राजधानीमा भने यो चलचित्रको व्यवसाय सामान्य रह्यो। राजेश हमाल, निखिल उप्रेती, रेखा थापा, सज्जा मैनाली आदि कलाकारले अभिनय गरेको यो चलचित्रभन्दा शिव रेग्मीद्वारा निर्देशित चलचित्र 'मुगलान' को विषयवस्तु उत्कृष्ट थियो। मुग्लानमा बेरोजगारीको समस्याबाट ग्रसित युवाहरू बिदेसिने चलनलाई अत्यन्तै मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ।



वर्ष ०६२ को अन्त्यमा मोफसलबाट सार्वजनिक भएको निर्माता तथा नायक निखिल उप्रेतीको चलचित्र 'सावधान'को व्यावसायिक परिणाम सार्वजनिक भएको छैन। बेरोजगारी समस्या, एक्सन दृश्य तथा स्पेसल इफेक्ट्सको राम्रो प्रयोगका कारण यो चलचित्रले सफलता पाउन सक्छ भन्ने राय समीक्षकहरूको छ। समीक्षकहरू भन्छन्– 'यदि यो चलचित्रले सफलता पायो भने दर्शकहरू नेपाली चलचित्रको प्रस्तुतीकरणमा परिवर्तन चाहन्छन् भन्ने प्रमाणित हुन्छ। यदि असफल भयो भने नेपाली दर्शकहरू अझै पनि नेपाली चलचित्रमा परिवर्तन चाहँदैनन् भन्ने प्रमाणित हुन्छ।' यसै वर्ष सार्वजनिक भएका चलचित्रहरूमध्ये नायक/ निर्माता सुनीलदत्त पाण्डे तथा निर्देशक प्रकाश भट्टराईको 'भाग्य', निर्देशक प्रदीप श्रेष्ठ एवं निर्माता बाला गुरुङको 'दुई पल', निर्माता मधुसूदन सिलवाल र निर्देशक सुनील पाण्डेको 'ए पण्डितबाजे', निर्माता दिलकुमार विशुङ्के र निर्देशक कृष्ण चापागाईंको 'मैदान' आदि चलचित्रले पनि केही स्थानमा दर्शकहरूको मन जितेका थिए। चलचित्रको 'ट्रेन्ड'मा भने यो वर्ष पनि खासै परिवर्तन आएन। पुरानै तौरतरिकाका चलचित्रले यस पटक पनि निरन्तरता पाए। बरु चलचित्र निर्देशक तथा कलाकारहरूमा भने नयाँ पुस्ता हावी रह्यो। पुराना निर्देशकहरूमा तुलसी घिमिरे, युवराज लामा, यादव खरेल चुपचाप बसे भने सोभित बस्नेत, दिनेश डिसी, प्रदीप श्रेष्ठहरूले यो वर्ष चलचित्र क्षेत्र हाँके। निर्माता, वितरक तथा प्रदर्शकको 'च्वाइस'मा चलचित्र बनाउनुपर्ने बाध्यताबाट भने यो पुस्ता पनि अलग रहन सकेन।

**– सुव्रत आचार्य**

## साप्ताहिक टप -10

### पप

| | |
|---|---|
| च्याङ्बा होए च्याङ्बा | डिजे राजु |
| ए बाउ किन्देऊ न | श्रीकृष्ण लुइँटेल |
| सि ईज द बम | गिरीश एन्ड द युनिटी |
| आउँदै जाँदै | अग्लिज |
| छमछम पाउजु बजाउँदा | मिग्मा शेर्पा |
| बलेको आगो जलेको प्रेम | राजीव लोहनी . |
| मनको दैलो खोली | सुगम पोखरेल |
| भयो गल्ती | दीपेशकिशोर भट्टराई |
| पश्चात्ताप | दिव्य सुब्बा |
| केटी कति राम्री | म्याडजोन |

### चलचित्र

| | |
|---|---|
| बाह्र हाते पटुकी | मुग्लान |
| मेरो मनैको | धड्कन |
| उडायो मेरो मखमली | बन्दकी |
| आज मन उडेर भाग्छ | माया बसेछ |
| छुट्टी छोटो छ | कर्म योद्धा |
| लैजान्छु कलकत्ता | राजु राजा राम |
| सुटुक्कै | पापी मान्छे |
| सरर सराङकोट | मनमा माया |
| गमलाकै | भाइ भाइ |
| अस्तिको हिजोको | सावधान |

### लोकदोहोरी

| | |
|---|---|
| माझी दाइ पोखरा | मिलन लामा/बिमाकुमारी |
| सारंगी रेटौंला | हरिवंश आचार्य /लक्ष्मी न्यौपाने |
| ढाँट्न कहाँ पाइन्छ | असमि/अच्युत दवाडी |
| दिमाग खराब छ | भुवन केसी/निशा सुनार |
| छमछम पाउजुले | बुद्धिसागर बस्याल तथा साथीहरू |
| सरर पानी घट्टमा | पुरुषोत्तम न्यौपाने/बिमा कुमारी |
| तिमी गयौ | विमल डाँगी/बिमाकुमारी |
| के हुन्छ कुन्नि | राजु /विष्णु माझी |
| माया बैदामे | सुगम पोखरेल |
| चरी गुँडैमा | फूलमाया/लक्ष्मी/राजु |

### आधुनिक

| | |
|---|---|
| नौ जाले मायाले | राजेशपायल राई |
| सम्झी-सम्झी | आनन्द कार्की |
| भो अब हल्ला नगर | स्वरूपराज आचार्य |
| भेटिएर छट्नु भन्दा | कर्ण दास |
| तिमी मसँग नबोल्न अरे | सत्यकला राई |
| भिज्ला है आँसुले पछ्यौरी | रोशन गुरुङ |
| सिरीमा सिरी | वृन्दासिंह मुनाल |
| सबै आफ्नो भन्नु | दीप श्रेष्ठ |
| घटना | नेपथ्य |
| बाटो काट्दा | अरुण कार्की |

**स्रोत : एफ.एम. तथा टेलिभिजन च्यानलहरू**

# धेरै घटना थोरै गसिप

सुव्रत आचार्य

राजेश हमाललाई निखिल उप्रेतीले जिते। बिपना थापा र जल शाहको राजनैतिक वक्तव्य। तुलसी घिमिरे चुपचाप। दिलीप रायमाझीको क्रेज घट्यो। नायक-नायिकाहरूमा चलचित्र निर्माण गर्ने लहड। करिश्मा आइन् र फेरि गइन्। पूजा चन्द गएको गयै भइन्। रमेश उप्रेती सानो पर्दामा। चलचित्रमा नयाँ पुस्ताले रजाइँ गऱ्यो। भुवन केसीले लोकदोहोरी गाए। अखबारहरूको पहिलो पृष्ठमा चलचित्र समाचारले स्थान पाउने भएका भए वर्ष २०६२ मा यस्ता शीर्षकहरू छापिन्थे होला। कुन चलचित्रले सफलता पायो ? कुन चलचित्रमा कसले अभिनय गर्दैछ ? कुन चलचित्रको छायाङ्कन सकियो वा आरम्भ भयो ? जस्ता समसामयिक खबरभन्दा पनि पर्दापछाडिका हल्ला वा 'गसिप'हरूले पनि वर्ष ०६२मा केही चलचित्रकर्मीलाई चर्चामा ल्यायो।

दसैंताका नायिका पूजा लामाले आत्महत्याको प्रयास गरेर चलचित्रमा अभिनय गरेर नपाएको चर्चा पाइन्। सञ्चारकर्मी तथा निर्देशक दिनेश डिसीले 'डिपली लभ' गरेपछि पनि विवाहका लागि अस्वीकार गरिदिँदा पूजाले अत्यधिक मात्रामा स्लिपिङ ट्याब्लेट खाएर आत्महत्याको प्रयास गरेकी थिइन्। त्यसपछि उनलाई चिन्दै नचिन्नेहरूले पनि पूजा लामा भन्ने नायिका तथा गायिका पनि छिन् भन्ने कुरा थाहा पाए। त्यो घटनाबाट पूजा बाँचिन्। यद्यपि दिनेशले भने सामाजिक अपमान बेहोर्नुपऱ्यो। पछि फेरि पूजा र दिनेशको सम्बन्ध गाँसियो। एउटा कार्यक्रमको सिलसिलामा कतार जाँदा सँगै बसेको यो जोडीले खुलेआम गरेको हर्कतले उनीहरूसँगै जाने अन्य कलाकारहरू-समेत लज्जित बनेको समाचार पनि आयो। अहिले पनि उनी-हरूबीच सम्बन्ध सुचारु छ।

नायिका रेखा थापा पनि वर्षभरि चर्चामा रहिन्। आफ्ना समकालीन मात्र होइनन्, अग्रज नायिकाहरूलाई समेत व्यस्तताका आधारमा उनले पछि पारिन्। 'ग्ल्यामर' को मामिलामा नहिच्किचाई अघि बढ्न खोज्ने यी नायिका 'साप्ताहिक' को स्तम्भ 'लभगुरु रेखा' का कारण



चलचित्रवृत्तमा 'लभगुरु' को उपनामबाट पनि चर्चित भइन्। यसका अतिरिक्त उनी केही नायकसँग बोलचाल बन्द गरेको हल्लाका कारण पनि छापामा छाइरहिन्। नायकद्वय निखिल उप्रेती र रमित ढुंगानासँग उनको बोलीचाली नै बन्द भएको हल्ला वर्षभरि चलिरह्यो। रेखाले भने त्यो मात्र हल्ला भएको बताएकी छिन्।

नायिका करिश्मा मानन्धर अमेरिका पलायन भए पनि बीचमा एकपटक आएको बेलामा चलचित्र 'पापी मान्छे' मा अभिनय गरेकी थिइन्। उक्त चलचित्रले सफलता हासिल गऱ्यो। उनी यही वर्ष अर्को पटक नेपाल आइन्। छोरी कवितालाई लिन आएकी करिश्मा रित्तै अमेरिका फर्किन्। अर्की नायिका पूजा चन्द यसै वर्ष अमेरिका पलायन भइन्। श्रीमान सुरज चन्दसँग सम्बन्ध-विच्छेद गरेपछि एक्लै बस्दै आएकी पूजा पछिल्लो समय अभिनयबाट लगभग टाढा थिइन्।





वर्षको पूर्वार्द्धमा चलचित्र 'मैदान'को द्वन्द्व दृश्य छायाङ्कनमा नायक राजेश हमालको हातबाट तरबारको बिंड खुस्कँदा चलचित्रका छायाँकार युवराज राईको चारवटा दाँत भाँचियो। चलचित्रकर्मीहरूले



राजधानीको टुँडिखेलमा आयोजना गरेको नयाँ वर्षको स्वागत कार्यक्रममा मञ्चबाट ओर्लिने क्रममा लडेर अभिनेता सुनील थापाको दाहिने हात भाँचियो।

एउटा चलचित्र मात्र सार्वजनिक भए पनि भुवन केसी वर्षभरि चर्चामा आइरहे। उनले अभिनय गरेको चलचित्र 'राजु राजाराम'ले व्यावसायिक सफलता पायो। वैशाखमै उनले चलचित्र बनाउने घोषणा गरे पनि चैत महिनासम्म पनि उनको चलचित्र बन्ने सुरसार देखिएन। ठमेलका दोहोरी रेस्टुराँतिर देखिइरहने अभिनेता केसीले बरु एउटी दोहोरी गायिका निशा सुनारसँग लोकदोहोरी गीत गाएर एल्बम नै प्रकाशित गरे। उनको उक्त एल्बम 'दिमाग खराब छ' भन्दा पनि एल्बम कभरका लागि उनीहरूले खिचाएको 'हट' तस्बिरले बढी चर्चा पायो। बुढेसकाल लागे पनि भुवनले फेरि आफूलाई तन्नेरी नै रहेको साबित गर्ने प्रयत्न गरे। नायिका निरुता सिंह पनि 'गसिप' को घेराबाट मुक्त हुन सकिनन्। डाई गरेर केश पहेंलो बनाएकी निरुताको 'नजिकको मित्रता' चलचित्र निर्माता बाला गुरुङसँग रहेको चर्चा चल्यो।

पोखरामा उनीहरूले साथै समय बिताएको हल्ला चलचित्र क्षेत्रमा समय काट्ने गफका रूपमा पहिलो प्राथमिकतामा पऱ्यो।

नायिका जेनी कुँवरले यसै वर्ष चलचित्रकर्मी तथा सञ्चारकर्मीहरू-लाई बिना कुनै कारण एउटा तारे होटलमा भोज ख्वाइन्। भोज खान पुगेका कतिपय चलचित्रकर्मीले जेनी कुँवर भन्ने नायिका पनि चलचित्र क्षेत्रमा छिन् भन्ने पहिलो पटक थाहा पाएको बताउँदा उपस्थित सञ्चारकर्मीहरू तीनछक परे, तर उनको उक्त भोज भने बलिउड तथा हलिउडमा आयोजना हुने गरेका 'पेज थ्री पार्टी' को अवधारणामा आयोजित गरिएको थियो। यद्यपि जेनी कुँवर चलचित्रहरूमा उनले गरेका 'ग्ल्यामरस भूमिका' का कारण पनि चर्चामा रहिन्। अर्की नायिका पूजा प्रधान पनि धेरैपछि ग्ल्यामर्स भूमिकामा देखा परेको कुराले पनि पछिल्लो समय चर्चा पाएको छ।

यो वर्ष चलचित्र विकास बोर्डको आयोजनामा चलचित्र महोत्सवको आयोजना भयो। राष्ट्रिय स्तरबाट भएको उक्त महोत्सव सरकारी तवरबाट भएको पहिलो बृहत् महोत्सव थियो। महोत्सवको अवधारणा नेपाली चलचित्रको व्यावसायिक तथा प्राविधिक उत्थान गर्नु रहे पनि रवैया भने सरकारको चाकडीमै केन्द्रित रह्यो। चलचित्रकर्मीहरूमा पनि राष्ट्रवादी तथा लोकतान्त्रिकवादीको दुई खेमा देखियो। केही चलचित्रकर्मीले 'लोकतान्त्रिक चलचित्र मञ्च'को स्थापनासमेत गरे। नगर निर्वाचनका बेला नायिका बिपना थापा, हास्यकलाकार दीपकराज गिरी आदिले चुनावको खुलेरै विरोध गरे। उनीहरू त्यसपछि चर्चाको केन्द्र बने। अर्कातर्फ संगीतकार शम्भुजित बाँस्कोटा, कृष्ण मल्ल आदि भने सरकारकै समर्थकका रूपमा देखिए। बाँस्कोटा त सरकारी टेलिभिजन नेपाल टेलिभिजनको अध्यक्ष तथा महाप्रबन्धकको दोहोरो पदमा नियुक्तसमेत भए। नायिका जल शाह पनि चलचित्र जाँच समिति अर्थात् सेन्सर बोर्डकी सदस्य भइन्।

यसै वर्ष चर्चित हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले आफ्नो सहयात्राको २५ वर्ष पूरा गरे, तर उनीहरू चलचित्रको पर्दामा भन्दा पनि टेलिभिजनको पर्दामा बढी छाइरहे।

चलचित्रमा एक्सनको लहर चलेको बेलामा निर्देशक, निर्माता तथा नायक आकाश अधिकारीले पनि एउटा एक्सन चलचित्र बनाउने घोषणा गरे। त्यो चलचित्रमा उनी आफैं नायक छन्। एक्सन गर्ने क्रममा उनले आफ्नो खुट्टा भाँचे। त्यसपछि चलचित्रको छायाङ्कन केही समय रोकियो। चलचित्रमा चर्चा पाइरहेकी नायिका अरुणिमा लम्सालले यसै वर्ष विवाह गरिन्। चलचित्र 'धड्कन' मा नायक निखिलसँग उनले गरेको रोमान्टिक भूमिकाले चर्चा पायो। अर्कातर्फ उनको सम्बन्ध निर्देशक नरेश पौड्यालसँग जोडिएको 'हल्ला' निकै चल्यो। नरेशले केही समयअघि विवाह गरे। अरुणिमाले पनि विवाह गरेपछि ती हल्लाहरू आफैं साम्य भए।

छिमेकी बलिउडकर्मीहरूका बारेमा त्यहाँका सञ्चार-माध्यमहरूमा हप्तैपिच्छे विभिन्न हल्ला चल्छन्। त्यहाँको चलचित्र उद्योग निकै ठूलो छ, त्यसैले त्यहाँ हल्ला पनि धेरै हुन्छन्। यहाँको सानो छ, यहाँ बन्ने 'गसिप'हरू पनि थोरै हुन्छन्। त्यसमाथि यहाँका अधिकांश चलचित्रकर्मी गसिप र समाचारबीचको भेद छुट्याउन सक्दैनन्। त्यो 'ट्रेन्ड' यहाँ विकसित हुने क्रममा छ। अभिनेत्री दीपाश्री निरौलाले 'गसिप'का बारेमा साप्ताहिकलाई एकपटक भनेकी थिइन्– 'नाम होस्, बदनाम होस् तर गुमनाम नहोस्।'

# सेलिब्रेटीको नजरमा उत्कृष्ट साप्ताहिक सुन्दरीहरू



कृष्ण भट्टराई

काठमाडौं– साप्ताहिकको मध्यपृष्ठमा प्रकाशित हुने ब्लोअप तथा अन्तर्वार्ताको स्तम्भ आमपाठकका लागि मात्र होइन, सेलिब्रेटीहरूका लागि पनि उत्तिकै रुचिकर छ। 'शुक्रबार बिहान साप्ताहिक हात पर्नेबित्तिकै सबैभन्दा पहिले मध्यपृष्ठमा प्रकाशित तस्बिर हेर्छु,' भन्ने सेलिब्रेटीहरू प्रशस्त छन्। गतवर्ष साप्ताहिकमा प्रकाशित मध्यपृष्ठका आकर्षक तस्बिरका बारेमा केही सेलिब्रेटीसँग प्रतिक्रिया लिंदा उनीहरूले ती तस्बिरहरू साप्ताहिकको गहना मात्र होइन, 'न्यू कमर' हरूका लागि राम्रो 'प्लेट फर्म' नै भएको बताए।



वर्ष २०६२ मा साप्ताहिकले आफ्नो मध्यपृष्ठमा जम्मा ४२ वटा तस्बिरलाई ब्लोअप गरेको थियो। ब्लोअपको आकर्षणकै कारण शिखर बिट कन्सर्ट, शान्तिका लागि संगीत आदि कार्यक्रमले प्रचार-प्रसारका लागि यही स्तम्भ प्रयोग गरे। त्यसो त वर्ष २०६२ मै केही विदेशी सेलिब्रेटीको तस्बिरसमेत प्रकाशित भएको थियो, जसमध्ये नेपाली भाषाका गीत गाउने विदेशी राहुल भारती तथा टिफानी थोम्पसनको युगल तस्बिरका साथै कथरिना हेनी योहन्सन र पाँच जना विदेशी महिला सेलिब्रेटीको सामूहिक तस्बिर प्रकाशित गरिएको थियो। मोडलिङ तथा चलचित्रमा क्यारियर बनाउन चाहने युवतीहरूको मात्र होइन, वर्ष २०६२ मा साप्ताहिकले गायकहरूको ब्लोअपसमेत प्रकाशित गऱ्यो, जसमध्ये वैशाखको पहिलो साता गायक नवीन भट्टराई, जेठको पहिलो साता पाँच जना चर्चित नेपाली गायिका मौसमी गुरुङ, प्राश्ना शाक्य, प्रीति कौर, अभाया सुब्बा तथा रमा उप्रेतीको सामूहिक तस्बिर प्रकाशित भयो। जेठ महिनाकै तेस्रो साता नेपाली गायकहरू सुदीप गिरी, सांगीतिक समूह स्याडोज तथा एक्सिसका गायकहरूको तस्बिर प्रकाशित भएको थियो। मध्यपृष्ठमै मोडल रूपा उपाध्याय तथा नायिका रेखा थापालाई क्रमशः नयाँ वर्ष तथा दसैं अंकमा क्यालेन्डरका रूपमा प्रकाशित गरिएको थियो। भदौ महिनाको एउटा अंकमा मिस्टर नेपाल प्रतियोगिताका हालसम्मका तीन जना विजेताको तस्बिरले पनि पाठकहरूलाई नौलो स्वाद प्रदान गरेको थियो। मिस नेपालकी प्रथम रनर-अप सराह गुरुङ तथा गायक क्रान्ति आलेको रोमान्टिक तस्बिरलाई वर्ष २०६२ मा प्रकाशित भएका साप्ताहिकका मध्यपृष्ठका तस्बिरमध्ये सबैभन्दा आकर्षक मानियो।

मध्यपृष्ठमा प्रकाशित हुने तस्बिरहरू नियमित हेर्ने गायक निमा रुम्बालाई वर्ष २०६२ मा प्रकाशित भएका तस्बिरहरूमध्ये उनी आफैं सहभागी भएको तस्बिर सबैभन्दा राम्रो लागेको छ। मंसिर २४ गतेको अंकमा 'शिखर म्युजिक कन्सर्टका सारथीहरू' शीर्षकमा निमालगायत आधा दर्जन लोकप्रिय गायक-गायिकाको तस्बिर प्रकाशित भएको थियो। निमा भन्छन्-'गायकहरूलाई समेटेर ब्लोअप गर्ने कन्सेप्ट राम्रो लाग्यो।' यसबाहेक उनलाई गायक क्रान्ति आले तथा मिस नेपालकी फस्ट रनर-अप सराह गुरुङको रोमान्टिक तस्बिरको कन्सेप्ट पनि राम्रो लागेको छ। निमाका अनुसार दुई भिन्न क्षेत्रका सेलिब्रेटीलाई समेटेर पाठकहरूलाई भ्यालेन्टाइन डेको उपहार दिनु वास्तवमै राम्रो धारणा हो।

च्याङ्बा है च्याङ्बाको रिमिक्स भर्सनका सर्जक डिजे राजु पनि साप्ताहिकको मध्यपृष्ठमा प्रकाशित तस्बिर नछुटाई हेर्छन्। साप्ताहिकमा प्रकाशित नयाँ मोडलका तस्बिरहरू राजु विशेष ध्यान दिएर हेर्छन्। गत वर्ष २०६२ मा प्रकाशित भएका तस्बिरहरूमध्ये डिजे राजुलाई मोडल रीतिमा श्रेष्ठको तस्बिर सबैभन्दा राम्रो लागेको छ। 'रीतिमा त्यसै पनि फोटोजेनिक छन्, डिजे राजुका अनुसार राम्री भएकैले उनी तस्बिरमा पनि डिसेन्ट देखिएकी छिन्।' रीतिमासँगै डिजे राजुलाई बेलायतमा मोडलिङ गरिरहेकी मोडल एलिना गुरुङको तस्बिर पनि आकर्षक लागेको छ। उनी भन्दै थिए– 'एलिनाले निकै आकर्षक पोज दिएकी छिन्। उनको स्टाइल पनि ग्ल्यामरस छ।'

निर्माता-निर्देशक तथा चलचित्र प्रदर्शक उद्धव पौडेलले साप्ताहिकको मध्यपृष्ठमा मोडल तथा नयाँ अनुहारको तस्बिर प्रकाशित हुनु नै प्रसंशनीय भएको बताए। 'म साप्ताहिक नियमित हेर्छु, मध्यपृष्ठ सबैभन्दा पहिले हेर्छु,' निर्माता पौडेल भन्छन्– 'मलाई मात्र होइन, नयाँ अनुहारको खोजीमा रहेका निर्माता, निर्देशक, म्युजिक भिडियोका निर्देशक, विज्ञापन निर्माता सबैलाई यसले राम्रो छनौट प्रदान गरेको छ।' पौडेलका अनुसार साप्ताहिकको मध्यपृष्ठ नयाँ अनुहारका मोडल तथा कलाकारको राम्रो स्रोत नै हो। मध्यपृष्ठमा प्रकाशित तस्बिरका सम्बन्धमा निर्माता पौडेलले एउटा सुझाव पनि दिएका छन्। उनको सुझाव छ– 'सामूहिक तस्बिर प्रकाशित गर्नुभन्दा एक जनाकै तस्बिर प्रकाशित गर्नु राम्रो हुन्छ। एक जनाका बारेमा पूर्ण जानकारी प्रस्तुत गरिंदा उनको पनि क्यारियर बन्ने सम्भावना बढी हुन्छ।' अनुहार तथा शरीरको अघिल्लो भाग देखिने तस्बिरसहित उनीहरूको पूर्ण प्रोफाइल आउने तस्बिरसमेत प्रकाशित गर्नुपर्ने उनको सुझाव छ। गत वर्ष प्रकाशित भएका

बाँकी पृष्ठ १५मा



# को भए हिरो को रहे जीरो



सुव्रत आचार्य

वर्ष ०६२ को 'जीरो अफ द इयर' कसलाई भन्ने ? चलचित्र निर्देशकमा वरिष्ठताको उचाइमा पुगेर पनि यो वर्ष एउटै चलचित्र बनाउने प्रयास नगरेका चर्चित निर्देशक तुलसी घिमिरे, नृत्य र अभिनयमा पारंगत भएर पनि एउटा पनि चलचित्रमा नदेखिएका नायक श्रीकृष्ण श्रेष्ठ तथा बलिउडका चलचित्रमा अभिनय गर्ने रहर जागेपछि कलिउडका चलचित्रहरूमा अभिनय गर्न नपाएकी वा नभ्याएकी चर्चित नायिका झरना बज्राचार्य। तुलसी घिमिरे वर्षमा कम्तीमा एउटा चलचित्रको निर्देशन गर्थे। २०६० मा उनले 'दुई किनारा' बनाए र २०६१ मा सार्वजनिक गरे। 'दुई किनारा' किनारामै नपुगी डुब्यो। त्यसपछि हतास भएका निर्देशक घिमिरेले टेलिश्रृंखलाहरू बनाउन थाले। २०६२ मा भने उनको सक्रियता शून्यमा झर्‍यो।

यसअर्थमा निर्देशकहरूको सूचीमा निर्देशक घिमिरेलाई 'जीरो अफ द इयर' मान्न सकिन्छ। त्यसो त यो सूचीमा निर्देशक युवराज लामा पनि पर्छन्। एकताका निरन्तर चलचित्र बनाउने 'ननस्टप' निर्देशक लामा यो वर्ष भने सेलाएको देखियो।

नायक श्रीकृष्ण श्रेष्ठ वर्षभरि फुर्सदमा देखिए। पछिल्लो पटक दुब्लो अनुहार र लामो केशमा देखिएका श्रीकृष्णलाई यो वर्ष कुनै पनि निर्माता/निर्देशकले पत्याएनन्। निर्देशक शिव रेग्मीका चलचित्रमा बारम्बार दोहोरिने यी नायकलाई रेग्मीले समेत आफ्ना चलचित्रमा अभिनय गराएका छैनन्। जबकि २०६१ मा श्रेष्ठद्वारा अभिनीत 'हामी तीन भाइ' सफलताको शिखरमा पुगेको थियो। उनलाई २०६२ भरि एउटै चलचित्रमा देख्न पाइएन। त्यसैले उनी 'हिरो' बाट 'जीरो अफ द इयर' साबित भएका छन्।

झरना बज्राचार्यले बलिउडको चलचित्र 'लभ इन नेपाल'मा ग्ल्यामरस अभिनय गरेर चर्चामा आउनुअगावै चलचित्र 'परें नि मायाजालैमा' मा अभिनय गरेकी थिइन्। २०६१ मा सेन्सर भए पनि उक्त चलचित्र २०६२ मा सार्वजनिक भयो। चलचित्र भवनहरूमा पाँच दिन पनि टिक्न नसकेको उक्त चलचित्रपछि झरना सञ्चार-माध्यमहरूमा जति छाइन्, त्यसको अनुपातमा पर्दामा भने उनको उपस्थिति झन्डै शून्यमा झर्‍यो। ग्ल्यामर तथा सुन्दरताको स्वाद पस्किन खप्पिस मानिए पनि झरना चलचित्रको पर्दामा भन्दा म्युजिक भिडियोहरूमा बढी छाइन्।

नेपाली चलचित्र जगत्‌मा व्यस्तता र चर्चाका आधारमा चलचित्रकर्मीहरूको मूल्याङ्कन गर्ने प्रचलन छ। यही प्रचलनलाई मान्ने हो भने वर्ष २०६२ का 'हिरो अफ द इयर'को सूचीमा नायक निखिल उप्रेती, नायिका रेखा थापा तथा संगीतकार सुरेश अधिकारीलाई राख्न सकिन्छ। प्रदर्शन भएका र निर्माण भैरहेका चलचित्रहरू हेर्दा के देखिन्छ भने प्रायः हरेक चलचित्रमा देखिएर नायक निखिल उप्रेतीले २०६२ भरि चलचित्र जगत्‌मा रजाइँ गरे। चलचित्र निर्माता/निर्देशकहरू उनलाई आफ्नो चलचित्रमा अभिनय गराउन आतुर देखिन्थे। एकताका राजेश हमालबिना नेपाली चलचित्रले लगानी पनि उठाउन सक्दैनन् भन्ने निर्माता, निर्देशक तथा वितरकहरूको पहिलो 'च्वाइस' निखिल भए। बरु राजेश नभए पनि हुन्छ, तर निखिलचाहिं चाहिन्छ भन्ने सोच विकसित भयो। वर्षभरि सार्वजनिक भएका लगभग २५ वटा चलचित्रमध्ये १५ वटामा रेखा थापा नायिका थिइन्। आफ्नै निर्माण कम्पनीबाट चलचित्र निर्माण गरेर होस् वा नायकहरूसँग बोलीचाली बन्द गरेको हल्लाले होस्, रेखा वर्षभरि चर्चामा रहिन्। उनी ग्ल्यामर्स, एक्सन, रोमान्टिक सबै प्रकारका भूमिकामा देखा परिन्।

वर्षको सर्वाधिक चर्चित गीत 'बान्हहाते पछ्यौरी' देखि २०६२ भरि सार्वजनिक भएका अधिकांश चलचित्रमा सुरेश अधिकारीकै संगीत सुन्न पाइन्थ्यो। एकताका नायकमा राजेश हमाल र संगीतकारमा शम्भुजित बाँस्कोटा नै चाहिन्छ भन्ने नेपाली चलचित्रको मानसिकतालाई नायक उप्रेती तथा संगीतकार अधिकारीले परिवर्तन गरे। अधिकारी वर्षका सर्वाधिक व्यस्त संगीतकार रहे।

राजेश हमालले २०६२ भरि पनि आफ्नो पुरानो शैलीमा कुनै परिवर्तन ल्याएनन्। यद्यपि चलचित्रहरूमा उनको उपस्थिति र सञ्चारमा चर्चा भै नै रह्यो। चलचित्र 'राजु राजा राम'मा भेटरान नायकद्वय शिव श्रेष्ठ र भुवन केसीसँग मात्र होइन, आफूभन्दा जुनियर निखिल उप्रेती, रमित ढुंगाना, दिलीप रायमाझीहरूसँग पनि उनी पटक-पटक पर्दामा आए। नायक आरडी अर्थात् रमित ढुंगाना पहिलो पटक आफ्नो 'होम प्रोडक्सन' चलचित्र 'माया नमार'मा नायक हुँदा 'यस्ता पनि नायक ?' भन्नेहरू चलचित्र नगरीमै छन्। अहिले ती 'यस्ता नायक' कलिउडकर्मीहरूको प्रिय भएका छन्। रमितलाई अहिले रोमान्टिक वा एक्सन जस्तोसुकै भूमिकाका लागि पनि 'फिट' मानिन्छ। २०६२ भरि उनले अभिनय गरेका केही चलचित्र सार्वजनिक भए भने उनी व्यस्त पनि भएका छन्।

नायक दिलीप रायमाझीलाई कलिउडकर्मीहरू बलिउडको गोविन्दासँग दाँज्छन्। गोविन्दाको अभिनय र नाच्ने शैली अपनाएर कलिउडमा चर्चा पाएका दिलीपले अभिनय गरेको चलचित्रले बलिउडमा गोविन्दाले अभिनय गरेका चलचित्रहरूले झैं निर्माताको लगानी उठाउँछ। वर्ष २०६२ मा नायकभन्दा बढी सह-नायकका रूपमा उनले पर्दामा निरन्तरता दिइरहे। नवोदित अनुहार भए पनि निखिलकै शैली अपनाएर आएका विराज भट्ट वर्षभरि व्यस्त रहे।

निरुता सिंह आफूलाई सुहाउने भूमिकामा वर्षभरि पर्दामा आइरहिन्। निरुताका बारेमा भनिन्छ– उनलाई चाहेर पनि ग्ल्यामरस वा एक्सन भूमिकामा पर्दामा देखाउन सकिँदैन। पारिवारिक तथा प्रेमकथात्मक चलचित्रको 'स्क्रिप्ट'का लागि 'फिट' निरुता वर्षभरि व्यस्त नै थिइन्। नातामा भिनाजु निखिलसँग मिलेर सज्जा मैनालीले यो वर्ष चलचित्र 'सावधान' बनाइन्। पारिवारिक तथा सामाजिक चरित्रमा भन्दा पनि उक्त चलचित्रमा उनी 'एक्सन लेडी' का रूपमा देखिइन्। फाट्टफुट्ट भए पनि सज्जा वर्षभरि नै व्यस्त रहिन्। 'मुगलान' बिपना थापालाई निकै सुहाएको थियो। प्रायः घरमै भेटिए पनि उनले केही चलचित्रमा आफ्नो अभिनय भने देखाइरहिन्। लोकतन्त्रको पक्षमा भाषण दिएर पनि उनी सञ्चारजगत्‌मा छाइन्। अर्की नायिका झरना थापाले सञ्चारमा त्यति चर्चा नपाए पनि पर्दामा भने देखिइरहिन्। प्रायः नायकप्रधान चलचित्रमा देखिएर पनि उनको व्यस्तता भने निकै देखियो।

चलचित्र 'पापी मान्छे'मा राजेश र निखिलजस्ता 'सेलेबल' कलाकारहरू मात्र होइनन्, बाँदर र कुकुरलाई पनि अभिनय गराएर निर्देशक दीपक श्रेष्ठले उक्त चलचित्रलाई व्यावसायिक रूपमा वर्षकै सबैभन्दा सफल चलचित्र साबित गरे। त्यसैले पनि दीपकको चर्चा वर्षभरि भै नै रह्यो। चलचित्र 'मुगलान'मा नेपालभित्रको शुद्ध कथालाई प्रस्तुत गरेर निर्देशक शिव रेग्मीले यो वर्ष पनि चर्चा पाए। उनको व्यस्तता अघिल्ला वर्षहरूमा झैं यो वर्ष पनि ज्यूँका त्यूँ छ।

एक्सनको लहर चलेको बेलामा 'धड्कन'मा रोमान्टिक कथा प्रस्तुत गरेर निर्देशक नरेश पौड्यालले वर्षभरि चर्चा पाए भने 'कर्मयोद्धा' निर्देशन गरेर दयाराम दाहालले आफ्नो बलियो उपस्थिति जनाए। निर्देशक सोभित बस्नेतले निर्देशन गरेका दुई चलचित्र 'दुर्गा' र 'राजु राजाराम'ले पनि चर्चा पाए। 'दुई पल' का निर्देशक प्रदीप श्रेष्ठ, 'मैदान'का निर्देशक कृष्ण चापागाईं तथा 'सावधान'का निर्देशक दिनेश डिसी पनि वर्षभरि चर्चामा रहे।

## नवोदितहरूबाट आशा

२०६१ मा निर्देशक सोभित बस्नेतको चलचित्र 'अग्निपथ' बाट उदाएका नायक विराज भट्ट ०६२ भरि व्यस्त रहे। उनको व्यस्तता तथा शैलीलाई अहिलेका 'हटकेक' निखिल उप्रेतीसँग दाँजियो। छोटो समयमा एक दर्जनजति चलचित्रमा नायक हुने मौका पाएका विराज नवोदित नायकहरूमा सबैभन्दा बढी पारिश्रमिक लिने नायकका रूपमा छन्। 'बज्रपात'ले सामान्य व्यवसाय गरे पनि उक्त चलचित्रबाट देखिएका नायक विक्रान्त बस्नेतले पनि आशा जगाएका छन्। नवोदित नायिकाहरूमा विगतमा केही टेलिश्रृंखला तथा म्युजिक भिडियोहरूमा अभिनय गरेकी नायिका गरिमा पन्त नायक निखिल उप्रेतीसँग चलचित्र 'निखिल दाइ'बाट ठूलो पर्दामा देखा पर्दैछिन्। यद्यपि चलचित्र प्रदर्शन हुनुभन्दा पहिले उनी चर्चामा आइसकेकी छिन्। 'बज्रपात'बाट देखिएकी जेनी कुँवरले आफूलाई 'ग्ल्यामर्स' नायिकाका रूपमा स्थपित गरेकी छिन्। 'कस्तो पागलपन'बाट उदाएकी नायिका सुजाता सिटौलालाई भने त्यसपछि देख्न पाइएको छैन। 'ए पण्डित बाजे'मा नायक दिलीप रायमाझी सँगसँगै हास्य अभिनय गरेर नायक दिलीप पौडेल सबैको नजरमा त परेका छन्, तर उनको भविष्य कस्तो हुने हो, यसै भन्न सकिँदैन। मोडलिङमा उत्तेजक तस्बिर खिचाएर चर्चामा आएकी सोभिता बस्नेतले चलचित्र 'उकाली-ओराली'मा अवसर पाए पनि उनलाई सामान्य नै मान्नुपर्छ।

# सेलिब्रेटीको नजरमा | उत्कृष्ट साप्ताहिक सुन्दरीहरू



तस्बिर : मातृदिप राई

पृष्ठ १४ बाट बाँकी

तस्बिरहरूमध्ये निर्माता पौडेललाई मिस टिन गुरुङ तिर्सना गुरुङको तस्बिर सबैभन्दा राम्रो लाग्यो। 'उनी राम्री मात्र देखिन्नन्, तस्बिरमा उनको शालीनतासमेत झल्किएको छ,' पौडेलको प्रतिक्रिया थियो।

चलचित्र नायक दिलीप रायमाझी साप्ताहिकले राम्रा मोडल तथा चर्चित व्यक्तित्वहरूको तस्बिर प्रकाशन गरेर उनीहरूलाई नजिकबाट चिन्ने अवसर प्रदान गरेको बताउँछन्। 'ब्लोअपमा मेरो पनि तस्बिर प्रकाशन भैसकेको छ, रायमाझी भन्छन्– 'त्यहाँ तस्बिर प्रकाशित भएपछि कति सकारात्मक चर्चा हुन्छ भन्ने कुरा मैले अनुभव गरिसकेको छु।' आफूमा भएको प्रतिभासमेत सोही स्तम्भमार्फत प्रस्फुटन गर्न पाइने भएकाले पनि ब्लोअपको आकर्षण बढेको उनको तर्क छ। नायक रायमाझीलाई गत वर्ष साप्ताहिकमा प्रकाशित ब्लोअपमध्ये गायक क्रान्ति आले तथा सुन्दरी सराह गुरुङको तस्बिर मन



परेको छ। 'हट गायक क्रान्ति, हट सुन्दरी सराह तथा हट पोज भएकाले मलाई उनीहरूको तस्बिर नै हट लागेको छ, रायमाझीले ठट्यौली शैलीमा आफ्नो धारणा व्यक्त गरे।

चलचित्र निर्देशक अनिल संग्रौला भने साप्ताहिकको ब्लोअपलाई अचारसँग तुलना गर्छन्। उनी भन्छन्– 'खाना खाँदा अचारले जति महत्त्व राख्छ, साप्ताहिकको ब्लोअपमा हुने तस्बिरले यो पत्रिकाका पाठकका लागि त्यति नै महत्त्व राख्छ।' 'शुक्रबार बिहान साप्ताहिक हात पर्नेबित्तिकै म मध्यपृष्ठ पल्टाउँछु,' निर्देशक संग्रौलाले आफ्नो अनुभव साट्दै भने– 'निस्किँदा पनि साप्ताहिक पढ्नेहरूले सबैभन्दा पहिले यही स्तम्भ हेरेको पाएको छु।' निर्देशक संग्रौलालाई चैतको अन्तिम साता प्रकाशित भएको रञ्जना शर्माको तस्बिर राम्रो लागेको छ। उनी भन्छन्– 'टेलिभिजनमा देखिने सोझी युवती रञ्जना साप्ताहिकमा निकै ग्ल्यामरस देखिइन्।'

म्युजिक भिडियोका निर्देशक आलोक नेम्वाङलाई साप्ताहिकको मध्यपृष्ठमा प्रकाशित हुने तस्बिरले नयाँ अनुहारको खोजी गर्न निकै सहयोग पुर्‍याएको छ। आलोकले साप्ताहिकको ब्लोअपमा प्रकाशित केही नयाँ अनुहारलाई आफ्ना म्युजिक भिडियोहरूमा अभिनयसमेत गराइसकेका छन्। साप्ताहिकको ब्लोअपमै प्रकाशित भएपछि उनले रूपा उपाध्यायलाई पर्दामा उतारेका हुन्। 'साप्ताहिकमा तस्बिर देखेपछि मैले उनलाई रामकृष्ण ढकालको म्युजिक भिडियोमा लिएँ, आलोकका अनुसार गीतलाई सुहाउने मोडलको आवश्यकता साप्ताहिकको ब्लोअपले पूरा गर्छ।

विज्ञापन व्यवसायी रञ्जित आचार्य भने कुनै थिममा आधारित तस्बिरलाई ब्लोअप गर्नुपर्ने कुरामा जोड दिन्छन्। साप्ताहिकका अधिकांश ब्लोअप वेबसाइटमा अवलोकन गर्ने आचार्य ती तस्बिरमा प्रकाशित मोडलहरूलाई विज्ञापनमा समेत लिन सकिएको बताउँछन्। गत वर्ष प्रकाशित ब्लोअपमध्ये आचार्यलाई पनि क्रान्ति तथा सराहको तस्बिर मन परेको छ। 'भ्यालेन्टाइन डेको थिममा आधारित त्यो तस्बिर वास्तवमै राम्रो थियो।'

## वर्ष २०६२ का उत्कृष्ट १२ तस्बिर

| | |
|---|---|
| क्रान्ति आले/सराह गुरुङ, माघ २८ | फोटोग्राफर : साइबर संसार डटकम |
| सकिला गुरुङ, वैशाख ३० | फोटोग्राफर : राम गुरुङ, पोखरा सिटी डटकम |
| पुष्पा जोशी, भदौ १० | फोटोग्राफर : राजीव श्रेष्ठ |
| तिर्सना गुरुङ, भदौ ३ | फोटोग्राफर : राजीव श्रेष्ठ |
| अरुणिमा लामा, मंसिर १० | फोटोग्राफर : साइबर संसार डटकम |
| एलिना गुरुङ, चैत ११ | फोटोग्राफर : राम गुरुङ, पोखरा सिटी डटकम |
| रीतिमा श्रेष्ठ, पुस २२ | फोटोग्राफर : राजीव श्रेष्ठ |
| रीता सिंह, चैत १८ | फोटोग्राफर : भेषबन्धु ढकाल |
| रञ्जना शर्मा, चैत २५ | फोटोग्राफर : राजीव श्रेष्ठ |
| सोभिता सिम्खडा, असार ३ | फोटोग्राफर : साइबर संसार डटकम |
| पाँच जना गायिकाहरू मौसमी गुरुङ, प्राश्ना शाक्य, प्रीति कौर, अभाया सुब्बा तथा रमा उप्रेतीको संयुक्त तस्बिर, जेठ ६ | फोटोग्राफर : महेश प्रधान |
| एलि ब्राउन्ली, फागुन ५ | फोटोग्राफर : साइबर संसार डटकम |



तस्बिर : साइबर संसार डटकम

# हास्य एवं टक सोमा सीमित टेलिभिजन









कृष्ण भट्टराई

सानो पर्दाको मनोरञ्जनको क्षेत्रमा वर्ष २०६२ मा हास्य कार्यक्रमको बोलवाला रह्यो । नेपाली भाषाबाट प्रसारण हुने प्रायः सबै टेलिभिजन च्यानलले हास्यप्रधान कार्यक्रमलाई आफ्नो प्रमुख आकर्षणका रूपमा प्रस्तुत गरे । नेपाल टेलिभिजन यो प्रसंगमा अग्रपंक्तिमा रह्यो । नेपाल टेलिभिजनले प्रायः हरेक दिन एउटा न एउटा हास्य कार्यक्रममार्फत दर्शकलाई हँसाउने काम गरिरहेको छ ।

लामो समयदेखि नेपाल टेलिभिजनका लागि हास्यश्रृंखला 'हिजोआजका कुरा' तयार पार्दै आएका सन्तोष पन्तलाई यो वर्षले धोका दिएको छ । हरेक शुक्रबार साँझ नौ बजे प्रसारण हुँदै आएको कार्यक्रम 'हिजोआजका कुरा' को प्रसारण बन्द भएपछि सन्तोष पन्त निराश हुनु स्वाभाविक हो । अर्कातिर 'तीतो सत्य' ले हासिल गरेको लोकप्रियताले अहिले टेलिभिजन च्यानलहरूमा हास्य कार्यक्रमको ताँती नै लागेको छ । जीरे खुर्सानी, मेरी बास्सै, ५२ घुस्सा ५३ ठक्कर, लौ न भुतुक्कै पाऱ्यो, श्रीमती जिन्दावादजस्ता आधा दर्जनभन्दा बढी हास्यश्रृंखला अहिले प्रसारणका क्रममा छन् ।

कान्तिपुर टेलिभिजनले पनि हास्यप्रधान श्रृंखलालाई प्राथमिकता दियो । प्रकाश ओझाको 'तीते करेली' बाट प्रारम्भ भएको यो यात्रा शंखचक्र, सन्तान थरी-थरीका हुँदै अघि बढिरहेको छ । खासगरी लुनिभा तुलाधरले सञ्चालन गर्ने 'द पवन कली सो' लाई दर्शकहरूले नौलो कार्यक्रमका रूपमा स्वीकार गरे । प्रस्तुतिकरणका दृष्टिकोणले समेत आकर्षक यो कार्यक्रम टेलिभिजनकै लोकप्रिय कार्यक्रमहरूमध्येको एक हो । इमेज, च्यानल नेपाल, नेपाल वान आदिले पनि हास्य कार्यक्रमलाई प्राथमिकता दिएका छन्, तर हास्य-श्रृंखलाको संख्या बढ्न थालेपछि यसको गुणस्तर भने खस्किँदै गएको अनुभव गरियो । तीतो सत्य, जीरे खुर्सानी तथा द पवन कली सोबाहेक बाँकी सबै हास्यश्रृंखला दर्शकमाझ त्यति जम्न नसकेको स्वयं कलाकारहरू नै स्वीकार गर्छन् ।

हास्यश्रृंखलासँगै वर्ष २०६२ मा टेलिभिजनमा फस्टाएको अर्को विधा हो– 'टक सो' । कान्तिपुर टेलिभिजनका भूषण दाहालले 'फायर साइड' जस्तो स्टाइलिस टक सो कार्यक्रम प्रस्तुत गरेपछि अन्य च्यानलले पनि त्यसकै अनुकरण गरे । नेपाल टेलिभिजनमा दुर्गानाथ शर्माले सञ्चालन गर्ने 'प्रस्ट कुरा', दिनेश डिसीले प्रस्तुत गर्ने 'आक्रमण', नीर शाहको 'अनुत्तरित प्रश्न', नेपाल वानबाट प्रसारण हुने नारायण पुरीको 'हस्ती सँगसँगै' यसकै उदाहरण हुन् । त्यसो त विजय कुमारको 'फ्रन्ट लाइन' तथा इन्द्र लोहनीको 'बहस' पनि कुराकानीमै आधारित कार्यक्रम हुन्, तर यी कार्यक्रमको विषयवस्तु तथा प्रस्तुतीकरण अरूभन्दा पृथक् रहेका कारणले यी दुवै कार्यक्रमले दर्शक पनि पाइरहे । यद्यपि फागुनको मध्यदेखि कान्तिपुर टेलिभिजनको 'फ्रन्ट लाइन' कार्यक्रमको प्रसारण बन्द भएको छ ।

वर्ष २०६२ मा टेलिभिजनमा सोप अपेराको शैलीलाई नेपाल वान च्यानलले मात्र प्राथमिकता दियो । रमेश बूढाथोकीको निर्देशनमा तयार भएको 'कसलाई आफ्नो भनौं' सातामा पाँच दिन प्रसारण भएपछि त्यसमा अभिनय गर्नेहरू व्यस्त त भए नै, हिन्दी सोप अपेरा हेरिरहेका नेपाली दर्शकहरूले नौलो अनुभूतिसमेत गरे । पारिवारिक टेलिश्रृंखलाको संख्याका साथै गुणस्तर पनि बढ्यो । मुम्बईको बालाजी टेलिफिल्म्समा काम गरिसकेका निर्देशक नवराज ढकालले कान्तिपुर टेलिभिजनका लागि तयार पारेको 'नलेखिएका साइनो' को विषयवस्तु तथा प्रस्तुतिकरणलाई दर्शकहरूले आत्मसात् गरे । नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको 'जानकी' तथा 'परिचय' जस्ता श्रृंखलाले पनि केही हदसम्म गुणस्तरमा ध्यान दिएका छन् । प्रायः सधैं शोषित नारीको भूमिका निर्वाह गर्दै आएकी सरिता लामिछानेलाई दर्शकहरूले 'परिचय' मा सशक्त नारीका रूपमा हेर्न चाहेका थिए, तर उनी आफ्नो पुरानै शैलीलाई निरन्तरता दिँदै श्रीमान् र सासूद्वारा पीडित नारीभन्दा माथि उठ्न सकिनन् । अन्य पारिवारिक श्रृंखलाले भने खासै चर्चा पाएनन् ।

गत वर्ष टेलिभिजन समाचारले पनि अत्यधिक सफलता पायो । कान्तिपुर टेलिभिजनको समाचार राजाधानीवासीका लागि अनिवार्य खुराक बन्यो । खासगरी साँझ सात बजे तथा राति साढे आठ बजेको समाचारले बढी दर्शक पायो । समाचारको यही लोकप्रियतालाई मूल्यांकन गर्दै कान्तिपुरले साढे आठ बजे प्रसारण हुने आधा घण्टा लामो बुलेटिनलाई एक घण्टाको बनायो । यसबाहेक प्रत्येक घण्टा प्रसारण हुने कान्तिपुरको संक्षिप्त समाचारले पनि दर्शकलाई 'न्यूज अपडेट' गर्ने मौका प्रदान गऱ्यो । नेपाल वानको समाचारलाई पनि दर्शकले रुचाए ।

टेलिभिजनमा नेपाली गीत-संगीतको प्रचार-प्रसारलाई विज्ञापनका रूपमा प्रयोग गर्ने शैलीले निरन्तरता पायो । हट पप कलेक्सन, न्यू इन्ट्री अथवा अरू कुनै नाम राखिए पनि प्रायः सबै च्यानलले बजारमा आउन लागेका तथा आइसकेका गीतहरूको झलक प्रसारणलाई निरन्तरता दिए । प्रायः सबै च्यानलले यस्ता कार्यक्रमका लागि दैनिक एकदेखि दुई घण्टा छुट्याए । यस्ता कार्यक्रमले राम्रा म्युजिक भिडियो निर्माण गर्ने बाध्यता नै सिर्जना गऱ्यो । टेलिभिजनबाट प्रसारण हुने विज्ञापनहरूलाई 'कृति' एवार्ड प्रदान गर्ने परम्परालाई निरन्तरता दिएर नेपाल विज्ञापन एजेन्सीले टेलिभिजन विज्ञापन पनि गुणस्तरीय बनाउनुपर्छ भन्ने सन्देश दियो ।

ठूलो पर्दाको चलचित्रको क्रेज घट्नु राम्रो कुरा त होइन तर चलचित्रको संख्या घट्न थाल्नुको फाइदा नेपाली च्यानललाई भएको छ । रमेश बुढाथोकी, शम्भु प्रधान, अशोक शर्मा, नीर शाह, राजेन्द्र शभल, नारायण त्रिपाठी, रमेश उप्रेती, सज्जा मैनाली, उषा पौडेल, प्रिया रिजाल आदि ठूलो पर्दाका कलाकार तथा निर्देशकहरू टेलिभिजनको कुनै न कुनै विधामार्फत दर्शकको घर-घरमा पुगे । यीमध्ये अधिकांश कलाकार श्रृंखलामार्फत प्रस्तुत भए भने एक-दुई जना निर्देशक टक सो तथा अन्तर्क्रियात्मक कार्यक्रममार्फत दर्शकमाझ आए । वर्षको अन्त्यतिर चलचित्र निर्देशक तथा कलाकार नीर शाह, सुनील थापा आदिले पनि टेलिश्रृंखलामा अभिनय गरेर टेलभिजनको आकर्षणलाई आत्मसात् गरे । उनीहरूसँगै मिस्टर नेपाल उज्ज्वल कार्की, पूर्व मिस्टर नेपाल जीवन लुइँटेल, नायक श्याम श्रेष्ठ, नायिका सञ्चिता लुइँटेल आदिले निर्माणाधीन श्रृंखला 'घर-परिवार' मा अभिनय गरेका छन् । नयाँ वर्षसँगै प्रसारण हुने यो श्रृंखलाले पनि नेपाली चलचित्रका परिचित अनुहारहरूलाई दर्शकमाझ ल्याउनेछ ।

सरकारले निजी क्षेत्रबाट सञ्चालित कान्तिपुर टेलिभिजनलाई स्याटलाइट प्रविधिमार्फत प्रसारण गर्ने अनुमति दिएन । जबकि कान्तिपुर टेलिभिजनसँगै काठमाडौंमा प्रसारण प्रारम्भ गरेको इमेज च्यानललाई सरकारले गत वर्ष नै स्याटलाइट प्रविधिमार्फत प्रसारण गर्ने अनुमति दिएर निजी क्षेत्रका टेलिभिजन च्यानलबीच नै असमान व्यवहार प्रस्तुत गऱ्यो । कान्तिपुर टेलिभिजनले स्याटलाइटमा जान रोक लगाउने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ । यो मुद्दामा सर्वोच्चले आफ्नो अन्तिम फैसला यही वैशाख महिनाको दोस्रो साता गर्दैछ ।

लोकप्रिय हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य (मह) को गत वर्ष टेलिभिजनमा पुनरागमन भयो । यसअघि यो जोडी ठूलो पर्दाका चलचित्रमा व्यस्त रहेकाले लामो समयदेखि टेलिभिजनमा देखिएका थिएनन् । वर्षको प्रारम्भदेखि नै उनीहरूले नेपाल टेलिभिजन तथा कान्तिपुर टेलिभिजनबाट प्रसारित विभिन्न टेलिश्रृंखलामार्फत दर्शकहरूलाई स्वस्थ मनोरञ्जनसहित हास्यसामग्रीहरू पस्किरहेका छन् ।

चलचित्रको संख्या घटेपछि टेलिभिजनमा चलचित्रसम्बन्धी कार्यक्रमको संख्या पनि घट्यो । गत वर्षको अन्त्यतिर कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको चलचित्रसम्बन्धि कार्यक्रम 'रजतपट' ले मात्र केही आशा जगाउन सक्यो । कार्यक्रममा चलचित्रसम्बन्धी आलोचनात्मक प्रस्तुतिले दर्शकहरू यो कार्यक्रमबाट बढी आशावादी हुन पुगे । त्यसो त नेपाल टेलिभिजनले पनि आफ्नो समाचार बुलेटिनमा चलचित्र समाचारलाई समावेश गरेको छ, तर आवश्यक सामग्रीको अभावमा चलचित्र समाचारले खासै प्रभाव जमाउन सकेको छैन । नेपाल टेलिभिजनकै मेट्रो च्यानल, इमेज च्यानल तथा नेपाल वानले प्रसारण गर्ने चलचित्रसम्बन्धी कार्यक्रम सामान्य रहे ।

# इडियट बक्सका फेमिलियर फेस

काठमाडौं– कान्तिपुर टेलिभिजनमार्फत बिल्कुलै नौलो कार्यक्रम 'द पवनकली सो' सञ्चालन गर्ने लुनिभा तुलाधर वर्षकै चर्चित टेलिभिजनकर्मी बनेकी छिन् । यो कार्यक्रमअघि 'पोथी बास्यो' मार्फत हास्यकलाकारका रूपमा प्रस्तुत भएकी भिडियो जक्की लुनिभाले 'द पवनकली सो' को नौलो प्रस्तुतिपछि चर्चित हुने अवसर पाएकी हुन् । मंगलबार साँझ साढे छ बजे प्रसारण हुने उक्त कार्यक्रममा लुनिभा गाउँले युवतीको पहिरनमा सजिएर प्रत्येक साता एक जना सेलिब्रिटीसँग गाउँले भाषामै वार्तालाप गर्छिन् ।

हास्यकलाकार दीपकराज गिरी वर्ष २०६२ का अर्का चर्चित टेलिभिजनकर्मी हुन् । उनको निर्देशन, लेखन तथा अभिनयले अत्यन्त लोकप्रिय भएको हास्यव्यंग्य श्रृंखला 'तीतो सत्य' नेपाल टेलिभिजनकै सबैभन्दा लोकप्रिय कार्यक्रमका रूपमा स्थापित भैसकेको छ । समसामयिक तथा सामाजिक विषयवस्तुलाई थपक्क टिपेर राखिने भएकाले 'तीतो सत्य' दर्शकहरूले रुचाएका हुन् । दीपकराजले तीतो सत्यकै लोकप्रियताका कारण विज्ञापनहरूमा समेत मोडलिङ गर्ने अवसर पाए । एउटै श्रृंखलाबाट साताको १५ देखि २० हजार कमाउन थालेका दीपकले दर्शकको मायासँगै आर्थिक सम्पन्नतासमेत हासिल गरे ।

'तीतो सत्य' ले दीपकलाई मात्र होइन, अर्का हास्यकलाकार रवि डंगोललाई पनि चर्चित बनायो । 'बेइमान' उपनामले समेत चिनिने रविको थेगो 'बेइमान' जनजिब्रोमा झुन्डिएको छ । गत फागुन महिनामा त नेपाल टेलिभिजनको व्यवस्थापनले बेइमान शब्दलाई श्रृंखलामा समावेश गर्न प्रतिबन्ध लगाएको समाचार प्रकाशनमा आएको थियो । श्रृंखलाका निर्देशक गिरी तथा कलाकार डंगोलले यो कुरालाई हल्ला मात्र भएको बताएका छन्, तर उक्त प्रसंगले पनि डंगोललाई चर्चित बनायो ।

कान्तिपुर टेलिभिजनमा तात्तातो विषयमा बहस सञ्चालन गर्ने इन्द्र लोहनी पनि वर्षभरि नै चर्चित रहे । शनिबार राति साढे सात बजे प्रसारण हुने एक घण्टा लामो कार्यक्रम 'बहस' मा लोहनीले खासगरी राजनैतिक विषयमा बहस चलाउँछन् । राजनैतिक दल, सरकारका मन्त्री तथा नागरिक समाजका अगुवाहरूलाई समेटिने उक्त कार्यक्रम विषयवस्तुका कारण दर्शकले रुचाएका हुन् । अधिवक्ता लोहनीको जिज्ञासा राख्ने शैली, गहिराइसम्म पुगेर कुनै पनि कुराको निचोड ल्याउन सक्ने क्षमताका कारण कार्यक्रम 'बहस' ले समाजका प्रवुद्ध वर्गलाई आकर्षित गरेको हो ।

कान्तिपुर टेलिभिजनबाटै प्रत्येक साँझ पाँच बजेपछि 'कल कान्तिपुर' कार्यक्रममार्फत दर्शकसँग टेलिफोनमार्फत प्रत्यक्ष कुराकानी गर्ने सुरजसिंह ठकुरीलाई युवापुस्ताका दर्शकले औंधी रुचाए । उनको व्यक्तित्व, कुराकानी गर्ने शैली, पहिरनजस्ता कुरामा हुरुक्क हुने युवतीको संख्या पनि अत्यधिक देखियो । 'कल कान्तिपुर' मा टेलिफोन गर्नेहरूको बढ्दो संख्याले पनि सुरजलाई चर्चित बनाएको हो । कार्यक्रममा विभिन्न नेपाली गीतका म्युजिक भिडियोहरू प्रसारण गरिन्छ ।

हास्यश्रृंखला 'जिरे खुर्सानी' का एक निर्देशक तथा कलाकार जीतु नेपाललाई उक्त श्रृंखलाले प्रदान गरेको लोकप्रियताले उनलाई राम्रो मोडल नै बनाएको छ । जीरे खुर्सानी लोकप्रिय भएपछि उनले एक दर्जनभन्दा बढी विज्ञापनमा मोडलिङ गरिसकेका छन् । यही श्रृंखलामा 'ए राता मकै' का रूपमा चर्चित हास्यकलाकार किरण केसी तथा 'प्वाक्क मुखाँ हान्नुजस्तो' थेगोका कारण शिवहरि पौडेल पनि चर्चित भए । उनीहरूलाई सडकमा हिंड्दा समेत दर्शकहरूले वास्तविक नामको साटो यिनै थेगोले सम्बोधन गर्छन् ।

'तीतो सत्य' की नायिका दीपाश्री निरौला पनि गत वर्ष चर्चित भइन् । अभिनयका साथै निर्देशनमा समेत सक्रिय भएका कारण दीपाको अभिनय त खारिएकै छ, यसबाहेक उनको सौन्दर्य पनि निखारिंदैछ । पारिवारिक श्रृंखला 'परिचय' बाट सरिता लामिछाने तथा 'जानकी' बाट रञ्जना शर्माले चर्चा पाए । सरिता अभिनय क्षमताका साथै सुन्दरताका कारण चर्चित भइन् भने रञ्जना पनि अभिनय तथा सुन्दरताकै कारण प्रशंसित भइन्, तर यी दुवै नायिकाको भन्दा बढी चर्चा सिरु विष्टको भयो । सुन्दर मुहारकी धनी सिरुले गत वर्ष थुप्रै श्रृखलामा अभिनय गरिन् । टिनएजरदेखि वृद्धासम्मको भूमिकामा सुहाउने भएकाले उनी अधिकांश निर्देशकको छनौटमा परिन् । सिरुले अभिनय गरेका थुप्रै श्रृंखला अहिले प्रसारणका क्रममा छन् ।

कान्तिपुर टेलिभिजनकी आस्था थापालाई गत वर्षकै सबैभन्दा चर्चित टेलिभिजनकर्मीका रूपमा लिन सकिन्छ । सुन्दर अनुहार, मीठो बोली, शिष्ट शैली आदि विशेषताका कारण आस्थाका प्रायः सबै कार्यक्रमले प्रशस्त दर्शक पाए । उनका कार्यक्रम बालबालिका, किशोर, वयस्क, गृहिणीसहित परिवारका सबै सदस्य सँगै बसेर हेर्न सकिने मात्र होइन, उनका कार्यक्रमहरू मनोरञ्जक तथा स्तरीय हुने भएकाले समेत दर्शकहरू



उनीप्रति आकर्षित भएका हुन् । साप्ताहिक रूपमा प्रसारण हुने पर्यटनमा आधारित कार्यक्रम 'घुम-घाम' उनको सबैभन्दा आकर्षक कार्यक्रम हो । यो कार्यक्रममा उनले आफूसँगै दर्शकहरूलाई स्वदेशका विभिन्न स्थानका साथै विदेशका केही सहरको समेत भ्रमण गराइन् । यसबाहेक 'किनमेल खेल' कार्यक्रममा आस्थाले राजधानीका अधिकांश डिपार्टमेन्टल स्टोर पुगेर त्यहाँ किनमेल गरिरहेको गृहिणी तथा अन्य उमेरका दर्शकहरूलाई रमाइलो खेलमा सहभागी गरेर पुरस्कार मात्र जिताइनन्, कार्यक्रमलाई मनोरञ्जक बनाउन विभिन्न दर्शकसँग रमाइलो कुराकानी पनि गरिन् । यसबाहेक कान्तिपुर टेलिभिजनको रोमाञ्चक कार्यक्रम 'विन कान्तिपुर' मार्फत पनि उनले प्रशस्त दर्शक कमाएकी छिन् । एकातिर सुन्दरता, अर्कातिर स्तरीय कार्यक्रम, यी दुवै विशेषताका कारण बितेको वर्ष आस्थाले टेलिभिजनमार्फत लाखौं दर्शकको मन मात्र जितिनन्, उनीहरूलाई त्यस्ता कार्यक्रम हेर्न बाध्यसमेत पारिन् ।

नेपाल वान कार्यक्रममा निकै रोचक कार्यक्रम सञ्चालन गर्ने पत्रकार तथा टेलिभिजनकर्मी गोकर्ण खतिवडा पनि चर्चामा रहे । 'जन-अदालत' शीर्षकको उनको अदालती कारबाही शैलीको कार्यक्रम रोचक मात्र थिएन, चुनौतीपूर्ण समेत थियो । यो कार्यक्रमलाई एक सय भागसम्म निर्माण गरेर गोकर्णले नेपाली दर्शकलाई ठूलै गुन लगाएका छन् । उनको प्रभावशाली प्रस्तुतिका कारण कार्यक्रमले निकै उचाइ हासिल गरेको थियो । नेपाल वान च्यानलमै 'कुरा कम्पनी' कार्यक्रम सञ्चालन गर्ने व्यंग्यकार मनोज गजुरेल चर्चामा रहे ।

कान्तिपुर टेलिभिजनबाट इमेज च्यानल पुगेकी पुजा गुरुङले त्यहाँ दुई भिन्न शैलीका कार्यक्रम तयार पारेर चर्चामा आइन् । उनको 'पार्टी सेन्ट्रल' कार्यक्रम विशुद्ध युवापुस्तामा केन्द्रित थियो, जसमा उनले राजधानीमा आयोजना हुने पार्टी, डान्सपार्टी तथा डिस्कोथेकका गतिविधिहरू दर्शकमाझ प्रस्तुत गरिन् । अर्को एक कार्यक्रममा भने उनले समाजका विविध विषयवस्तुका बारेमा जानकारी दिएर दर्शकलाई उनीहरूको सोचाइमै नपरेका विषयमा जानकारी दिइन् । अन्य भिडियो जक्कीभन्दा भिन्नै आकर्षणका कारण पनि उनी चर्चामा रहिन् ।

## फेसन रिवाइन्ड २०६२

# प्रीति, रानी र जोनका स्टाइल छाए यो वर्ष

लगाउँदा सजिलो, सहज र आरामदायक तथा देखिंदा आकर्षक स्टाइलिस एवं ट्रेन्डी। उल्लेखित कुरा हिजोआज परिवर्तित फेसनशैलीको परिचय बन्न पुगेको छ। फेसन बजारमा देखिने र हराउने दर्जनौं फेसनशैलीअन्तर्गत वर्ष २०६२ मा सुन्दर एवं आकर्षक कट्स, ब्राइट कलर्स एवं कलरफुल इम्ब्रोइडरीले विशेष प्राथमिकता पायो। विशेष गरी डिजाइनर वेअरतर्फ फ्युजन लुक मिक्स एन्ड म्याच शैली, एन्टिक लुक, ब्याक टु नेचर तथा इम्ब्रोइडरी कम तर स्लिट्स र सिमिट्रिकल कट्सले प्राथमिकता पायो। साडी, कुर्ता-सलबार तथा लेहेंगामा उल्लेखित कुराको प्रयोग बढी भयो।

डल गोल्ड बोर्डरयुक्त टरक्वाइज एवं ग्रिन कलरको स्लिट साडीका साथमा इब्रोइडरीयुक्त आकर्षक ब्लाउज होस् वा रोयल ब्लु साडी र कढाइदार रातो ब्लाउजको कम्बिनेसन, मजेन्टा साडीमा मिहिन सिक्वेन्स वर्क होस् वा रष्ट एवं ओरेन्ज क्रेप साडीमा बस्टिएरको कम्बिनेसन, यी सबैले चर्चा पाए। साडीका साथमा ब्लाउजका अतिरिक्त स्टाइलिस डिजाइनर चोली, एम्पायर लाइन ब्रोकेड बेस बस्टियर, अफ सोल्जर र हल्टर शैलीका कोर्सेटको कम्बिनेसनलाई पनि धेरैले रुचाए। बन्टी और बब्लीमा रानी मुखर्जीले लगाएको पाटियाला सलबार र कलर भएको सर्ट कुर्ताको फेसनशैली पनि उत्तिकै पपुलर रह्यो। यसका अतिरिक्त स्टाइलिस ब्ल्याक सर्ट कुर्ता र प्यारालल सलबार पेरोटग्रिन एवं मजेन्टा प्यारालल सलबार सुट, अफ सोल्जर कुर्ता, टाइ एन्ड डाइयुक्त पेष्टल कलर चुडीदार, ऱ्याप अराउन्ड ट्युनिक, स्पेगेटी स्ट्राइप टप र ड्रास्टिङ पैजामाको कम्बिनेसन, एसिमिट्रिकल कट्सयुक्त कुर्ता एवं स्कर्ट, लोटस एन्ड मोटिभयुक्त रस्ट कलरको क्रेप कुर्ती र बुटकट ट्राउजर, कालो लोटस पन्ड मोटिभयुक्त हटपिन्क सिल्क कुर्ती र बुटकट ट्राउजर आदि पनि उत्तिकै लोकप्रिय रहे। डिजाइनर वेअरमा ड्रइङ केपरिज, ऱ्याप अराउन्ड टप, ट्युनिक, एसिमिट्रिकल कट्सयुक्त स्कर्ट, पन्जु शैली, कफ्तान, विभिङ इफेक्टयुक्त



वन पिस ड्रेसहरूले पनि २०६२ को फेसनमा रौनक थपे।

पार्टी वेयरतर्फ विशेष गरी डिजाइनर साडी र लेहेंगा बढी प्रयोगमा आए भने इभिनिङ गाउनले खासै प्रभाव जमाउन सकेन। कुर्ता-सलवारका विविध डिजाइन भने सदाबहादर रहे। मल्टिकलर कम्बिनेसनतर्फ विशेष गरी रातो, गुलाबी, जामुनी, टरकवाइज, फ्युसिया अलिभ, रस्ट एन्ड डिप कफी कलर, पहेंलो, सुन्तला, पेस्टल ग्रिन, मजेन्टा ब्ल्याक लगायतका रंगहरूले फेसनमा बहार ल्याए भने जर्जेट, सिफन, क्रेप, सिल्क, अरगेन्जा, ब्रोकेड, लेजर, नेट एवं टिस्यु जस्ता फ्याब्रिकमा पतरी, सिक्वेन्स, डोरी, एप्लिक, मिरर, जरदोजी, क्रिस्टल नटासी, जरी, थ्रेड आदि वर्कको प्रयोगले डिजाइनर परिधानमा थप आकर्षण प्रदान गरे।

विवाह, भोज, पार्टी लगायतका फङ्सनल तथा फर्मल अवसरमा डिजाइनर पहिरनतर्फ बढी आकर्षण देखिए पनि अन्य अवस्थामा भने विशेषतः युवापुस्ता वेस्टर्न आउटफिटमै रमाएको पाइयो। वर्षभरि नै डान्स पार्टी, ग्राउन्ड एवं कन्सर्टको वातावरण रहेकाले त्यसमा रमाउने अधिकतर युवामा माइक्रो-मिनी तथा स्कर्टको प्रभाव बढी रह्यो। जिन्स र टिसर्टका विविध शैली सदावहार रहे पनि यस पटक स्कर्ट, माइक्रो-मिनी, क्यामिसोल, स्लिभलेस, स्ट्राइपलेस, हल्टर, काउलनेक, फलनेक, अफ सोल्जर, डिपनेक, बस्टियर्सको बाहुल्यता रह्यो। लेस ट्रिम भएको स्टर्क, पोल्का डटेड, लेयर्ड, टियर्ड, वबाइडवेल, फिस फ्राइ, हयाङ्करचिफ जस्ता स्कर्टका दर्जनौं शैलीका साथमा लेस क्यामी, हल्टर टप, स्पागेटी टप, सिक्वेन्ड पन्चो, अफलाइन टप, स्यान्डो आदिको कम्बिनेसन बढी पपुलर रह्यो। कलर्ड करडोइज, क्याप्रियज, सर्ट ज्याकेटयुक्त डिस्को वेयरदेखि लिएर ब्याकलेस परिधानको ग्ल्यामर पनि उत्तिकै छायो वर्ष २०६२ मा।

जाडो मौसममा भने स्वेटरभन्दा बढी पुल ओभर, पन्जु, बम्बर ज्याकेट, पफी ज्याकेट, फिटेड



ब्लेजर, पोलोनेक, टर्टल नेक, कार्डीगन, स्वेट सर्ट, स्टोलस, सल आदि प्रचलनमा रहे। विभिन्न कलर सेडमा उपलब्ध धागो र ऊनबाट बुनिएका फ्रिन्जयुक्त पन्जु तथा स्प्लिट काउल नेक लाइन भएको पन्जु शैली जाडो मौसममा सबैभन्दा हट आइटम बन्यो। त्यसैगरी डबल भिजन सर्ट, फिटिङ लेदर ज्याकेट, वेस्ट लेन्थ ज्याकेटका साथै साइड पकेट, फ्रन्ट पकेट, लङ कोट, टक फ्रन्ट डेनिम ब्लेजर, बडी साइज, रफल सुड ट्वीड, रफ कलर, फर कलर ब्रोकेड आदि विभिन्न शैलीका ज्याकेटले जाडोमा न्यानो फेसनशैली सञ्चार गऱ्यो। पुरुष फेसनमा भने खासै परिवर्तन देखा परेन। विशेषतः ब्लास्टेड र स्टोन वास्ड जिन्समा बेली शैली प्रायः सबैले मन पराए। टाइट टिसर्टभन्दा लुज एवं फिटेड सर्टको प्रचलन बढी रह्यो। प्रिन्टेड, स्लोगन र मल्टी सेडेड टिसर्टको माग पनि उत्तिकै रह्यो। फर्मल वेअरतर्फ भने थ्रि-बटन, टु-बटन कोट शैली बढी प्रचलनमा आए। क्रिजयुक्त पाइन्टभन्दा क्रिजलेस पाइन्टमा फिटिङ शैली पुरुष वर्गमा पपुलर रह्यो। टिन एज युवा पुस्तामा भने सिंगल क्रिजयुक्त मोहताको गोलाइ तुलनात्मक रूपले कम र लगभग ब्यागी शैलीका फर्मल पाइन्टको क्रेज रह्यो।

पहिरनका अतिरिक्त एक्सेसरिजतर्फ भने फुटवेयरमा स्लिप अन स्यान्डल, टाइ अप स्यान्डल, पोइन्टेड टो स्यान्डल, लोफर मुल्स, मोजडि नि-लेन्थ बुट, फ्ल्याट स्लिपर आदिले बढी बजार लिए। फुटवेयरमै पुरुषतर्फ भने स्पोर्टी लुक्स साथमा स्केचर, बोइल्यान्डर तथा तुनायुक्त पार्टी सुजको प्रचलन बढी रह्यो। वेस्टर्न आउटफिटका साथमा क्याजुएल, स्टाइलिस, फेसनेवल, फन्की ह्यान्ड ब्यागको फेसन कोड पनि उत्तिकै लोकप्रिय रह्यो। लेदरका अतिरिक्त सिन्थेटिक, भिनाइल, सिल्क, कटन, जिन्स, पोली युरेथिन, सितारा, बिड्स सिक्वेन्स वर्क गरिएका ब्यागले फेसनमा आफ्नो प्रभाव जमाए।

गरगहनाको संसारमा भने फ्युजन, इमिटेसन, एन्टिक एवं ट्रेन्डी ज्वलरी बढी प्रभावकारी रहे। सस्तो, टिकाउ र आकर्षक भएका कारण इमिटेसन ज्वेलरीतर्फको क्रेज बढेको देखियो। २३ दशमलव ५ क्यारेटको गोल्ड प्लेटेड वा मेटल प्लेटेड गहना इमिटेसन ज्वेलरीभित्र पर्छ।

विशेष गरी इमिटेसन ज्वेलरीतर्फ लकेट, सिक्री, मंगलसूत्र, औंठी, टप, रिङ, पाउजु, नेकलेस आदि बढी प्रचलनमा रहे। विभिन्न स्टोन र मेटलका डिजाइनिङयुक्त फ्युजन ज्वेलरीको फेसन पनि उत्तिकै रह्यो। अवसर र पहिरनसित सम्बन्ध नराख्ने भए पनि ट्रेन्डी ज्वेलरी अर्थात् आधुनिकता एवं फेसनेबल तरंग छर्ने अलग-अलग रंग एवं चाहेजस्तो मेटिरियलसित मिल्दोजुल्दो लेदर, टेराकोटा, पेपर कौडा तथा पत्थरमा विविध डिजाइनयुक्त ट्रेन्डी ज्वेलरीले पनि फेसन संसारमा थप रौनक ल्याए। यिनका अतिरिक्त अक्सिडाइज जंक ज्वेलरी, टाटु एवं प्लास्टिक





ज्वेलरीले पनि विशेषतः युवावर्गलाई बढी आकर्षित गऱ्यो। हीरा, मोती, सुन-चाँदीका गरगहना विशेष अवसरको ट्रेड मार्कका रूपमा रहे



तस्विर : सुर

भने ह्वाइट गोल्ड तथा प्लेटेनियमका ज्वेलरीको आकर्षण बढे पनि महंगो भएका कारण उच्च वर्गमा मात्रै सीमित रहे। पुरुष वर्गमा भने नेक अराउन्ड, रिस्टलेट, लेपल अटेचमेन्ट, टाइ पिन्स, कफ्लिन्क अवसरका गरगहनाका रूपमा विकसित भए। क्याजुएल मुडमा सिल्भर औंठी ब्रासलेट, रिस्टलेट पेन्डेन्ट बढी लोकप्रिय रहे। त्यसैगरी स्टाइलिस इमिटेसन तथा जंग ज्वेलरीको क्रेज पनि उत्तिकै रह्यो।

सुन्दरतालाई निर्खान मद्दत गर्ने मेकअप शैलीमा हेभी मेकअपका स्थानमा सफ्ट नेचुरल लुक्सले प्राथमिकता पायो। मेकअपमा पेस्टल र नेचुरल सेड्स, सिमर एन्ड साइनी इफेक्ट बढी प्रचलित रहे। विशेष गरी बार्बी पिन्क लुक, मिस्टी ग्रिनलुक तथा रुवी रेड लुकको क्रेज रह्यो। न्युड लिपका स्थानमा ग्लसी लिप बढी पपुलर रह्यो। विशेष गरी आँखाको मेकअपले प्राथमिकता पायो। नेल एक्स्टेन्सन तथा नेल आर्टको क्रेज पनि उत्तिकै रह्यो। हेयर स्टायलिङतर्फ खासै परिवर्तन नआए पनि रेजर कट, ब्लन्ट कट तथा हेयर आइ रनिङ तथा स्टेटनिङ फेसनमा




रह्यो। विशेषतः युवा वर्गमा प्रिटी जिन्टा, रानी मुखर्जी, जोन अब्राहम लुकले प्राथमिकता पायो। केश हाइलाइट गर्ने फेसनमा विस्तारै कमी आएको महसुस गरिए पनि हेयर कलरिङको क्रेज भने यथावत् रह्यो। यसै वर्ष दाँतमा हीरा जड्ने प्रविधि नेपाल भित्रियो।



तस्विर : महेश प्रधान

# र्‍याम्पमा वर्ष-२०६२



भनिन्छ फेसनमा स्थिरता हुनु हुँदैन। परिवर्तन नै फेसनको पर्याय हो, तर वर्ष २०६२ मा एकै प्रकृतिका दर्जनौं कार्यक्रम सम्पन्न भए। विशेषतः सौन्दर्य तथा मोडल प्रतियोगिताहरू 'ओल्ड वाइन इन अ न्यू बोटल' प्रवृत्तिका देखिए। राजधानीमा आयोजना हुने अधिकतर फेसन कार्यक्रममा आफूलाई उपस्थित गराउने ताहाचल निवासी सरोज र विनोदलाई प्रतियोगितात्मक फेसन कार्यक्रमका बारेमा धेरै हदसम्म ज्ञान भैसकेको छ। परिचयात्मक, बेस्ट ड्रेस, टपटेन, टप फाइभ र एवार्ड अनाउन्स्मेन्ट बाहेक नयाँ कुरा केही देख्न पाइँदैन- सरोज र विनोद कमेन्ट गर्छन्। वर्ष २०६२ भरि सञ्चालन भएका प्रतियोगितात्मक फेसन कार्यक्रमलाई सरसर्ती नियाल्ने हो भने सरोज तथा विनोदको भनाइलाई स्वीकार गर्नैपर्छ। चाहे त्यो मिस नेपाल प्रतियोगिता होस् वा बालबालिकाको प्रतिभा छनौट गर्ने लिटिल लेडी, किड क्विन आदि कार्यक्रम सबैमा एउटै प्रस्तुतिकरण देख्न पाइन्छ।

संख्यात्मक हिसाबले वर्ष ०६२ को अन्तसम्ममा करिब एक सयको संख्यामा फेसन कार्यक्रमहरू सञ्चालित भए। यो संख्या गत वर्षको भन्दा झन्डै दोब्बर हो। वर्षभरि सञ्चालन भएका करिब एक सयवटा कार्यक्रममध्ये करिब ५ दर्जन प्रतियोगितात्मक रहे भने बाँकी फेसन सोहरू थिए।

एकैखाले प्रस्तुतिकरणबाट निरस देखिएका फेसन कार्यक्रममा नयाँ स्वाद दिन केही आयोजकहरूले केही फरक शैली पनि अपनाए। होटल डेला अन्नपूर्णको परिसरमा सञ्चालित प्लानेट एमएसएन नामक 'एक्सक्लुसिभ' फेसन कार्यक्रमको विशेषता थियो- कार्यक्रममा सहभागी अविनाश घिसिङ, सञ्जीव सिंह, भरत सिटौला, बाबु बोगटी आदि गायकहरू तथा सहभागी मोडलहरूको एकसाथ र्‍याम्पमा प्रस्तुतिकरण।

नेपाली र्‍याम्पमा विदेशी मोडलको उपस्थिति पनि चर्चाको विषय बन्यो। सधैं नेपाली मोडलहरूको प्रस्तुति हेरिरहेका नेपाली आँखालाई विदेशी मोडलको प्रस्तुतिले लोभ्यायो। जेठ महिनाको दोस्रो साता कुपण्डोलस्थित समित होटलमा सम्पन्न उक्त फेसन कार्यक्रममा डिजाइनर सुजिसा सेनले तयार पारेका साडी, पार्टी वेयर, स्कर्ट स्लिभलेस टप, क्याजुएल वेअर आदिमा युको, निना, हाजरा, जेनिफर, जान्टजे, मिल्ली आदि आधा दर्जन मोडलहरूको क्याटवाकले कार्यक्रमलाई रोमाञ्चक बनाएको थियो। यसैगरी असोज महिनामा याक एन्ड यती होटलको प्रेक्षालयलाई ततायो पूर्व मिस इन्डिया मेहर भसिन, पारुल चौधरी, साक्षी गुलाटी, रोमिल श्रीवास्तव, आँचल ओवराय लगायतका भारतीय मोडलहरूको क्याटवाकले। डिजाइनिङ संस्था आईआईएफटीका प्रशिक्षार्थी डिजाइनरहरूले तयार पारेका विविध पहिरनमा सहभागी नेपाली तथा भारतीय मोडलहरूले सो कार्यक्रमलाई दर्शनीय बनाएका थिए। नेपाली मोडलिङ आकाशमा नर्वेली कथरिना हेनी योहान्सनको नाम पनि समाहित भयो। काठमाडौं उत्सव, सनसिल्क फेसन सप्ताहबाट र्‍याम्पको अनुभव



सँगालेकी कथरिनाले नेपाली म्युजिक भिडियोमा पनि काम गरिसकेकी छिन्।



जहाँ राजधानीका पार्टी प्यालेस, साना-ठूला प्रेक्षालयदेखि तारे होटलका परिसर र प्रेक्षालयहरू, र्‍याम्प गतिविधिले सिंगारिएका थिए, त्यहीं पर्यटकीय नगरी पोखरामा पनि फेसन गतिविधिले वर्षभरि नै निरन्तरता पायो। यो वर्ष पोखरामा एक दर्जन कार्यक्रमजति प्रस्तुत भए जसमध्ये मिस टिन पोखरा, मि. एन्ड मिस इन्टर कलेज तथा सानो बाबु-सानो परी प्रतियोगितात्मक रहे। राजधानी र पोखराका अतिरिक्त धरान, वीरगन्ज, विराटनगर, नेपालगन्ज, चितवन, बुटवल, दाङ आदि क्षेत्रमा पनि मोडलिङ गतिविधिले निरन्तरता पायो। एचआइभी संक्रमितलाई घृणा र तिरस्कार गर्नुभन्दा तिनलाई माया र सद्भाव राख्नुपर्छ भन्ने आह्वान गरिएको एक प्रतियोगितामा चितवन र नवलपरासीका आठ जना एचआईभी संक्रमित महिलाले पहिलोपटक सहभागिता गरे। उक्त प्रतियोगितामा २३ वर्षीया दीक्षा दाहाल विजेता बनिन्। पहिलो पटक वर्ष २०६१ मा चर्चामा आएको लक्स ब्युटि स्टारले वर्ष २०६२ मा निरन्तरता पाउन सकेन। यल ग्रुपले मिस इन्टरनेसनल नेपाल जस्ता नौलो सौन्दर्य प्रतियोगिता भित्र्यायो। यो वर्ष मिस नेपाल २००५ सुगरिका केसीले मिस वर्ल्डमा, फस्ट रनरअप सोभना श्रेष्ठले मिस अर्थमा, सेकेन्ड रनर अप आयुष्मा पोखरेलले मिस एसिया प्यासिफिक इन्टरनेसनलमा, सिसिलिया गुरुङले मिस टुरिजम क्विन इन्टरनेसनलमा, निशा अधिकारीले मिस इन्टरनेसनल युनिभर्सिटीमा नेपालको प्रतिनिधित्व गरे। सहभागिताको अनुभवका अतिरिक्त उल्लेखित सुन्दरीहरूले कुनै महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकेनन्।

समुदायको संस्कृति संरक्षण, सबर्द्धन एवं प्रबर्द्धन, युवापुस्तमा संस्कृतिक सचेतता जगाउने तथा समुदायका प्रतिभाहरूलाई अवसर प्रदान गर्ने उद्देश्यले आयोजना भएका जातीय ब्युटी एण्ड ट्यालेन्ट सोको संख्यामा यस पटक वृद्धि भयो। गत वर्ष मिस टिन शेर्पा सञ्चालन गरेको संस्था नेपलिज फेसन होमले यसपटक मिस टिन गुरुङ तथा मिस नेवा प्रतियोगिता सञ्चालनमा ल्यायो। यसैगरी पहिलो मिस आदिवासी प्रतियोगिता पनि यसै वर्ष आयोजना भयो। इन्डिजिनियस एन्थेसिटीले मिस आदिवासीका अलावा आदिवासी कान्छा-कान्छीको आयोजना गर्‍यो। यसैगरी ड्रिम एराले मास्टर एण्ड मिस लिटिल गुरुङ तथा क्रिएसन फेसन फिल्डले मिस तामाङ नामक प्रतियोगिता सञ्चालन गरे।

एकैखाले प्रस्तुतिका कारण सहभागिताहरूको फितलो प्रस्तुति, उत्कृष्ट हुनेको छनौटमा पारदर्शिता नहुनु आदि कारणले मोडल तथा सौन्दर्य प्रतियोगिताको लोकप्रियतामा ह्रास आए पनि संख्यात्मक दृष्टिकोणले भने यस्ता कार्यक्रमहरू बढे। यस अवधिमा राजधानीले अर्जुन सन्जेल र मुक्ता भण्डारी (मि.एण्ड मिस नेसनल), प्रकाश पाण्डे र भावना खड्गी (मि.एण्ड मिस कान्तिपुर), सुदीप लामा र डोमा शेर्पा (मि.एण्ड मिस डायमण्ड), सुवल भण्डारी र नीलिमा रञ्जित (मि.एण्ड टिन्स नेपाल), दिनेश शाही र स्विटी शाक्य (मि.एण्ड मिस राजधानी) का रूपमा पायो। यसैगरी मोफसलले मच्छिन्द्र श्रेष्ठ र रीता थिङ (मि. एण्ड मिस चितवन लुक्स), चन्दन अग्रवाल र सगुन मल्ल (मि.एण्ड मिस इन्टर कलेज चितवन) अकिहितो गुरुङ र शशी गुरुङ (मि.एण्ड मिस इन्टरकलेज पोखरा), जय शर्मा र रेश्मा बास्तोला (सुपर मोडल, विराटनगर) का रूपमा पाए। सौन्दर्य प्रतियोगिताहरूतर्फ मिस नेपाल, मिस नेवा, मिस तामाङ, मिस टिन, गुरुङ, मिस आदिवासी, मिस इन्टरनेसनल नेपाल, मिस टुरिजम क्विन इन्टरनेसनल नेपाल, मिसेज ग्लोब नेपालका अतिरिक्त मिस टिन नेपाल, मिस टिन भ्याली, मिस टिन पोखरा, मिस फेयरी आदि सम्पन्न भए जसमा क्रमशः प्रियंका कार्की, सिवाङ्गी प्रधान, तृप्ति प्रधान, प्रियंका बराल विजेता बने।

पुरुष सौन्दर्य प्रतियोगितातर्फ मिस्टर नेपाल चौथो संस्करणको विजेता बने उज्ज्वल कार्की। मोडल हन्ट उपाधि धीरज बज्राचार्यको हात पर्‍यो। यो वर्ष प्रतियोगितात्मक कार्यक्रमको बाढी आए पनि अधिकतर कार्यक्रममा सहभागी हुनेहरूको संख्यामा भने खडेरीले लाग्यो। विगत ५ वर्षयता सम्पन्न पहिलो मिसेज ग्लोब नेपाल प्रतियोगितामा जम्मा ८ जना प्रतिस्पर्धीबीच नै प्रतियोगिता सञ्चालन भयो भने प्रतियोगीहरूको अभावका कारण मि.एण्ड मिस २००५ तथा मि. एण्ड मिस भ्यालेन्टाइन स्पर्धा सञ्चालन हुन सकेनन्। यसैगरी मि.एण्ड मिस राजधानी नामक स्पर्धा प्रतियोगीको संख्या नपुगेकाले सञ्चालन गर्न कठिनाइ भयो। धरानमा सम्पन्न सानीपरी, सानोबाबु प्रतियोगिता अन्तर्गत जम्मा ४ जना प्रतिस्पर्धी थिए। सानोबाबु उपधिका लागि जहाँ विगतमा एउटा प्रतियोगितात्मक कार्यक्रममा कम्तीमा पनि १५ देखि २५ जनाबीच प्रतिस्पर्धा हुन्थ्यो, त्यहीं यस पटक आयोजकले १० देखि १२ जना प्रतिस्पर्धीको उपस्थितिमै प्रतियोगिता सञ्चालन गर्न बाध्य हुनुपर्‍यो। यद्यपि मिस नेवा, मिस टिन गुरुङ, किड क्विन प्रतिस्पर्धामा भने क्रमशः ३२-३२ तथा ४३ जना प्रतियोगीहरूलाई एकसाथ मञ्चमा उतारिएको थियो।

विगत केही वर्षयता सञ्चालनमा आउन थालेको बालबालिकाको प्रतिभा प्रस्फुटन गराउने र उनीहरूबीच प्रतिस्पर्धाको भावना जगाउने तथा सौन्दर्य र प्रतिभा मापन गर्ने बालबालिकासँग सम्बन्धित प्रतियोगिताको लहर यसपटक अझ बढेको पाइयो। काठमाडौं जेसिजले हरेक वर्ष सञ्चालन गर्दै आएको लिटिल लेडी ट्यालेन्ट सो र मास्टर नेपाल तथा नेपलिज फेसन होमले विगत दुई वर्षयतादेखि आयोजना गर्दै आएको किड क्विन र मास्टर लिटिल स्टार प्रतियोगिताले निरन्तरता पाए। गत वर्षदेखि बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गर्न थालेको सुलक्ष्य नामक संस्थाले भने आफ्नो सानीपरी, सानोबाबु नामक कार्यक्रमलाई पोखरा र धरान क्षेत्रमा सञ्चालन गर्‍यो भने राजधानीमा राइजिङ भ्याली स्टार नामक प्रतियोगितालाई अगाडि ल्यायो। उल्लेखित कार्यक्रमका अतिरिक्त वर्ष २०६२ मा अन्य आधा दर्जनभन्दा बढी बालबालिकासँग सम्बन्धित प्रतियोगितात्मक कार्यक्रम सञ्चालनमा आए।

वर्ष २०६२ को नेपाली मोडलिङ क्षेत्रमा चर्चामा आएका कुरालाई केलाउँदा मिस नेपाल प्रतियोगितालाई छुटाउन सकिंदैन। मिस ट्यालेन्टेड, मिस बेस्ट ड्रेसका साथ मिस नेपाल २००५ को ताज पहिरिन सफल भइन् १९ वर्षीया सुगरिका केसी। वितेको वर्षभन्दा यस पटक मिस नेपाल स्पर्धाले विशेष चर्चा पायो नेपाली सञ्चार माध्यमहरूमा। पुरस्कार राशिमा पनि वृद्धि भयो। यद्यपि कमजोर प्रस्तुतिकरण एवं फितलो आयोजनाले सोचे अनुरूप मिस नेपाल प्रतियोगिता भव्य हुन सकेन। तथापि डिजाइनरद्वय विष्णु गौतम तथा सूर्यलक्ष्मीको सिर्जनाले भने प्रशंसा पायो।

२९ विभिन्न समूहका ७६ जना डिजाइनरको सिर्जनालाई २० जना व्यावसायिक मोडलहरूको प्रस्तुतिकरणबाट भदौ २४ देखि २८ सम्म याक एन्ड यती होटलमा सम्पन्न दोस्रो सनसिल्क नेपाल फेसन विक वर्षको सर्वाधिक चर्चित र्‍याम्प सो रह्यो। ५ दिनसम्म सञ्चालित सो सप्ताहव्यापी फेसन कार्यक्रममा ४५ वटा सिक्वेन्समार्फत् ४ सय ५० भन्दा बढी विविध डिजाइनर वेअर प्रस्तुत गरिए। गत वर्षको तुलनामा सहभागी बुटिक संख्या कम रहे पनि फेसन सप्ताहको आकर्षणमा भने कुनै कमी आएन। व्यावसायिक मोडलहरूका अतिरिक्त नायक भुवन केसी, टेलिभिजनकर्मी सुशील नेपाल र पुष्पा जोशी तथा पूर्व मिस्टर नेपालहरूसमेत र्‍याम्पमा उत्रिएर फेसन सप्ताहलाई थप रोचकता प्रदान गरे। फेसन सप्ताहभन्दा दुई साता पहिले आई.ई.सी. फेसन डिजाइनिङ संस्थाको सातौं वार्षिकोत्सवमा सञ्चालित डिजाइनर स्पर्धा पनि कम महत्त्वपूर्ण थिएन। पहिरन प्रदर्शनीका दृष्टिले यस पटक उक्त प्रतिस्पर्धामा १ सय ७७ जना डिजाइनरहरू सहभागी थिए। विशेषतः डिजाइनरको कल्पनाशीलता एवं सिर्जनाले महत्त्व पाएको उक्त डिजाइनर मेलामा तस्बिर खिचिने फिल्मका खाली क्यान तथा एक्स्पोज्ड नेगेटिभबाट निकै कुशलतापूर्व पोसाक सिर्जना गरी पोखराकी समिता अधिकारीले उत्कृष्ट डिजाइनरको एवार्ड प्राप्त गरेकी थिइन्।

यसैगरी हायात रिजेन्सीमा सम्पन्न स्पाइस फेसन सो, आईआईएफटीको फेसन मन्त्र, नमूना कलेजका प्रशिक्षार्थी डिजाइनरको सिर्जना प्रस्तुत गरिएको जर्नी अफ फेसन, सफ्ट सेन्टर पहिरन प्रस्तुति रहेको बेरिना हेयर स्टाइल सो तथा वर्षको अन्तातिर पूर्व मिस नेपालद्वय माल्भिका सुब्बा र उषा खड्गी तथा नायिका मेलिना मानन्धर समेतले क्याटवाक गरेको ह्यान्डी क्राफ्ट फेसन सो पनि उल्लेख्य रह्यो वर्ष २०६२ मा। राजधानीमा सम्पन्न यी डिजाइनर सो जति उल्लेख्य रहे त्यति नै दर्शनीय रहे पोखरा, धरान तथा विराटनगरमा सम्पन्न डिजाइनर सोहरू। उल्लेखित अधिकांश कार्यक्रममा बुटिक सञ्चालन गरिरहेका फेसन डिजाइनरभन्दा प्रशिक्षार्थी डिजाइनरहरू बढी सक्रिय रहे। यस अवधिमा नमूना कलेज, आई. ई. सी., आई.आई.एफ.टी., एन.आई. एफ.टी., एन.ई.एफ.टी, लखोटिया सफ्टवेयर सेन्टरका दर्जनौं प्रशिक्षार्थी डिजाइनरहरूले आफ्नो सिर्जनशीलतालाई र्‍याम्पमा उतारे।

नेपाली मोडलिङको आकाशलाई साइवर संसारमा फैलाउने इन्टरनेट मोडलिङले यसपटक विशेष चर्चा पायो। साइवर संसार डटकम, पोखरा सिटी डटकम, लभ्ली पोखरा डटकम, ई-कान्तिपुर, आवर नेपाल, हट नेपाल, फेसन नेपाल, नेपाली साइट डटकम, नेपलिज मोडल्स डटकम, मि डटकम, म हु डटकम आदि वेब साइटले नेपाली मोडलिङलाई अझ फराकिलो पार्ने काम गरे। मोडलको सौन्दर्य र ग्ल्यामरले यी वेबसाइटहरू पनि लोकप्रिय भए। वर्षभरि र्‍याम्प गतिवधिमा काठमाडौं जेसिजका अतिरिक्त नेपलिज फेसन होम, सुलक्ष्य, ग्यालेक्सी मोडलिङ एजेन्सी, ट्रेन्ड्स, बी फेसन डटकम, सी. एन. एन. फेसन टच, द एरोजस्ता संस्थाहरू बढी सक्रिय रहे। द र्‍याम्प अधिकतर नयाँ मोडल उत्पादनमै बढी केन्द्रित रह्यो भने ड्रिम्स अनलिमिटेड विभिन्न र्‍याम्प तथा दृश्य मोडलिङका लागि मोडल संयोजन कार्यमा बढी व्यस्त रह्यो।

छोटो समयमा नाम, दाम, र प्रसिद्धि आर्जन हुने क्षेत्रका रूपमा परिचित फेसन क्षेत्रमा प्रत्यक्ष-अप्रत्यक्ष सहभागी हुनेहरूको संख्या जहाँ दिनदिनै बढ्दो छ त्यहीं करिब ८ वर्ष यही क्षेत्रमा लागेर चर्चा र प्रसिद्धि कमाइसकेकी मोडल कोहिनुर सिंह एकाएक यो क्षेत्र परित्याग गरी ग्ल्यामरस जीवनबाट आनी लोसाङ डोल्माका रूपमा परिवर्तित भइन्। कोहिनुरको यो परिवर्तन नेपाली सञ्चार जगतका लागि चर्चाको विषय बन्यो। यसैगरी मोडल नायिका एवं गायिका पूजा लामाको सञ्चारकर्मी दिनेश डिसीसँगको प्रेम प्रसंग तथा उनको असफल आत्महत्याको प्रयास पनि उत्तिकै चर्चामा रह्यो। आधा दर्जन र्‍याम्प सोमा क्याटवाक गरिसकेकी उदियमान मोडल प्रतीक्षा सिंहले सडक दुर्घटनामा आफ्नो दाहिने हात गुमाउनुपर्‍यो।

वर्ष २०६२ को मोडलिङ गतिविधिमा नयाँ, पुराना गरी करिब १५ सय मोडलको प्रत्यक्ष सहभागिता रहेको देखिन्छ। र्‍याम्प मोडलिङमा व्यावसायिक पक्ष न्यून रहे पनि यसप्रतिको आकर्षण घटेको देखिँदैन। दृश्य मोडलिङतर्फको क्रेजसँगै त्यसको व्यावसायिक पक्ष पनि फराकिलो हुँदै गएको अनुभव गरियो। चर्चा र प्रसिद्धिसँगै वर्ष २०६२ मा दर्जनौं मोडलले व्यावसायिक सफलता पनि हात पारे। बबिता शर्मा, अर्पणा श्रेष्ठ, आयुषी शाह, नम्रता श्रेष्ट, नोयो सिंह, रमिला अधिकारी, रमिता भण्डारी, रमनी जोशी, अनु श्रेष्ठ, रीतिमा श्रेष्ठ, श्वेता राणा, नितु गुरुङ, सिसिलिया गुरुङ, समिता सुब्बा, उषा रजक आदिका साथै राज घिमिरे, सुबोध थापा, विनय श्रेष्ठ, दीपक शाही, राजीव श्रेष्ठ, प्रवीण श्रेष्ठ आदि पनि चर्चामा आए। यस वर्ष पुरुष मोडलमा निरोज शाक्य विवाह बन्धनमा बाँधिए भने महिला मोडलहरूमा टु-पिएम गर्लका रूपमा चिनिएकी सुचित्रा आचार्य, सञ्जीव सिंहको तिखो चुलेसी... गीतकी मोडल अञ्जना माली तथा सुदीप गिरीको तिमी आज-भोलि... की रीतिमा श्रेष्ठ वैवाहिक जीवनमा प्रवेश गरे। विगत केही वर्षयतादेखि महसुस गरिएको र्‍याम्प सोहरूमा प्रायोजकको अभाव यो वर्ष पनि देखियो। प्रतियोगितात्मक कार्यक्रम बढे पनि तिनमा सहभागी हुनेहरूको संख्या न्यून रहन थालेकाले यसको आकर्षण कम हुन थालेको पुष्टि हुन्छ। दर्शक संख्यामा पनि उत्साहप्रद उपस्थिति देखिएन।

**रोजिन शाक्य**

# विक्रम संवत् २०६३ सालको भविष्य

ज्यो.पं. ओजराज उपाध्याय लोहनी

विक्रम संवत् २०६३ सालको संवत्सरको नाम विकारी हो। यो वर्षको भोग्य समय २०६३ जेठ २४ गतेसम्म मात्र देखिन्छ। यो अवधि प्रतिकूल नै रहनेछ। वि.सं. ०६३ सालको राजा बृहस्पति तथा मन्त्री शुक्र हुन्। राजा बृहस्पतिले शुक्रलाई शत्रु दृष्टिले हेर्ने भए पनि शुक्र मन्त्रीले राजा गुरुलाई समभाव राख्ने हुँदा लामो विवादपछि मात्र मेलमिलापका लागि पहल हुने देखिन्छ। ज्ञानका धनी राजा, विज्ञानका धनी मन्त्री भएको हुँदा यो वर्ष ज्ञानविज्ञानमा तालमेल हुने सम्भावना छ। समय-समयमा गरिने अन्तर्क्रियाले मेलमिलापमा सघाउ पुग्नेछ। यो वर्ष झूटको खेती गर्नेहरू आफैं परास्त हुनेछन् भने सत्यतथ्यले स्थान पाउनेछ।


वर्ष प्रारम्भको समयमा जगलग्न परेको छ। जगलग्नअनुसार लग्नेश दशम भावमा बसेको हुँदा आत्मबल बढ्नेछ। आत्मबल बढेकै कारण बलको गलत उपयोगले देशमा समस्या सिर्जना हुन सक्छ। लग्नदेखि द्वितीय भावमा बसेको मंगलले विवाद तथा चोरीका घटनाहरू बढाउनेछ। ग्रहहरूको राजा सूर्य चतुर्थेश भै बाह्रौं भावमा बसेको हुँदा आन्तरिक कलह बढ्नेछ। बाह्य हस्तक्षेप एवं आक्रमणको सम्भावनालाई नकार्न सकिँदैन। आफ्ना समस्या सुल्झाउन अरूलाई गुहार्ने प्रयास प्रशस्तै हुनेछन्, घात-अन्तर्घात पनि हुनेछ। पञ्चम स्थानको केतु तथा पञ्चमेश् पनि निच भएको हुँदा बेलाबेलामा राज्य सञ्चालकहरूको बुद्धिले काम नगर्ने देखिन्छ। षष्टम स्थानमा बृहस्पति तथा चन्द्रमा बसेको हुँदा राष्ट्र र समाजका शत्रुहरू सक्रिय देखिन्छन्। राष्ट्रियता एवं प्रजातन्त्र बचाउन बलियो प्रयास गर्नुपर्नेछ। सप्तमेश मंगल द्वितीय स्थानमा माकेश भै बसेको हुँदा राज्यको सैन्यबल कमजोर हुन सक्छ। गैरकानुनी तरिकाले धन आर्जन गर्नेहरू सक्रिय हुनेछन्। दशमेश शनि तृतीय भावमा बसेको हुँदा राष्ट्रनिर्माणमा लाग्नेहरू प्रभावी हुनेछन्। शुक्र बलियो भएको हुँदा प्रजातन्त्र बलियो छ। विद्वान्हरूको भ्रम खुल्नेछ। उनीहरूले सही बाटो लिने हुँदा जनघाती तथा प्रजातन्त्रविरोधीहरू एक्लिनेछन्। एक्लिएको बेला मतिभ्रष्ट भएर राज्यसञ्चालकहरूले गलत कार्य गर्न सक्छन्। त्यसबेला बुद्धिजीवी तथा राजनेताहरूले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ। प्रजातन्त्रका धरोहर राजनेताहरूको अन्त हुन गै राष्ट्र नै शोकाकुल हुनेछ। त्यसबेला पञ्चतन्त्रका अनुयायीहरूले संयम अपनाउनुपर्नेछ।

जेठ १२ गतेदेखि मंगल कर्कट राशिमा शनिका साथ नीच भै बस्ने हुँदा समय प्रतिकूल बन्नेछ। सैन्य कारक ग्रह मंगल तथा शनिको युक्तिले राष्ट्रमा हलचल मच्चिनेछ। सैन्य विद्रोह हुन सक्ने सम्भावना छ। सुरक्षाफौज स्वार्थतर्फ उन्मुख हुनेछ। यस प्रकारको ग्रह स्थिति असार ३० गतेसम्म रहनेछ। शनि तथा मंगलको परस्पर दृष्टि वा एकसाथको बसाइँ कुनै पनि ज्योतिषी मतमा अनुकूल मानिँदैन। असार ७ गतेदेखि ९ गतेसम्म शनि र मंगल एकै अंशमा अथवा बराबर डिग्रीमा रहने हुँदा समय अत्यन्तै प्रतिकूल रहनेछ। यस्तो ग्रहस्थितिले दैवीप्रकोपका साथै राजनीतिमा समेत संकट निम्त्याउन सक्छ। जिम्मेवारीमा बस्नेले गलत कदम चाल्दा जनसमुदायले चिन्तित हुनुपर्नेछ। अकस्मात् घट्ने घटनाले सबैलाई मर्माहत बनाउनेछ। यस्तो समयमा सत्ता परिवर्तन पनि हुनेछ। यो वर्ष अमेरिका, भारत, फ्रान्स, जापान, अस्ट्रेलिया, अस्ट्रिया, रूस, स्वीजरल्यान्ड, डेनमार्क, लक्जेम्बर्गजस्ता देशहरू पनि प्रभावित हुनेछन्। विशेष गरेर अमेरिका, भारत तथा फ्रान्सका लागि यो वर्ष अनिष्टकारी तथा ऐतिहासिक वर्ष बन्नेछ। नेपालका लागि जेठ १२ गतेदेखि असार ३० गतेसम्म अनिष्ट रहनेछ। साउनदेखि माघ १३ गतेसम्म ग्रह अनुकूल रहे पनि माघ १४ गतेदेखि ग्रह स्थिति पुनः प्रतिकूल बन्नेछ। फागुन ८ गतेदेखि चैत १८ गतेसम्म फेरि शनि, सूर्य तथा मंगलको परस्पर दृष्टि पर्ने हुँदा पुनः संकट आउनेछ। चैत १२, १३ र १४ गते शनि र मंगलको परस्पर दृष्टि बराबर अंश अथवा बराबर डिग्रीमा हुने हुँदा यो समय पनि असारको जत्तिकै अनिष्टकारी रहनेछ।

मंसिर २१ गतेदेखि वक्र हुने शनिले पनि संकट सिर्जना गर्नेछ। अनिष्ट भनिएका समयबाहेक यो वर्षको ग्रह गोचरले मेलमिलापमा बल पुऱ्याउनेछ। समयको सदुपयोग गर्न सके सबैले शान्ति सुव्यवस्थाको अनुभूति गर्न पाउनेछन्। वर्ष लग्नमा शनि शुक्र अनुकूल भएको हुँदा दुःख र पीडा भोग्नुपरे पनि जनताको सार्वभौमता, राष्ट्रिय अखण्डता तथा प्रजातन्त्रको अस्तित्वमा भने आँच आउनेछैन। साउनमा पनि शनि र सूर्य एकै राशिमा बस्ने हुँदा आपसी विवाद बढ्नेछ। साउन २४ र २५ गते सूर्य र शनि एकै अंशमा बस्ने हुँदा अनिष्ट हुन सक्छ। असार ७ गतेदेखि साउन २४-२५ गतेसम्म तथा चैत १२ गतेदेखि १६ गतेका दिनहरू अनिष्ट छन्। असार-साउन तथा चैतमा प्राकृतिक प्रकोपको सम्भावना छ।

## राशिअनुरूप वार्षिकफल

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

अढैया शनिको प्रभाव असोज २८ गतेसम्म रहनेछ। अढैया शनिले घरेलु समस्या बढाउनेछ। असोज १३ गतेसम्म राहु बाह्रौंमा बस्ने हुँदा खर्च एवं विवाद बढ्नेछ। कात्तिक ३ गतेसम्म बृहस्पति अनुकूल हुने हुँदा व्यापार वृद्धि हुने तथा वैदेशिक कार्यमा सफलता मिल्ने योग छ। भाग्यवृद्धि हुनुका साथै धार्मिक कार्यमा सफलता मिल्नेछ। आम्दानीको मार्ग अनुकूल रहनेछ। वैवाहिक बन्धनमा बाँधिने तथा विवाहितहरूलाई पुत्रलाभ हुने सम्भावना छ। असोज १३ गतेदेखि राहु एकादश स्थानमा जाने हुँदा आम्दानी बढ्नेछ। शैक्षिक क्षेत्रमा ह्रास आउनेछ। जेठ १२ गतेदेखि असार ३० गतेसम्म शनि र मंगलको परस्पर दृष्टिका कारण स्वास्थ्यमा समस्या एवं काममा बाधा उत्पन्न हुनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। घरेलु समस्याले पनि सताउनेछ। त्यस्तै फागुन ८ गतेदेखि चैत १६ गतेसम्म चिन्ता बढ्नेछ। असोज महिनामा विशेष काम बन्नेछ।

### वृष

असोज २८ गतेसम्म शनि राहुको अनुकूल प्रभावले काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। स्वास्थ्यमा समस्या देखिन सक्छ। शत्रुदेखि सावधान रहनुहोला। अरूको विश्वासमा परे धोका हुनेछ। नोकरी तथा राजनीतिमा पदोन्नति हुनेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ। अरूले पनि तपाईंको भरोसा गर्नेछन्। साउनमा विशेष सफलता मिल्नेछ। घरजग्गाको बन्दोवस्त हुन सक्छ। सवारी साधन पनि जोडिनेछ। कात्तिकपछि गुरूको अनुकूलताले व्यवसाय वृद्धि हुनुका साथै वैदेशिक यात्रा गर्ने वा वैदेशिक रोजगारीमा सफलता मिल्नेछ। फागुन-चैतमा पदक प्राप्तिको अवसर देखिन्छ। धेरैले तपाईंको प्रशंसा गर्नेछन्। धन आर्जन पनि हुनेछ। असोज १३ गतेदेखि राहु प्रतिकूल हुँदा मानसम्मानमा हानि पुग्न सक्छ। असोज २८ गतेपछि शनि अढैयाले प्रवेश गर्ने हुँदा घरेलु समस्याले सताउनुका साथै आमाबाबुको स्वास्थ्य गडवड हुन सक्छ।

### मिथुन

वर्ष आरम्भमा साढे सात शनिले सताउनेछ। बिनाकारण बढ्ने विवादले चिन्तित बनाउनेछ। कामहरू बीचमै रोकिनेछन्। अरूले गरेको गलत कार्यको दोष पनि तपाईंमाथि आउनेछ। मुद्दा-मामिलामा अल्झनुपर्ने हुनसक्छ। गुरुको अनुकूलताले अध्ययनमा सफलता मिले पनि स्वास्थ्यमा समस्या उत्पन्न हुनेछ। निजी सम्पत्तिमा अरूले कुदृष्टि लगाउन सक्छन्। कर्मस्थानमा बसेको राहुले नोकरीमा संकट ल्याउन सक्छ। राजनीतिमा तपाईंको स्थान अरूले हडप्ने सम्भावना छ। व्यावसायिक मार्गहरू असोजसम्म अनुकूल रहनेछन्। असोजदेखि फागुन ८ गतेसम्म शनि साढे सातले छोड्ने हुँदा शरीरमा ऊर्जा बढ्नेछ। धेरै काममा सफलता मिल्नुका साथै भाग्यले पनि साथ दिनेछ। पुत्रलाभको सम्भावना छ। भदौ, मंसिर तथा वैशाख महिनामा नयाँ काम प्राप्त हुने एवं धन आर्जन हुने योग भए पनि जेठ तथा माघमा स्वास्थ्य प्रतिकूल हुनुका साथै समस्याहरूले सताउनेछन्।

### कर्कट

शनि साढे सातले सताउनेछ। हाडजोर्नीसम्बन्धी पीडा हुनुका साथै घरेलु समस्या बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। भाग्य स्थानमा बसेको राहुले हानि पुऱ्याउनेछ। नोकरीमा समस्या उत्पन्न हुनुका साथै झूटा आरोप पनि लाग्नसक्छ। असोज १४ गतेदेखि अष्टममा बस्ने राहुले शरीरमा चोटपटक लगाउन सक्छ। असोज २९ गतेदेखि द्वितीय भावमा बस्ने शनिले धनमाल चोरी गराउनेछ। जेठ १२ गतेदेखि असार ३० गतेसम्म शनि तथा मंगल कर्कट राशिमा बस्ने हुँदा चिन्ता बढ्नुका साथै घरेलु समस्या चर्कनेछ। झूटा आरोप पनि लाग्नसक्छ। फागुनमा शनि र मंगलको परस्पर दृष्टि पर्ने तथा सूर्य अष्टममा बस्ने हुँदा समस्याहरू बढ्नेछन्। कात्तिकदेखि गुरु अनुकूल हुने हुँदा अध्ययनमा सुधार आउने, धार्मिक कार्यमा मन जाने तथा धन आर्जन हुने योग छ। असोज महिनामा काम बन्नेछ।

### सिंह

शनि साढे सातको प्रभाव वर्षभरि नै रहनेछ। शरीरमा आलस्यता बढ्नेछ। काममा अवरोध आउनेछ भने झूटा आरोप पनि लाग्नेछ। व्यवसायमा समस्या उत्पन्न हुनुका साथै यात्रामा बाधा खडा हुनेछ। राहुको प्रतिकूलताले स्वास्थ्यमा समस्या सिर्जना गर्नेछ। असोजदेखि सप्तममा आउने राहुले व्यवसायमा हानि पुऱ्याउनेछ। कात्तिकदेखि चतुर्थ स्थानमा आउने गुरूले घरेलु समस्याका साथै चिन्ता बढाउनेछ। जेठ १२ गतेदेखि असार ३० गतेसम्म बाह्रौं भावमा शनि तथा मंगल बस्ने हुँदा समय प्रतिकूल रहनेछ। राजकाज-सम्बन्धी मुद्दा खेप्नुपर्नेछ। लेनदेनमा विवाद बढ्नेछ। कात्तिक महिनामा काममा सुधार आउनेछ। माघ-फागुनमा पनि कामहरू बन्नेछन्। चैतमा स्वास्थ्यहानि तथा काममा बाधा खडा हुनेछ। असोजसम्म तृतीय बृहस्पतिको अनुकूल प्रभावका कारण गोपनियताका साथ काम गरे केही सफलता मिल्नेछ। मित्रहरूबाट धोका हुनसक्छ। बसाइँसराइको पनि सम्भावना छ।

### कन्या

घरजग्गाको बन्दोबस्त एवं नयाँ मित्रको आगमन हुनसक्छ। शनिको अनुकूल प्रभावका कारण धन आर्जन गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता मिल्नेछ। तपाईंमाथि ठूलो जिम्मेवारी आउनेछ। असोजसम्म मुखमा सरस्वतीको बास भएको हुँदा अरूलाई प्रभावित तुल्याउन सकिनेछ। असोज १४ गतेदेखि षष्टममा जाने राहुले शत्रु पराजित गरी आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। वैदेशिक कार्यमा सोचेजस्तै सफलता मिल्नेछ। असार-साउनमा नयाँ काम आरम्भ हुनेछ। मंसिरमा जोस एवं जाँगर बढ्नेछ। असोज २८ गतेदेखि माघ ११ गतेसम्म शनि साढे सात आरम्भ हुने हुँदा खर्च, विवाद एवं चिन्ता बढ्ने योग भए पनि गुरुको अनुकूल प्रभाव पर्नेछ। वर्ष राम्रै रहनुका साथै भाग्यले पनि साथ दिनेछ। नोकरी तथा राजनीतिमा सफलता प्राप्त हुनेछ। पदक प्राप्तिका साथै शैक्षिक एवं धार्मिक यात्राको सम्भावना छ।

### तुला

उतारचढावहरू आए पनि धैर्य गरे धेरै काममा सफलता मिल्नेछ। असोजसम्म घरेलु समस्या बढ्नेछ। आफन्तहरूले पनि पराईको झैं व्यवहार गर्नेछन्। पिता-पुत्रबीचको सम्बन्ध प्रतिकूल हुनसक्छ। नोकरीमा समस्या आउनुका साथै राजनीतिमा पाएको सुविधा पनि गुमाउनुपर्नेछ। कात्तिकदेखि माघ ११ गतेसम्म गुरु शनि दुवै अनुकूल रहने हुँदा बोलीको प्रभाव बढ्नेछ। अरूले तपाईंको भरोसा गर्न थाल्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा कामहरू बन्नेछन्। वैदेशिक कार्यमा सफलता मिल्नुका साथै व्यवसायमा लाभ हुनेछ। पठनपाठनमा तीव्रता आउनेछ। शिक्षा प्राप्तिका लागि विदेश जाने अवसर मिल्नेछ। कात्तिकदेखि माघ १२ गतेसम्म घरेलु कार्यमा सफलता हासिल हुनेछ। घरजग्गाको बन्दोबस्त एवं सवारी साधन जोड्ने अवसर प्राप्त हुन सक्छ वर्षको पूर्वार्द्धभन्दा उत्तरार्द्ध फलदायी रहनेछ। महत्त्वपूर्ण निर्णयहरू कात्तिकदेखि माघ १२ गतेसम्म गर्नु उचित हुन्छ।

### वृश्चिक

असोजसम्म गलत विचार बढ्नेछ। बेलामा बुद्धिले काम नगर्दा काममा अवरोध आउनेछ। अध्ययनमा ह्रास आउनुका साथै स्वास्थ्यमा पनि समस्या उत्पन्न हुनेछ। धर्म स्थानमा बसेको शनिले भाग्य हानि गराउनेछ। बोलीको प्रभाव नपर्ने हुँदा बोल्नुअघि विचार गर्नुहोला। फुर्सद नभए पनि खासै काम बन्ने देखिँदैन। अरूकै कामका समय बित्नेछ। जस पाउने सम्भावना देखिँदैन। आफन्तहरूको गुनासो बढ्नेछ। घरेलु समस्याले सताउन सक्छ। पिता-पुत्रबीच मतभिन्नता उत्पन्न हुन सक्छ। व्यापार-व्यवसायमा केही सुधार आउनेछ। वैदेशिक कार्य एवं अध्ययनमा सफलता प्राप्त हुनेछ। धार्मिक कार्यमा मन जानेछ। यात्रा गर्ने अवसर मिल्नेछ। वैशाखमा शत्रु पराजित हुनेछन्। वैशाख, असोज तथा माघमा सफलता प्राप्त हुनेछ। असार, कात्तिक तथा फागुनमा चिन्ता बढ्नेछ। नोकरीमा आलोचित हुनुपर्नेछ। पाएको सुविधा गुम्नसक्छ।

### धनु

असोजसम्म अढैया शनिको प्रभाव रहे पनि आर्थिक मार्ग बलियो रहनेछ। घरेलु कार्यमा समस्या उत्पन्न हुनुका साथै आफन्तहरूसित वादविवाद गर्नुपर्नेछ। स्वास्थ्य प्रतिकूल रहनेछ। कामको बीचमा अवरोध खडा हुनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। बोलीको प्रभाव नपर्ने हुँदा बोल्दा विचार पुऱ्याउनुहोला। धनमाल हराउन सक्छ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। जेठ १२ गतेदेखि असार ३० गतेसम्मको समय प्रतिकूल रहनेछ। बिनाकारण दुःखी हुनुपर्ला। कात्तिकदेखि बृहस्पति बाह्रौं भावमा जाने हुँदा चिन्ता तथा घरेलु समस्या बढ्नेछ। प्रतिष्ठामा आँच आउनेछ। नोकरीमा समस्या एवं राजनीतिमा अप्ठ्यारो स्थिति देखा पर्न सक्छ। असोजमा तृतीय हुने राहु तथा नवौं हुने शनिको अनुकूल प्रभावका कारण काममा सुधार आउनेछ। स्वास्थ्यमा क्रमशः सुधार देखा पर्नेछ। माघ १२ गतेसम्म प्रयास गर्दा कामहरू बन्नेछन्। अन्य महिनामा खासै लाभ देखिँदैन।

### मकर

पराक्रम प्रशस्त मात्रामा बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। अरूले तपाईंको भरोसा गर्नेछन्। वैदेशिक यात्रा हुनसक्छ। आम्दानी बढ्नुका साथै अध्ययनमा सोचेजस्तै सफलता मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। नोकरीमा पदोन्नति हुनेछ। राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। घरेलु कामकाजमा रुचि बढ्नेछ। घरजग्गाको बन्दोबस्त हुनुका साथै सवारी साधन जोड्ने अवसर मिल्नेछ। कात्तिकदेखि अढैया शनि लागे पनि एकादशमा बसेको बृहस्पतिले सबै संकट समाधान गर्नेछ। असार, मंसिर तथा चैत महिनामा नयाँ काम थाल्नु उचित हुन्छ। वैशाख, भदौ तथा पुसमा चिन्ता बढ्नुका साथै काममा बाधा उत्पन्न हुनेछ। असोज १३ गतेदेखि राहुले विवाद बढाउने हुँदा बोल्दा विचार पुऱ्याउनुहोला।


### कुम्भ

साहसिक कार्यहरू हुनेछन्। पराक्रम बढ्नुका साथै अधुरा कामहरू बन्नेछन्। नयाँ काम प्राप्त हुनेछ। शत्रुसित कडा प्रतिस्पर्धा गर्नुपर्नेछ। नोकरी तथा राजनीतिमा समस्याहरूको सामना पर्नुपर्नेछ। झूटा आरोप पनि लाग्नसक्छ। आलोचित हुनुपर्नेछ। व्यवसाय एवं यात्रामा अवरोध आउनेछ। भाग्य भावमा बसेको एकादशले आम्दानीको मार्ग खोल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। सामाजिक कार्यबाट अरूको मन जित्न सकिनेछ। घरेलु कार्यमा मन जानेछ। घरजग्गाको बन्दोबस्त हुनसक्छ। बसाइँ-सराइको सम्भावना छ। वैशाख, साउन तथा पुसमा ग्रह स्थिति अनुकूल रहनेछ। यही बेला महत्त्वपूर्ण कामका हात हाल्नु उचित हुनेछ। असोज, जेठ तथा माघमा ग्रह स्थिति प्रतिकूल रहनेछ। यी महिनामा महत्त्वपूर्ण काम थाल्नु उचित हुँदैन।

### मीन

पूर्वार्द्धमा बृहस्पति प्रतिकूल भएको हुँदा चिन्ता बढ्नेछ। स्वास्थ्यमा समस्या एवं काममा अवरोध उत्पन्न हुनसक्छ। नोकरी तथा राजनीतिमा बिनाकारण अप्ठ्यारो स्थिति सृजना हुनसक्छ। कुरा काट्नेहरू बढ्नेछन्। विश्वासघात पनि हुन सक्छ। मुटु तथा मस्तिष्कमा पीडा हुनसक्छ। हाड-जोर्नी तथा नसाहरू पनि दुख्नेछन्। कात्तिकदेखि बृहस्पति तथा शनि दुवै अनुकूल हुने हुँदा परिश्रम गर्दा काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। नोकरीमा पदोन्नति हुनेछ भने राजनीतिमा गुमेको स्थान फर्काउन सकिनेछ। अध्ययनमा सफलता मिल्नुका साथै पदक प्राप्तिको सम्भावना छ। वैदेशिक रोजगारीमा सफलता मिल्ने तथा व्यवसाय बढ्ने योग छ। जेठ, भदौ तथा माघ महिना अनुकूल रहनेछन् भने कात्तिक र फागुन महिने प्रतिकूल रहनेछन्।

## सन्देश



भाइ बी.पी. बजगाईंको १७ औं शुभ जन्मोत्सवका अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै नववर्षको मंगलमय शुभकामना ।

loveme2_anybody@yahoo.com

हामीमा रहेको विकृति, विसंगति तथा गलत विचारलाई पुरानो वर्षमै छोड्न सकौं । सकारात्मक विचार तथा सही मार्गनिर्देशन गर्न नयाँ वर्ष सफल हुन सकोस्, नयाँ वर्षले अमनेपालीमा सुख-शान्ति, अमनचयन छरोस्, सबैमा सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना ।

**राजाबाबु शिवाकोटी**

भाइ बी.पी. बजगाईंको जन्मदिनको अवसरमा मंगलमय शुभकामना, साथै नयाँ वर्षको पनि ।

way2bhanu_03@yahoo.com

१२,२१,३,११,२५, नववर्षको हार्दिक शुभकामना । तिमीले मेरो अनुरोधलाई स्वीकार गरेर फोनमार्फत् भए पनि सम्पर्क गऱ्यौ । त्यसका लागि म धेरै-धेरै खुसी छु । सम्भव भएसम्म सम्पर्कमा रहनु ।

**१०,२१,१०,२१**

लामो जिन्दगीको अभिन्न सहयात्री एस.मा असीम सम्झनाका साथै मलाई चिन्ने सबैमा, विशेष गरी ममता, राजन, दिलमा नववर्षको मंगलमय शुभकामना ।

**अर्जुन राई**

सिरु, नववर्षको लाखौं लाख शुभकामना साथै तिमी र तिम्रो परिवारको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना । तिमीले मलाई हृदयदेखि नै माया गरेकी हौ भन्ने कुरा अस्ति गोकर्णबाट अझ स्पष्ट भएँ, म अति नै हर्षित छु । तिम्रा निम्ति म केही गर्न नसकेकोमा मलाई आत्मग्लानि त भैरहेको छ, तैपनि त्यस्तो निश्चल अन्तरआत्मा-देखिकै माया जुगौं जुग पाइरहोस् र मैले पनि माया दिइरहन पाऊँ ।

**तिमी खुसी भएको हेर्न चाहने**

अनिशा, तिमीलगायत तिम्रो परिवारको सुख, शान्ति एवं समृद्धिको शुभकामना ।

**गोपाल**

साथी, नववर्षको शुभकामनाका साथै मुटुभरिको मीठो सम्झना । म तिम्रो हरेकपलमा साथ दिन चाहन्छु । तिम्रो उपस्थितिबिनाको दिन औंशीको रात झैं शून्य लाग्नेछ । त्यसैले तिम्रो साथ पाइरहुँ भन्ने कामना गर्दछु ।

**एस.जी.**

काभ्रे बहुमुखी क्याम्पस २०५८-०६० ब्याचका व्यवस्थापन तथा मानविकी संकायका सम्पूर्ण साथीहरूलाई विशेषगरी पी.एच.लाई नयाँ वर्षको मुरीमुरी शुभकामना ।

nirmalpunit_nirpur@yahoo.com

सानीमा, सानोबुवा, कुसुम, रवि, कुन्जन, सन्तोष दाइ, भाउजु संगीता, विक्रम, संवत्, मामाहरू, माइजु, भक्तपुर क्याम्पसबाट आइ. ए. दोस्रो वर्षको परीक्षा दिनुहुने साथीहरू तथा नमितालाई नववर्षको हार्दिक शुभकामना ।

**सुमन ढकाल**

साथीहरू संगीता, अञ्जना, लक्ष्मी, सकुन, कमला, राहुल, रिजु, प्रकाश, हेम, मनोज एवं मोनिकालाई नववर्षको हार्दिक शुभकामना ।

**शंकर**

आशिका, मोहन, दीपक, तिया, समी, अनु, कसिसलाई नववर्षको हार्दिक शुभकामना ।

**नितेन ग्रुँ**

परिचित एवं अपरिचितहरूलाई नयाँ वर्षको हार्दिक शुभकामना । एसएलसी परीक्षामा सम्पूर्ण विद्यार्थी सफल हुन् ।

**रामचन्द्र कार्की**

नववर्ष प्रवेशको अवसरमा बुबा, आमा, दिदी, भिनाजु, दाजु, भाउजु, भाइ, बहिनी, भान्जा, भान्जी, छोराछोरीलगायत साथीहरू सम्झना, सुन्तली, रजनी, प्रतिमा, सजना, सवना, सविता, जयराम, सञ्जय, प्रमोद, रोशन, रामप्रसाद तथा सशाङ्कलाई हार्दिक शुभकामना ।

**ज्ञानेन्द्र**

नववर्ष प्रवेशको अवसरमा बुबा-आमा, सोम, रञ्जिता, संगीता, जमुना, अनिता, ज्ञानेन्द्र प्रकाश, अनितालगायत सम्पूर्ण साथीहरूमा मीठो सम्झना एवं धेरै मायाका साथै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**सम्झना केसी**

साथीहरू सुनी, सविना, रूपक, गोपाल, केशव, शरद, ममिता, मनिका, रेणु, अस्मिता, सुवास, हेमन्त, पूजा, निकिता तथा स्कुल अफ इन्जिनियरिङमा अध्ययनरत साथीहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**विष्णु दाहाल**

आत्मीय साथीहरू सरस्वती, संगीता, सवनम, सरीता, सोना, राधिका, रञ्जना, प्रमिला, नवीना, निना, निर्मला, मैयाँ, कविता, कमला, ज्योति, प्रोमिस, गोपाल, हेमन्त, विष्णु, नविता, विन्दु, विमला, आशिका, अञ्जु, अम्बिकाका साथै धुलिखेल सञ्जीवनीबाट परीक्षा दिने मित्रहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**रूपक सुवेदी**

रूपक बब्लु, विष्णु, रविन्द्र, खगेन्द्र, उमेश, सुरेश, टंक, काशी, चेत, रामनारायण, शुक्र, मन्दिरा, शोभा, तुलसा, गायत्री, सुमित्रा, शर्मिला, रूपा, साविता, दुर्गा, विन्दा, निर्मला, गंगा तथा मिथिलालाई नववर्षको हार्दिक शुभकामना ।

**विकास**

पिखेल, भौखेल, दुवाकोट, बानेश्वर, महाराजगन्ज, कालिमाटी, ठिमी, गोठाटार, भैंसेपाटी, सुन्दरीजल, खरिपाटी, ब्रह्मखेल, सुडाल, जोरपाटी, छालिङ, गौशाला, बासडोल, कटुञ्जे, भक्तपुरका आफन्त लगायत चाँगुनारायण स्कुलका सहकर्मी शिक्षक-शिक्षिकाहरू, साथीहरू विकास, नवराज, महेश, शिवराम, काशीराम, हिमकुमार, गोपाल, प्रदिम्न, पुष्कर, सुमन, सुन्तली, गमला, अनुपमा, सुरेन्द्र, प्रकाश, राज्यलक्ष्मी, कृष्णप्रसाद, संगीता, अञ्जु, निलु, जनार्दन, सुवेश, नानु, माया, सानिकान्छी, मीरा एवं भुन्टीलाई नववर्षको हार्दिक शुभकामना ।

**सन्तोष भुजेल**

युरेका इङ्गलिस एकेडेमीका साथीहरू रेबिट, ब्लु, खाएमली, अमिन्द्र, सिर्जना, चाँगुनारायण इङ्लिस स्कुलका शिक्षक-शिक्षिकाहरू सन्तोष, प्रकाश, अजय, बलबहादुर, नीलबहादुर, राजा, राजकुमार, नीलु, ललिता, अञ्जु, जयन्ति, लक्ष्मी, संगीता, राज्यलक्ष्मी, सुमित्रा, ठूली दिदी लगायत पाटन कलेजका आत्मीय मित्रहरूलाई नववर्षको मंगलमय शुभकामना ।

**कृष्णप्रसाद ब्यान्जु**

मित्रहरू विष्णु, कविता, कुमार, विवेक, वासुदेव, उमानाथ, प्रेम, अञ्जली, कल्पना, मैयाँ, तिलक, विष्णु, मोहन, खेम, जितु, बबिना, हरिश, खगेन्द्र, मिलन, प्रेम, प्रकाश, प्रेम चूडामणि, सुवास, शर्मिला, शान्त, सन्तोष, उर्मिला, अमृता, कमल, रचना, रामहरि, राजीव, रमेश, शत एवं एफएम प्रस्तोताहरू तथा सञ्चार माध्यमका मित्रहरूमा नववर्षको हार्दिक शुभकामना ।

**कृष्णराम सुवाल**

मित्रहरू सुषमा, संगीता, सम्झना, सुनीता, रेनुका साथै दिनेश, अशोष, हेमन्त, राजु (रक्की), देवराज, नवराज, के.बी., रोदिश दाई, चन्द्र दाइ, विशेषगरी वैदेशिक रोजगारमा गएका प्रिय साथी प्रेम बानियालगायत चिरपरिचित साथीहरूमा नववर्षको लाखौं लाख शुभकामना ।

**टेकिन्द्र न्यौपाने**

साथीहरू विनय, विना, निरु, संगीता, मनोज, राज, दिनेश, सुदेशन, पिङ्कु, पुष्पा, सविता, दीपा, कान्ता, गोविन्द, दाजुहरू बाबुराम, सुरज, कर्ण, डोर, भाइ ऋषिकेश अनि बहिनी सुनीता, अनिता, रिनामा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक शुभकामना ।

**माधव शाही**

चाँगुनारायण इङ्लिस स्कुलका सन्तोष, प्रकाश, अजय, बलबहादुर, नीलबहादुर, ललिता, नीलु, अञ्जु, जयन्ती, लक्ष्मी, संगीता, ठूली दिदी, सुमित्रा लगायत साथीहरू कमल, रोजी, विमला, रेश, मधु, कुश, शुभ, कलकल, राज, मने, लक्ष्मी दिदी, रोजिना दिदी, क्रान्ति दिदी, भाइ जनहित, भाइ राजेन्द्र, बहिनी मीनु एवं विशेषगरी उहाँ र देवर कृष्णहरिलाई नववर्षको हार्दिक शुभकामना ।

**राज्यलक्ष्मी**

बुधबार दिउँसो अन्दाजी ३:३० देखि ४ बजेको समयमा नेपाल यातायात बसको अन्तिम सिटमा आफूसँग बस्ने तीनजना परिचित युवतीलाई नववर्षको हार्दिक शुभकामना दिँदै दिगो मित्रताका लागि अनुरोध छ ।

**पुतलीसडकमा बसबाट सँगै अघि-अघि ओर्लने खरानी रङको टिसर्ट**

पशुपति, राजेश, काशीराम, दधिराम, रामु, पूजा, सीमा, अस्मिता, अनिता, पार्वता, दीपक, शशिराज, रोमाकान्त, झविन्द्र, मञ्जु, शेषकान्त, रामचन्द्र, इन्द्रमणि, सपना, सुन्दर, महेश, बबुराम, राजन, कृष्ण, रूपेश, इन्साफ एवं गीतालाई नववर्षको हार्दिक शुभकामना ।

**देवराज**

साथीहरू सम्झना, तारा, तारा, शिरीष, सुमिना, धना, सरस्वती, शिला, विनीता, दादा सुरज, माधव, डोर भाइ, ऋषिकेश, वसन्त, दिज्यु नन्दा, दुर्गा तथा कान्तिलाई उत्तरोत्तर प्रगतिको कामनाका साथ हार्दिक शुभकामना ।

**सुनीता शाही**

साथीहरू निरज, विमला, दीपा, मिठु, रुकमणि, प्रवीना, पुष्कर, विनोद, सोनिया, यल्जी, जीवन, निश्चल, कविता, रविना, अञ्जान शैलु, रेजा, युवराज, इन्दिरा, कमला, शर्मिला, सरोज, अमृत, गोकुल, संगीता, देवकी, सिर्जना, प्रकाश, गंगा, सरिता, गीता, रीता, उषा, अनिता, प्रशंसा, सीताराम तथा बन्दनामा नववर्षको हार्दिक शुभकामना ।

**केशव**

दीपा, आइ लभ यु एन्ड नववर्षको हार्दिक शुभकामना ।

**मनिष**

मोलिका, नववर्षको हार्दिक शुभकामना ।

**भविस्वर**

नयाँ वर्षले तिम्रो जीवनमा खुसी एवं उमंग ल्यायोस भन्ने हृदयदेखिको शुभकामना । साथै मलाई चिन्ने सम्पूर्ण साथीलाई हार्दिक शुभकामना ।

**गोविन्द**

सबै साथीहरूमा मीठो सम्झनाका साथै सबैलाई नववर्षको हार्दिक शुभकामना ।

rashu_srth13@hotmaol.com

मेरिना, सिम्ला, सफलता, मीना, दिलु, दुर्गा, गोपाल, सन्तोष, अमृत, हीरा, करिना, पारू, सुमी, नारूपा, नीरा, अनुषा, लक्ष्मी, शान्तु, सुक्षमा, रञ्जु, कृष्ण, जुनु, अञ्जु, नेत्र, टपे, गंगा एवं सन्तलाई नववर्षको हार्दिक शुभकामना ।

tulsirna@yahoo.com



साथीहरू नवीन, शिव, ध्रुव, मीनराज, हरि, आनन्द, अमित, राजु, सविन, रवीन्द्र, मोहन, श्रीकान्त, अर्जुन, बालकृष्ण, निर्मला, सन्तोष, सुमन, दीपक, स्मृति, सोनु, तुलसी, कविता, सम्झना, संगीता, अनिता, लक्ष्मी, अम्बिना, अनिता, सहारा, सारदा, सुनीता, सजना, पुण्य, सन्तोष, पुकार, प्रकाश, नारान, दिनेश तथा अनिललाई नववर्षको मंगलमय शुभकामना ।

**बद्री भट्टराई**

साथीहरू सुमन, सन्तोष, सौरभ, सुष्मा, सन्तोषी, विकास, बबी, चाँदनी, सोनी, जगदिश, रोजिना, जानुका, जोनी, अञ्जु, उषा, सुशीला, शर्मिला, उर्मिला, करुणा, कमला, दिनेश, पार्वती, वसन्ती, रमेश, विपना, उमेश, पूजा, रुवी, भरत, समना, मनीषा, प्रतीक्षा, लक्ष्मण, दिदी एकता, समता, किस्मिता, सरिता, शान्ति तथा श्रीसेतीदेवी शारदा उच्च माध्यमिक विद्यालय लामोसाँघुमा ११ र १२ कक्षामा अध्ययनरत सम्पूर्ण साथीहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**अकेला घरकाज**

प्रिय बी, नववर्षले हर्ष-उल्लास अनि खुसी बोकी ल्याओस् । त्यसरी नै आशा छ हाम्रो मायामा पनि एउटा उन्मादमय पालुवा पलाउनेछ । तिमीलाई नववर्षको मंगलमय शुभकामना ।

**अमृत**

यो संसार त केवल जित्नेको रहेछ, हाँस्नेको रहेछ, जुन संसार तिमीसँग छ । म जस्ता हार्नेहरूका लागि यो संसार होइन । मैले तिम्रो प्रेमलाई बुझ्न सकिन । मबाट केही गल्ती भएको भए माफ गर ल, नववर्षको हार्दिक शुभकामना । भगवानले तिमीलाई सदासर्वदा खुसी राखुन् ।

**तोरण**

नववर्ष प्रवेशको पावन अवसरमा गीता, केदार, विष्णु, लोचन, मञ्जु, सुष्मा, दिवा, सिर्जना, ठाकुर, प्रकाश, कृष्ण, लक्ष्मण, बाबुराम, तिलकलगायत अर्घाखाँचीबाट एलएलसी दिने सम्पूर्ण विद्यार्थीहरूलाई बेस्ट अफ लकका साथै ह्यापी न्यू इयर ।

**वीरेन्द्र बस्नेत**

डाइमण्ड, जुन दिनदेखि तिम्रो साथ एवं माया पाएँ मैले बाँच्ने नयाँ आधार पाएको छ । म चाहन्छु हाम्रो यो साथ सदासर्वदा कायम रहोस् । परीक्षामा सफलताको कामनासहित नववर्षको हार्दिक शुभकामना ।

**मिलन**

ऋतु तथा सरुलाई नववर्षको धेरै-धेरै शुभकामना ।

batboys_guy@hotmail.com

कृष्ण, नववर्षको हार्दिक शुभकामना । तिम्रो हरेक कदमले सफलताको शिखर चुमोस्, तिम्रो हर इच्छा, आकांक्षा पूरा हुन् । तिम्रा आउँदा दिनहरू खुसी र सुखीसँग बितुन् । म तिम्रो प्रेम प्रस्ताव स्वीकार गर्छु ।

**चाँदनी**

सुनीता, कविता, सीता, राजेश, अबोध, जयनारायण, प्रकाश, रामशरण तथा हरिलाई नववर्षको मंगलमय शुभकामना । तिमीहरू सबैले एक-एक पटक भए पनि फोन गर ल ।

**मिथलेश**

साथीहरू तुला, दिल, आइन्द्र, देश, मेघराज, मनोज, टिवराम, एवी, लेखा, गणेश मामा, प्रदीप मामा, प्रवेश, मिलन, विस्वाङछा, देवी, गंगा, भाञ्जी तथा उदयपुर कटारी मल्टिपल कलेजमा अध्ययनरत मामा पेशल, मेघ एवं बहिनी सिर्जना, रणकावा, एक्का, विनयी ब्रो, नानी अनि मेरी 'यस' लाई विशेष सम्झना भन्दै सबैलाई उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**होमराज**

२०६० सालमा श्री गुहेश्वरी बाल शिक्षा मावि थापाथलीमा कक्षा १० मा अध्ययन गर्ने सम्पूर्ण साथीलाई नववर्षको हार्दिक शुभकामना ।

**चाँदनी**

मीना, उषा, देविका, जानुका, मिश्रा, शान्ता, कुसुम, सीता, वसन्ती, सन्तोषी, सुमित्रा, कल्पना, करुणा, मञ्जु, चङ्खु, कविता, शर्मिला, निर्मला, वीमा, विमला, कुश्मिला, दिपना, लक्ष्मी, सम्झना, अञ्जना, कृष्णदेवी, सुनीता, सुभद्रा, नीरा, मखमली, संगीता, सुष्मा, निरू, शहदेव, ईश्वर, इन्द्र, दिनेश, दीपक, प्रदीप, नमहरि, नारायणभक्त, हीराभक्त, रामकुमार, निर्मल, विमल, दुर्गा, चेतनारायण, अमर, रामचन्द्र, जीवन, आशोक, राजेन्द्र, हरिकृष्ण, रमेश, सन्तोष, शंकर, बुद्धि, मनोज, लामा, कुमार, राजु, सन्देश, समिर, हरि, कृष्णराज, श्यामकाजी, विदुर, युवराज, बाबुराम, मुनु, खिल, ज्योति, दिव्यराज, गणेश, रामकृष्ण, कृष्ण, गोविन्द, तिलक, विष्णु तथा नीरञ्जनलाई नववर्षको हार्दिक शुभकामना ।

**मानकुमार**

जसरी ऋतुहरू परिवर्तन हुँदा वृक्षहरूमा नयाँ वसन्तको आगमन हुन्छ त्यस्तै नववर्षको आगमनसँगै तिम्रो जीवनमा पनि नयाँ जोस, जाँगर, हर्ष, उमंग एवं तिम्रा पाइलाहरूले सगरमाथा चुम्न सफल हुन्-सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक शुभकामना ।

**अमृ**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/- अनिवार्य



सिटी कलेज जनकपुरधामका सम्पूर्ण साथी एवं आफन्तहरूलाई नववर्षको हार्दिक शुभकामना ।

**विष्णुकुमार साह**

सिन्धुली कमलामाई नगरपालिका- ३ बेसारे बस्नुहुने भाइ-बहिनीलगायत सम्पूर्ण सुनुवार परिवार तथा स्काइ केबल परिवारलाई नववर्षको हार्दिक शुभकामना ।

**प्रवीण सुनुवार**

दाजु-भाउजु, फरिस्ता, रेसिका, शर्मिला, निरू, ममता, विदुर, अंकल-आन्टी, प्रकाश, उमेश, कविता, नारायण दाइ, डेबिड, प्रनिसा, कुमार दिदी लगायत मलाई चिन्ने सबैलाई नववर्षको हार्दिक शुभकामना ।

**प्रदीप भट्टराई**

रिना, समिर, तोपेन्द्र, सी.पी., एन.बी., सोविराम, अनुष्का, लक्ष्मु, गंगा, गीताञ्जली, गीता, प्रकाश, रिया, भरत, वीरेन्द्र, सूर्य, नेमकान्त, शिशिर, सुमि, प्रेम, रेशम, कोष, सुवास, टीका, सम्झना तथा मीनालाई नववर्षको हार्दिक शुभकामना ।

**जगेन्द्र थापा**

चापाखाल, पिखेल, छालिड, टटकोलका मित्र लगायत साथीहरू सन्तोष, हिमकुमार, गोपाल, प्रदिम्न, पुष्कर, काली, कान्तिपुर कलेजका मेरा सम्पूर्ण हितैषी मित्रहरूका अतिरिक्त कन्साइन्स युथ क्लबको उत्तरोत्तर प्रगतिको कामनाका साथ नववर्षको मंगलमय शुभकामना ।

**सुमन वाग्ले**

सुमन, मनराम, जयराम, शिवराम, गोमा, राजु, सीताराम, दिनेश, कृष्णहरि, सुवास, सानुभाइ, अञ्जु, अनु, वन्दना, प्रदीप, प्रह्लाद, रञ्जिता, प्रमिला त्रय एवं संगीतालाई उत्तरोत्तर प्रगतिको कामनाका साथ नववर्षको हार्दिक शुभकामना ।

**बालगोपाल खड्का**

सजना, तपाईंलाई कस्तो छ ? कतै मैले पुराना कुरामा चित्त दुखाएको भए ती कुरालाई खोतलेर चित्त नदुखाउनु ल । टाढा रहे पनि तपाईंको निरन्तर प्रगतिको कामनासहित तपाईंलाई मुटुको टुक्राका रूपमा लिई पुजिरहेको छु । आजसम्म बाँधिएको निःस्वार्थ एवं मौलाउँदै गरेको साथीत्वको छहारीबाट कहिल्यै ओफेल हुनु नपरोस्, यो माया चिरकाल एवं जुनी-जुनीसम्म बचाइराख्ने प्रण गर्दछु, साथै तपाईंका हरेक पाइला-पाइलामा विजयको कामनासहित नववर्षको धेरै-धेरै शुभकामना ।

**किरण**

सरिता, नववर्ष प्रवेशको अवसरमा हार्दिक शुभकामना ।

**सन्तोष**

काली, रिसायौ कि क्या हो ? म तिमीलाई यति धेरै माया गर्छु कि छाती चिरेर देखाउन मिल्ने भए देखाउँथे । यो जुनीमा नभई सात जुनीसम्म साथ दिन्छु भन्ने विश्वाससहित नववर्षमा तिमीले चालेका हरेक पाइलाले सफलता प्राप्त गरून्, हार्दिक शुभकामना !

**काले**

नयाँ वर्षले नेपाली मातृभूमिको शान्ति र एक अर्कामा ममताको भाव जगाउन सकोस् भन्ने कामना सहित हार्दिक शुभकामना ।

**पवित्रा**

टिका, नववर्षकै दिन तिम्रो जन्मदिन, त्यसैले तिम्रो दीर्घायुको कामना । साथै नववर्षको उपलक्ष्यमा तिमीलाई मुटुभरिको माया अनि हृदयदेखि नै शुभकामना ।

atgurung@hotmail.com

मित्रहरू मीना, अनिता, मन्दिर, पविना, लक्ष्मी, परमेश्वर, दीपक, निरमाया, प्रकाश, बहिनी विमला, सविना, राजु मामा, सुनीता, माया, विवेक, सावित्री, सपना तथा अशोकलाई नववर्षको हार्दिक शुभकामना । अशोक, मलाई थाहा थिएन, तिमीले पनि मलाई मन पराउँछौ । म पनि तिमीलाई मन पराउँछु, मैले तिमीलाई भन्न नसकेको मात्र हो ।

**लक्ष्मी**

साथीहरू कमला, शर्मिला, सिर्जना, सोनिया, केशव, बुना, रोजा, सिम्रन, कल्पना, सजना, सपना, इशा, लक्ष्मी, लिजा, निर्मला, विमला, रविना, पूर्ण, विक्रम, मैया, दीपेश, विनोद, चन्द्रावती, पूजा, दया, देवशमसेर, अनुराग, पुष्कर, कविता, गंगा, सरिता, रामहरि, सुवास, सरोज, कौशिला, प्रमिला, मोनिका, रेनुका, रवीन्द्र, रुकु, एल्जी, अनिता, कृष्ण, अस्मिता, भोला, चक्रपाणी, मञ्जु, हेला, दीपिका, सुनीता, सम्झना, युवराज, काजल, विनीता तथा गोविन्दलाई पनि नववर्षको मंगलमय शुभकामना ।

aviral_niraj@hotmail.com

विराटनगर सहिद रंगशालासँगैका साथीहरू निकु, सोनु तथा लक्ष्मीमा धेरै-धेरै सम्झनाका साथै नववर्षको हार्दिक शुभकामना ।

surajudit@yahoo.com

रूपा, नववर्ष प्रवेशको अवसरमा तिम्रो सुस्वास्थ्य, दीर्घायु एवं ऐश्वर्यको कामना गर्दै तिम्रा हरेक पाइलाले सफलताको शिखर चुमुन्, अनि त्यो तिम्रो चन्द्रमाझैं निश्चल एवं पवित्र हृदयमा सुख-शान्ति छाइरहोस् भन्ने हृदयको पुष्पसुमन केवल तिम्रा लागि अर्पण गर्दछु ।

**प्रभात**

विनु, नववर्ष प्रवेशको अवसरमा तिम्रो उत्तरोत्तर प्रगतिको कामना । पत्रमित्र साथीहरू सौरभ, किरण, आइसा, सुरक्षा तथा इनुलाई पनि हार्दिक शुभकामना । हाम्रो मित्रताले यसरी नै निरन्तरता पाइयोस ।

**अनिसा राई**

साथीहरू नमराज, पुष्पा, शोभा, सहदेव, विक्रान्त, रेणुका, सन्तोष, श्याम, जीवन तथा निशालाई नववर्षको हार्दिक शुभकामना ।

**विश्वम्भर उप्रेती**

सुमन एच, नववर्षको हार्दिक शुभकामना तथा +२ को परीक्षाका लागि बेस्ट अफ लक । जबदेखि मैले तिमीलाई देखें, न रातमा निद्रा न भोक न तिर्खा, म तिम्रो एकोहोरो प्रेममा पागल भएको छु । यो कुरा तिम्रासामु प्रस्तुत गर्न सकिरहेको छैन ।

**रमेश**

श्यामु अंकल, रविना मिस, सन्तोष अंकल, सोभा आन्टी तथा उर्मिला दिदीलाई सुखद दाम्पत्य जीवनको शुभकामना । अप्सरा, कोपिला, शोभा, हरि, तथा प्रकाश, सरिता दिदी, ध्रुव, उदित, तुलसी तथा सुनीतालाई परीक्षामा सफलताको कामनाका साथ नववर्षको मंगलमय शुभकामना ।

**दीपक लामिछाने**

जब विहानीको घाममा आफ्नो सपनीमा हराउँछु त्यस्तै बेलुकाको सूर्यास्तमा तिम्रो यादमा तड्पिन्छु । जब दिनको यात्रामा तिमीलाई सम्झन्छु, अनि मध्यरातको सपनीमा आफ्नै आँखा अगाडि तिमीलाई देख्छु । तिम्रो यादमा पागल त नभनौं तड्पिएर बस्नुपरेको छ । यो जुनीमा त्यो दिलको कुनामा बास देऊ वा नदेऊ, अर्को जुनीमा अवश्य पनि तिम्रै दिलको कुनामा बास बस्न पाउँ, नववर्षको हार्दिक शुभकामना ।

**बिजु**

साथीहरू अनुपा, निर्मला, रेश्मा, सजना, सन्तोष, रीता, राम, शर्मिला तथा रूपालाई नववर्षको हार्दिक शुभकामना ।

**राजेन्द्र गदाल**

फर्पिङ उच्च मावि. फर्पिङका कक्षा ११ का मित्रहरू, राजीव, राजेश, रञ्जना, गंगा, सहना, सुनीता, निरु, स्वीकृतिका साथै कस्तुपमणि, नरेन्द्र, सुरेन्द्र, अमित, सन्देश, शिवराम, पवन, संगीता, सुरक्षा, सेलिना, कृष्णबहादुर तथा रीतालाई नववर्षको लाखौंलाख शुभकामना ।

**कुसुम**

आत्मीय मित्रहरू राजेन्द्र, मुकेश, राजेन्द्र, मनोज, हरि, प्रदीप, विप्लव, मीन, अनिल, सविता, दुर्गा, तारा, स्मृति, टीना, साथै फेवा इंग्लिस स्कुलमा कार्यरत स्टाफहरू कर्ण, चन्द्र, गीता, सावित्रा, सुजु, भावुक, प्रिन्सिपल जेपी मल्ल, सहायक प्रिन्सिपल पुष्पबहादुर हमाल लगायत मलाई चिन्ने सम्पूर्ण मित्रहरूमा नववर्षको अवसरमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक शुभकामना ।

**सुवासचन्द्र भेटवाल**

नववर्ष प्रवेशको सुअवसरमा गोरखा तान्द्राङ बस्ने मेरा परिवारजन तथा इष्टमित्रहरूमा हार्दिक शुभकामना साथै भर्खरै एसएलसी दिएको भाइ रेशम एवं भीमोदय मावि आरूघाटबाट एसएलसी दिएका सम्पूर्ण विद्यार्थीहरूलाई बेस्ट अफ लक ।

**दिनेशकुमार भट्ट**


कल्पना, मुटुभरिको न्यानो माया तथा अविरल सम्झना । हाम्रो माया जुनरूपले अघि बढेको छ यसरी नै उन्नतिको शिखरमा पुगोस्, जुनीजुनीसम्म तिमीले मलाई मैले तिमीलाई सधैं यसरी नै माया गर्न पाइरहुँ, तिम्रा हरेक पाइलामा सफलताले चुमिरहोस्, तिम्रा हरेक पल, हरेक क्षण सुखद रहोस्, अनि तिम्रो एसएलसी परीक्षाको नतिजा मैले सोचेभन्दा बढी राम्रो होस्, नववर्षको हार्दिक शुभकामना ।

**निश्चल प्रेमी**


नयाँ वर्षको उपलक्ष्यमा पत्रमित्रता गर्न चाहनुहुन्छ भने आजै मेल गर्न सक्नुहुन्छ ।

Ram_darai@yahoo.com


## जन्मदिनको शुभकामना



सुजल श्रेष्ठ
२०५९ वैशाख २



शुभम् मल्ल
२०६० वैशाख ५



स्वीकृति ओझा
२०५९ वैशाख २


सक्रिय सुवेदी
२०५७ वैशाख १



प्रचण्ड रानाभाट
२०५८ वैशाख ४


प्रभा अधिकारी
२०५६ वैशाख ४


प्रज्वल खड्का
२०५८ वैशाख २



प्रश्रय चालिसे
२०६१ वैशाख ४



विभुति श्रेष्ठ
२०५६ वैशाख ६


अंकित ताम्राकार
२०५९ वैशाख ७


मञ्जित श्रेष्ठ
२०६० वैशाख ६


जानसी श्रेष्ठ
२०५८ वैशाख ७


श्रवण काफ्ले
२०५७ वैशाख ४


क्रिस उप्रेती
२०५९ वैशाख ६


दीपिका पौडेल
२०५२ वैशाख ३


सम्यका श्रेष्ठ
२०६२ वैशाख ७

**कुपन**

**जन्मदिनको शुभकामना**

नाम :..........................................

जन्म मिति :..........................................

स्कुल :..........................................

ठेगाना :..........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

ENGLISH LANGUAGE TRAINING

विद्यार्थीका लागि सुवर्ण अवसर !
Graphics/Web Page Designer
Hardware/Networking Technician
S&S

RJ/VJing & Radio Technician
Radio Program Presenter-7
Marketing-10 (Salary+Bonus)
The Media's Collection Pvt. Ltd.
Phone : 2003402

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
Private Test/SLC 2063 का लागि
Koteshwor
Harvard Int'l Academy
2050153
Sandra Open School
4-361712
Kalanki
KEF (केफ)
016209937

# क्रिकेट र फुटबलको वर्ष



**साप्ताहिक विश्लेषण**

काठमाडौं– वि.सं. २०६२ नेपाली खेलकुदका लागि मिश्रित वर्षका रूपमा रह्यो । नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताबाट ठूलो सफलताका रूपमा एउटा हत्केलामा गन्नेजति पनि सफलता पाएन भने अन्तर्राष्ट्रिय प्रतियोगितामा खासै सहभागिता पनि जनाएन । गत वर्ष नेपाली खेलकुद आपसी मनमुटाव साम्य पार्नमै केन्द्रित रह्यो भने केही खेलले स्तरीयताका लागि प्रशस्तै लगानी गरे, तर त्यसको खासै नतिजा आउन सकेन ।

गत वर्ष नेपाली खेलकुदले मैदानभित्रको प्रतिस्पर्धाले भन्दा बढी पदाधिकारीहरूको कूटनीतिक प्रतिस्पर्धाका कारण अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चा पायो । नेपाली खेलकुद विगत केही दशकदेखि मैदानी प्रतिस्पर्धाका रणनीति तयार गर्नेभन्दा कुर्सीको प्रतिस्पर्धा गर्ने मैदानका रूपमा प्रतिस्थापित हुँदै गएको देखिन्छ । केही वर्षदेखि नेपाल ओलम्पिक कमिटी (एनओसी) तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीच चलिआएको कुर्सीको विवाद गत वर्ष अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी हुँदै विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रतियोगितामा समेत सार्वजनिक भयो, तर वर्षको अन्तमा आएर त्यसले समाधान पनि पहिल्यायो । वर्षौंदेखि सीमित व्यक्तिबीच सम्पन्न हुने नेपाल ओलम्पिक कमिटीको निर्वाचनले पछिल्लो पटक पनि त्यही परम्परालाई निरन्तरता दिएको थियो । एनओसीले आफूलाई चाहिने गणपूरक खेलकुद संघहरूको समानान्तर संघ स्थापना गर्दै आफ्ना हितैषीहरूबीच गोप्य निर्वाचन गरी पदाधिकारीहरूको नाम सार्वजनिक गर्ने परम्परा नै बनाएको थियो । एनओसीकै पुराना उपाध्यक्ष एवं राखेपका सदस्य-सचिव किशोरबहादुर सिंहले खुलेरै त्यस्तो निर्वाचनको विरोध गरे । एकातिर सरकारले निकासा गरेको सीमित बजेटमा करिब ४५ वटा खेल हेर्नुपर्ने उता अन्तर्राष्ट्रिय क्षेत्रबाट नेपाली खेलकुदको विकासका लागि भनेर आएको करोडौं रुपैयाँको सहयोग केही व्यक्तिमा सीमित हुनु नै यो विवादको मुख्य कारण थियो ।

एनओसीको यस्तो रवैया पूर्व सदस्य-सचिवहरूले तोड्ने प्रयास गरे पनि अन्तर्राष्ट्रिय क्षेत्रबाट समर्थन नपाएपछि उनीहरू पराजित हुने गरेका थिए, तर यसपटक राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव किशोरबहादुर सिंहले ओलम्पिक कमिटीको निर्वाचन अवैधानिक रहेको विषयलाई अन्तर्राष्ट्रियकरण गरेरै छाडे । विवादले सजिलै निकास नपाउने भएपछि राखेप अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको रोहवरमा एनओसीलाई राखेप मातहतमा राख्न सफल भयो । वर्षौंदेखि आफूलाई नेपाली खेलकुदको भाग्यविधाता मान्दै आएको एनओसीलाई राखेप मातहतमा राख्नु नै यो वर्षको महत्त्वपूर्ण सफलता रह्यो । नेपाली खेलकुदले पाउने अन्तर्राष्ट्रिय सुविधा तथा अवसरहरू अब पारदर्शी हुने आशा गरिएको छ ।

एनओसीलाई आफ्नो मातहतमा राखेर नेपाली खेलकुदको विकासका आएको रकमको सदुपयोग गर्ने प्रयासमा सफलता पाए पनि राखेप स्वयंले भने खेलकुदको विकासका लागि गर्नुपर्ने कामहरू गर्न बिर्सियो । नेपालले यो वर्ष अन्तर्राष्ट्रिय प्रतियोगितामा ज्यादै न्यून सहभागिता गर्‍यो । केही सीमित खेलले मात्र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता गर्न पाए भने कतिपय खेलको त स्वदेशभित्र पनि कुनै प्रतियोगिता आयोजना हुन सकेनन् । यसबाहेक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका नेपाली खेलाडीहरूबाट न्यून सफलता मात्र हात पर्‍यो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा गत वर्ष नेपाली खेलकुदले पाएको सबैभन्दा ठूलो सफलता भनेको श्रीलंकामा सम्पन्न १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगितामा प्लेट च्याम्पियनसिपमा विजेता रहनु नै रह्यो । प्रतियोगिताको पहिलो चरणमा पराजित भएर नेपालले प्लेट च्याम्पियनसिप खेल्ने जुन अवसर पायो त्यसले नेपाललाई अन्तर्राष्ट्रिय क्रिकेटको क्षेत्रमा उदाउँदो राष्ट्रको सूचीमा राख्ने सफलता प्राप्त गर्‍यो । प्रतियोगितामा नेपालका युवा खेलाडीहरूले टेस्ट प्रतियोगिता खेल्ने राष्ट्रहरूलाई पराजित गरेर आफूलाई प्लेट च्याम्पियन बनाउन सफलता पाएका थिए । यो सफलताले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल उमेर समूह क्रिकेटमा बलियो भएको प्रमाणित मात्र गरेन, भविष्यमा नेपालको सम्भावनालाई समेत इङ्गित गर्‍यो । युवा खेलाडीहरूले काठमाडौंमा सम्पन्न एसीसी च्याम्पियनसिपमा आफूलाई विजेता बनाएर त्यसलाई थप प्रमाणित गरिसकेका थिए ।

गत वर्ष सम्पन्न क्रिकेट प्रतियोगितामा नेपालले पाएको नतिजालाई हेर्ने हो भने उमेर समूहको प्रतियोगितामा नेपालको प्रभाव बढी देखिन्छ । नेपाली युवाहरूमा अन्तर्राष्ट्रिय स्तरको खेलाडी बन्ने तथा छिमेकी राष्ट्रका खेलाडीहरूले जस्तै सुविधा र लोकप्रियता पाउने चाहना तीव्र रहेका कारण सोचेभन्दा राम्रो प्रदर्शन गर्दै त्यस्तो सफलता पाउन सकेका हुन्, तर राष्ट्रिय स्तरमा पुगेपछि नेपाली क्रिकेटरहरू नेपाली खेलकुदको वास्तविक धरातलमा आउँदै सफलताबाट विमुख भएको देखिन्छ । यो उदाहरण गत वर्ष सम्पन्न क्रिकेट प्रतियोगितामा पनि देखियो । गत वर्ष राष्ट्रिय खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगिताबाट नेपाललाई खासै खुसी दिन सकेनन् । पहिले उमेर समूहमा रहँदा राम्रै सफलता पाएका खेलाडीहरूले राष्ट्रिय टिममा पुगेपछि अपेक्षाकृत सफलता पाउन सकेनन् । नेपाल क्रिकेट संघले पनि यो विषयमा गम्भीर ध्यान पुर्‍याउन सकेन । यो स्तरमा आएपछि उनीहरूले आफूले टिनएजर उमेरमा सोचेको कुनै कुरा नपाएपछि उनीहरूको स्तर पनि स्वतः खस्कँदै गएको देखियो भने क्रिकेट संघले पनि कुनै नयाँ रणनीति बनाउन सकेन । दक्षिण एसियामा क्रिकेटको बढ्दो लोकप्रियतालाई नेपालका उमेर समूहका खेलाडीहरूले पच्छ्याए पनि राष्ट्रिय टिमबाट त्यो किसिमको सफलता नपाउनु नेपाली क्रिकेटकै दुर्भाग्यका रूपमा लिनुपर्छ ।

नेपालको सर्वाधिक लोकप्रिय खेल फुटबलले गत वर्ष नेपालका सञ्चार-माध्यमहरूमा राम्रै स्थान पायो । अखिल नेपाल फुटबल संघ एन्फाले गत वर्षदेखि लिगमा दोहोरो प्रतिस्पर्धा गरायो । अन्तर्राष्ट्रिय प्रतियोगितामा चलेको चलनलाई पहिलो पटक नेपालमा प्रयोग गर्दा गत वर्षको लिग प्रतियोगिता छ महिनाभन्दा बढी चलेको थियो । गत वर्ष सम्पन्न लिग प्रतियोगितामा एन्फाले टिमहरूको तयारीदेखि पुरस्कारराशिसम्म वृद्धि गरेका कारण खेलाडीहरू निकै हौसिएका थिए । एन्फाले फुटबलको विकासका लागि बालकहरूलाई अग्रसर गराउनुपर्छ भनेर बालफुटबल परियोजनालाई पनि निरन्तरता दियो । यसबाहेक एन्फाले अन्य फुटबल प्रतियोगितालाई निरन्तरता दियो भने मोफसलमा पनि फुटबलका विविध प्रतियोगिता आयोजित भए । यति गर्दागर्दै पनि नेपालले गत वर्ष सहभागिता गरेका अन्तर्राष्ट्रिय प्रतियोगिताबाट सन्तोषप्रद नतिजा भने आउन सकेन । गत वर्ष पाकिस्तानमा सम्पन्न साफ फुटबल च्याम्पियनसिपमा नेपालले उल्लेखनीय प्रदर्शन गर्न सकेन, तर वर्षको अन्तमा बंगलादेशको चटगाउँमा भैरहेको एएफसी च्याम्पियनसिप प्रतियोगितामा भने नेपाली फुटबलले केही आशा जगाएको छ ।

यस पटक सम्पन्न लिग प्रतियोगितामा अफ्रिकी मूलका खेलाडीहरूले विभिन्न क्लबमा अनुबन्ध भएर नेपाली खेलाडीहरूको हौसला बढाउने प्रयास गरे । अफ्रिकी मूलका खेलाडीहरूलाई विभिन्न क्लबले चर्को मूल्यमा अनुबन्ध गरेका कारण नेपालका क्लबहरू पनि आर्थिक रूपमा समृद्ध हुँदै गएको संकेत मिल्छ । अहिले नेपाली खेलाडीहरूमा राम्रो प्रदर्शन नगरे क्लबमा रहन सकिँदैन भन्ने त्रास फैलिएको छ । यो वर्ष अफ्रिकी मूलका खेलाडीहरूले अफ्रिकी युनाइटेड नाममा मोसफलमा सम्पन्न प्रतियोगिताका दुईवटा महत्त्वपूर्ण उपाधि हात पारे । उनीहरूले नेपालका स्तरीय क्लबहरूलाई पराजित गरेर नेपाली क्लबका खेलाडीहरूको स्तर विकास गर्नुपर्ने चुनौती प्रस्तुत गरे ।



गत वर्ष नेपाली खेलकुद क्रिकेट तथा फुटबलको प्रतियोगितामै केन्द्रित भए पनि अन्य खेलका प्रतियोगिताहरू पनि भए । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव किशोरबहादुर सिंह पुराना ब्याडमिन्टन खेलाडी भएका कारण ब्याडमिन्टन प्रतियोगिताहरू विगतको तुलनामा बढी नै आयोजित भए । नेपालले गत वर्ष दक्षिण एसियाली स्तरकै ब्याडमिन्टन प्रतियोगितासमेत आयोजित गर्‍यो भने एसियाली स्तरको ब्याडमिन्टन प्रतियोगितामा सहभागिता पनि गर्‍यो । दक्षिण एसियाली क्षेत्रमा नेपालले झिनो सफलता पाए पनि एसियाली स्तरमा भने नराम्रोसँग पराजित भयो ।

गत वर्ष केही खेलका राष्ट्रिय प्रतियोगिता सम्पन्न भए । ती प्रतियोगिताहरूमध्ये बक्सिङ तथा एथलेटिक्स प्रतियोगिताले विशेष चर्चा पाए । बक्सिङमा केही नयाँ अनुहार आए भने टिमका रूपमा कुनै नयाँ टिम देखा परेनन्, तर एथलेटिक्सले राष्ट्रिय प्रतियोगितादेखि अन्तर्राष्ट्रिय प्रतियोगितासम्म चर्चा पायो । एथलेटिक्स प्रतियोगितामा पहिलो पटक उत्रिएकी केशरी चौधरीले १८ वर्ष पुरानो राष्ट्रिय कीर्तिमान पहिलो सहभागितामै भंग गरिन् भने निर्मला भारतीले छवटा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन् । एथलेटिक्समा यो वर्ष पुरुषको तुलनामा महिला खेलाडीहरू सफल सावित भए । गत वर्ष सम्पन्न राष्ट्रिय प्रतियोगिताको लक्ष्य श्रीलंकामा आयोजना हुने दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता नै हो । ती राष्ट्रिय प्रतियोगितामा सफलता पाएका खेलाडीहरूले निरन्तर प्रशिक्षण नपाएका कारण दसौं साफमा ती राष्ट्रिय प्रतियोगिताको खासै उपलब्धि नदेखिने खेलाडी तथा प्रशिक्षकहरूको अनुभव छ ।

## ती जो चम्किए









### उपेन्द्रमान सिंह

राष्ट्रिय टिमबाट संन्यासको घोषणा गरे पनि राष्ट्रलाई खाँचो भएपछि उपेन्द्रमान सिंह पाकिस्तानमा सम्पन्न साफ फुटबल च्याम्पियनमा सहभागी भए । गत वर्षको आयोजना भएको लिग प्रतियोगितामा उनले आफ्नो क्लब थ्रिस्टारलाई उपाधि दिलाउन नसके पनि नेपाली फुटबलको क्षेत्रमा पुर्‍याएको योगदानका लागि पुरस्कारबापत पहिलो पटक राखिएको टोयोटा मोटर कार जिते । नेपाली खेलकुदमा व्यक्तिगत रूपमा सर्वाधिक मूल्यको पुरस्कार पाउने पहिलो खेलाडी पनि उपेन्द्रमान सिंह नै भए ।

### निर्मला भारती

छोटो दूरीकी धाविका निर्मला भारती गत वर्ष मध्यम दूरीकी बेजोड नेपाली धाविकाका रूपमा प्रस्तुत भइन् । नयाँ विधामा प्रवेश गरेलगत्तै निर्मलाले गत वर्ष आफ्नो नाममा ६ नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन् । भारती काठमाडौंमा सम्पन्न राष्ट्रिय प्रतियोगितामा महिला हाफ म्याराथनमा १ घन्टा २० मिनेट १३ सेकेन्डको नयाँ राष्ट्रिय कीर्तिमान कायम राख्न सफल भइन् । उक्त सफलतापछि बर्लिनमा सम्पन्न हाफ म्याराथनमा प्रतियोगितामा सहभागी हुने अवसर पाएकी भारतीले उक्त प्रतियोगितामा आफ्नै राष्ट्रिय कीर्तिमानलाई भंग गरेर छैटौं स्थान हासिल गरिन् । नेपाली महिला खेलाडीले युरोपमा भएको प्रतिस्पर्धामा उत्कृष्ट नतिजा ल्याएको यो पहिलो अवसर पनि थियो ।

### कनिष्क चौगाईं

१९ वर्षमुनिको राष्ट्रिय क्रिकेट टिमको नेतृत्व सम्हालेपछि कनिष्क चौगाईंले आफ्नो प्रतिभा काठमाडौंदेखि श्रीलंकाको कोलम्बोसम्म देखाए । विश्वकपको छनौट प्रतियोगिताका लागि काठमाडौंमा सम्पन्न एसीसी च्याम्पियनसिपमा नेपाललाई पहिलो स्थान दिलाएर घरेलु समर्थकहरूलाई खुसी बाँड्ने चौगाईंले श्रीलंकामा सम्पन्न १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगितामा नेपाललाई प्लेट च्याम्पियन बनाए । नेपाल उक्त प्रतियोगितामा प्लेट च्याम्पियन मात्र नभएर टेस्ट प्रतियोगिता खेल्ने दक्षिण अफ्रिका तथा न्यूजिल्यान्डलाई पराजित गरेर सनसनी मच्चाउन सफल भएको थियो ।

### केशरी चौधरी

बर्दिया जोगी गाउँकी १४ वर्षीया केशरी चौधरी काठमाडौंमा सम्पन्न राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा एकाएक चर्चामा आइन् । कुनै प्रशिक्षणविना विद्यालयस्तरीय प्रतियोगितामा सहभागि हुन काठमाडौं आएकी केशरीले आफु जन्मिनुभन्दा ४ वर्षअघि हाइजम्पमा कायम भएको राष्ट्रिय कीर्तिमान भंग गरेर तहल्का मच्चाइन् । विद्यालयस्तरको प्रतियोगितामा १८ वर्षअघि कायम भएको राष्ट्रिय कीर्तिमानलाई भंग गरेकी केशरीले त्यसको एक सातापछि भएको राष्ट्रिय प्रतियोगितामा आफैंले कायम गरेको राष्ट्रिय कीर्तिमानलाई पुनः भंग गरिन् । उनले उक्त प्रतियोगितामा हाईजम्पमा १ दशमलव ४३ मिटरको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी थिइन् ।

### राज्यलक्ष्मी थापा

नेपालमा महिला भारोत्तोलन खेलाडीको अभाव खड्किरहेको अवस्थामा गत वर्ष महेन्द्र पुलिस क्लबकी खेलाडी राज्यलक्ष्मी थापाले महिला भारोत्तोलनमा आशा जगाइन् । भारोत्तोलन खेलाडीसँग वैवाहिक जीवनमा बाँधिएकी राज्यले भारोत्तोलनको राष्ट्रिय प्रतियोगितामा ५ नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी थिइन् । ६३ किलोग्राम तौल समूहबाट सहभागिता गर्ने राज्यले स्न्याचमा ५५ किलोग्राम तथा क्लिन एन्ड जर्कमा ७० किलोग्रामसहित कुल १ सय २५ किलोग्रामको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन् ।

# फड्को मार्दै नेपाली खेलाडी



जेठ ७ गते ह्यात रिजेन्सीमा नवील थ्री–स्टार क्लबका कप्तान उपेन्द्रमान सिंह लगायत बालगोपाल महर्जन, सुरेन्द्र तामाङ, सन्तोष साहुखल जस्ता चर्चित फुटबलर मोडलका रूपमा ऱ्याम्पमा उत्रिए । सोबिज पत्रिकाले आयोजना गरेको उक्त पृथक् फेसन कार्यक्रममा चर्चित फुटबलर तथा मोडलहरूको तालमेल रोचक थियो । महिला मोडलको सौन्दर्य र ग्ल्यामर तथा फुटबलको चर्चालाई पर्यटकीय नगरी पोखरामा गोल्डेन मल्टि मिडिया एन्ड मोडलिङ एजेन्सीले एक कार्यक्रममार्फत् दोहोऱ्यायो । असार महिनामै सम्पन्न एक अर्को कार्यक्रममा नेपाली राष्ट्रिय टोलीका फुटबलरहरूको क्याटवाक हेर्न पाए दर्शकहरूले । ग्यालेक्सी मोडलिङ एजेन्सीले सञ्जित श्रेष्ठको कोरियोग्राफीमा प्रस्तुत गरेको उक्त फेसन कार्यक्रममा साप्ताहिकका लागि विशेष फोटोसेसनसमेत गरिएको थियो । दशरथ रंगशालामा राजेश शाही, हरि खड्का तथा वसन्त थापा जस्ता चर्चित फुटबलरका साथमा असीम, पुष्पा, दीपा, लक्ष्मी, ज्योति आदि मोडलले विभिन्न आकर्षक पोजमा फोटोसेसन गराएका थिए ।



● मुकुन्द बोगटी

काठमाडौं– वर्ष २०६२ मा नेपाली खेलकुदले केही खेलमा अन्तर्राष्ट्रिय फड्को माऱ्यो भने केही खेलले वर्षैभरि चर्चा पायो । यही सफलता र चर्चाले केही नेपाली खेलाडी गत वर्ष 'नेसनल सेलिब्रिटी' नै बने । कतिपय खेलाडी मैदानमा जत्तिकै मोडलिङमा पनि चम्किए भने कतिपय खेलाडीमा आकर्षण देखेर व्यापारिक कम्पनीहरूले समेत हात बढाए ।

वर्ष २०६२ मा राष्ट्रिय खेलकुद परिषद् तथा अन्य खेल संघहरूले आफ्ना खेलाडीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा कमै प्रस्तुत गरे पनि जतिले सहभागिता गरे त्यसमा सन्तोषप्रद नतिजा नै आयो । फुटबल र क्रिकेटका खेलाडीहरूलाई ग्ल्यामरको दृष्टिबाट हेर्ने हो भने २०६२ उनीहरूका लागि उत्साहबर्धक वर्ष रह्यो । घरेलु लिग फुटबल लगातार ६ महिनाभन्दा बढी चल्यो । दोहोरो लेगका आधारमा सम्पन्न उक्त प्रतियोगिताले खेलाडीहरूलाई आमजनमानसमा परिचित हुने अवसर प्रदान गऱ्यो । फुटबल खेलाडीहरूले पाउँदै आएको लोकप्रियताका कारण अखिल नेपाल फुटबल संघले लिग प्रतियोगितामा दिने पुरस्कार राशिमा वृद्धि गरेर नेपालको सर्वोत्कृष्ट खेलाडीलाई मोटरकार दिने घोषणासमेत गऱ्यो । खेलकुदको क्षेत्रमा कुनै पनि खेलाडीलाई दिइने सबैभन्दा बढी मूल्यको यो पुरस्कार नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान एवं थ्रिस्टार क्लबका गोलकिपर उपेन्द्रमान सिंहले पहिलो पटक पाए । राष्ट्रिय टिममा रहेर दिएको योगदान तथा लिग प्रतियोगितामा देखाएको प्रदर्शनका आधारमा कार पुरस्कार पाए पनि पहिलो पटक कार पाउने खेलाडी भएका कारण उनले अझ बढी चर्चा पाए । उनलाई कार उपहार दिन सहयोग गर्ने नेपाली टोयोटाको आधिकारिक विक्रेता वैद्य अर्गनाइजेसनले अहिले उनलाई सोही मोटरकारसहित होर्डिङ बोर्डको विज्ञापनमा प्रस्तुत गरेको छ । नेपाली राष्ट्रिय टिमको कप्तान भएपछि विभिन्न होर्डिङ बोर्ड, टेलिभिजन तथा एड्सको जनचेतना जनाउने साथै नम्बर वान कन्डमको विज्ञापनमा प्रस्तुत भैसकेका उपेन्द्रमान सिंह लिग प्रतियोगितामा पाएको यो सम्मानपछि आकर्षक खेलाडीका रूपमा प्रस्तुत भए । उनको चर्चा र सफलताले नेपालमा पनि राम्रो खेलेर केही पाउन सकिन्छ भन्ने सन्देश दिएको छ ।

लिग फुटबल प्रतियोगितामा विभिन्न विधामा रहेर उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई मोरङ अटो वर्क्सले एक-एकवटा मोटरसाइकल पुरस्कार दियो । विगत केही वर्षदेखि नेपाली लिग फुटबल प्रतियोगितामा नेपाली खेलाडीहरूले देखाउँदै आएको प्रदर्शनका आधारमा उनीहरूलाई मोटरसाइकल पुरस्कार दिन मोरङ अटो वर्क्सले यस्तो पहल गरेको हो । नेपालमा खेलेर खान पुग्दैन भन्ने मान्यतालाई यस्ता पुरस्कारले गलत साबित गर्न थालेका छन् भने अर्कातर्फ खेलकुदप्रति व्यापारिक कम्पनीहरूको आकर्षण बढिरहेको देखिन्छ । यसपटक लिग प्रतियोगितामा सहभागी भएका प्रत्येक क्लबसँग कुनै न कुनै व्यापारिक कम्पनीहरूले आफूलाई आबद्ध गरेर खेलाडीहरूलाई आफ्नो विज्ञापनका रूपमा प्रयोगसमेत गरे ।

वर्ष २०६२ मा फुटबल खेलाडीहरू मैदानमा जति चर्चित भए त्यत्ति नै ऱ्याम्पले उनीहरूलाई थप चर्चित बनायो । राजधानीको ग्यालेक्सी मोडलिङ एजेन्सीले राष्ट्रिय टिमका फुटबल खेलाडीहरूलाई ऱ्याम्प मोडलका रूपमा पहिलो पटक प्रस्तुत गऱ्यो । फुटबल खेलाडीहरूले पाएको लोकप्रियताका कारण उनीहरूलाई मोडलिङमा प्रस्तुत गरेको आयोजक समितिले जनायो । खेलाडीहरूको त्यस्तो सहभागिताले कार्यक्रमको रौनकमा वृद्धि भएको थियो ।

फुटबल खेलाडीहरूले घरेलु प्रतियोगिताका कारण चर्चा भने १९ वर्षमुनिका क्रिकेट खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता पाएर आफूलाई चर्चामा ल्याए । नेपालमै सम्पन्न एसीसी ट्रफी च्याम्पियनसिपमा सफलता पाएका १९ वर्षमुनिका क्रिकेट खेलाडीहरूले श्रीलंकामा आयोजना भएको सोही उमेर समूहको विश्वकप क्रिकेट प्रतियोगिताको प्लेट च्याम्पियनसिपमा नेपाललाई विजयी गराए । यो सफलतापछि उनीहरूप्रति विभिन्न व्यापारिक कम्पनीले आकर्षण देखाउन थाले । उनीहरूले मोटरसाइकल पुरस्कार पाए भने यती एयरलाइन्सले आफ्नो कम्पनीमा आबद्ध गराउने वचनसमेत दिएको छ ।

खेलाडीप्रति व्यापारिक कम्पनीहरूको खेल समूहगत मात्र नभएर व्यक्तिगत खेल तेक्वान्दो खेलाडी संगिना वैद्यमा पनि पऱ्यो । तेक्वान्दोमार्फत एसियालीस्तरमा पदकसमेत जितिसकेकी संगिनालाई टुपीएम चाउचाउ कम्पनीले नायिका रेखा थापासँग एक्सन मोडलका रूपमा प्रस्तुत गरे । यसबाहेक वार्षिक रूपमा आयोजना हुँदै आएको धर्मश्री प्रतियोगितामा विजयी हुने खेलाडीलाई पञ्चकन्या कम्पनीले आफ्नो ब्रान्ड एम्बेसडरका रूपमा लिने परम्परालाई यो वर्ष पनि कायम राख्यो ।

यो वर्ष जर्मनीले विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्ने हुनाले नेपालका फुटबल खेलाडीहरू पनि विभिन्न कम्पनीको मोडल बन्ने पक्का छ । अघिल्लो विश्वकप फुटबल प्रतियोगिताको सहयोगी कम्पनी कोकाकोलाले केही नेपाली खेलाडी तथा लिग प्रतियोगिता खेलन अफ्रिकाबाट आएका अफ्रिकन खेलाडीहरूलाई लिएर मुस्ताङमा अन्तर्राष्ट्रिय स्तरको विज्ञापन निर्माण गरेको छ । उक्त विज्ञापन विश्वकप फुटबलताका प्रसारणमा आउनेछ ।



# कान्तिपुर गाथा

किशोर नेपाल

विक्रम संवत् २०६३ कहिलेदेखि सुरु भयो, यसपटक त्यसको पत्तै भएन । लुसुक्क आएछ र खुसुक्क गएछ । नयाँ वर्षमा न नगरकोटको रमिता हेर्न पाइयो, न धुलिखेलमा धुनी जगाउन पाइयो । आन्दोलनले सारा प्रोग्राम चौपट पार्‍यो । आन्दोलनकै कारण मोबाइल चलेन । अझ मोबाइल कहिले, कति बेलादेखि काटियो थाहा भएन । बेलुका सुतेर बिहान आठ बजेतिर उठ्दा त मोबाइलको स्क्रिनभरी म्यासेजको थुप्रो, मोबाइल भने डेड ! डेड मोबाइल हातमा समातेर धेरै बेरसम्म मनमा अनेक प्रश्न खेलाउन मन लाग्यो ।

**किन काटेको होला ?**

मनमा उठेको पहिलो प्रश्न यही थियो । तर किन-किन यो प्रश्न आफैंलाइ ठीक लागेन । वास्तवमा यो प्रश्नमा दमै थिएन । देशमा यति ठूलो आन्दोलन हुने भएपछि मोबाइल फोन काटिनु सामान्य कुरा हो । अघि-अघि त मोबाइलसँगै एनटी र युटीएलका टेलिफोनहरू पनि काटिन्थे । अहिले कमसेकम स्थितिमा सुधार आएछ । मोबाइलहरू काटिए पनि टेलिफोन जोगिएछ । यति बेला लाग्यो, युटीएलको फोन लिएको भए पनि मानव-अधिकारवादीहरूले जस्तै फोन झोलामा बोकेर हिंड्न हुन्थ्यो, तर फोन काटिएपछि कफ्र्यु लागेकाले त्यो आइडियाको प्रयोग गर्नैनपर्ने भयो ।

**कसले काटेको होला ?**

यो प्रश्न भने आफैंलाई ठीक लाग्यो । अहिलेसम्म मोबाइल कसले काट्यो भन्ने कुरा पारदर्शी हुँदैनथ्यो । मानिसहरू दरबारले काट्यो कि सेनाले काट्यो भन्ने कुरामा निकै ठूलो विवाद गर्थे, तर यसपटक नेपाल टेलिकमका प्रमुखले मोबाइल काटिनेबित्तिकै यो विवादको टुंगो लगाइदिनुभयो, सरकारको निर्देशनमा टेलिकम आफैंले मोबाइलको स्वीच अफ गर्‍यो । उहाँले निर्देशन दरबारबाट आएको थियो कि सिंहदरबारबाट, त्यो भने बताउनुभएन । प्रमुखको जवाफ सुनेर टेलिकमका आन्दोलनकारी कर्मचारीहरू थचक्क बसे । यसबाट नेपाल टेलिकमले करोडौं रुपैयाँको घाटा बेहोर्नुपरेकोमा उनीहरू आन्दोलित थिए र आन्दोलनमा उत्रिइसकेका थिए, तर मोबाइलको स्वीच अफ गर्न नदिएर उपभोक्ताको हित गर्न उनीहरू तयार भैसकेका थिएनन ।

**कहिलेसम्म काटिने होला ?**

यो अन्तिम प्रश्न आफैंलाई निकै गहन लाग्यो । कसरी भन्नु कहिलेसम्म काटिने हो मोबाइल ? सामान्यत: एकपटक काटिएपछि लामै समय नजोडिनुपर्ने हो । मोबाइल काट्न क्याबिनेटलाई जानकारी दिए मात्र पुग्ने तर जोडन क्याबिनेटको स्वीकृति नभै नहुने भएकाले पनि यो प्रश्नको जवाफ खोज्नु सहज थिएन । नयाँ परिस्थितिमा क्याबिनेट प्रमुखको मुड नचली क्याबिनेट नबस्ने ! क्याबिनेट प्रमुखको मुड कहिले चल्ने हो र कतिबेला चल्ने हो, पत्तो नहुने !!

लाग्यो, मोबाइल हो जसरी काटियो त्यसरी नै जोडिन्छ । यसमा टाउको दुखाउनुको कुनै अर्थ छैन ।

त्यसपछि औंलाहरू बिस्तारै मृत मोबाइलका कीबोर्डमा सलबलाउन थाले । म्यासेजिङभित्रको इन्बक्समा दसवटा म्यासेज थन्किएर बसेका थिए । पहिलोमा लेखिएको थियो– हेप्पी न्यू इयर २०६३ । टेल मी ह्वाट यू वान्ना डू दिस न्यू इयर ? आर यू थिंकिङ गोइङ सम ह्वेर ?

अर्कोमा रोमन लिपिमा लेखिएको थियो, क्लब हिमालयले यो वर्ष पनि नगरकोटमा सेकुवा सेक्दैछ । जाने हो ?

तेस्रो म्यासेज थियो रोजिनाको । लेखेकी थिई, आन्दोलन र बन्दले गर्दा म यो साता आउन नपाउने भएँ । कस्तो ब्याड लक, हेर न । तिमीहरूसँग नयां वर्ष मनाउला भनेको त एउटै पनि गाडी नचल्ने रे ! यस्तो पनि हुन्छ... म्यासेज बीचैमा ब्रेक भएको थियो । लेखिएको थियो– मिसिङ सम क्यारेक्टर्स...

वास्तवमा यो नयाँ वर्षमा समथिङ रियल्ली मिसिङ । नयाँ वर्षको पूर्वार्द्ध कफ्र्युको कैदमा सकियो, उत्तरार्द्ध कसरी सकिने हो थाहा छैन । तैपनि पाठकहरू, नयाँ वर्षको हार्दिक शुभकामना !

## सौन्दर्य स्याहार, आफ्नै हातमा

**छाला स्वच्छ छैन ? त्यसो भए स्वस्थ्य पनि छैन ।**

- सहरी प्रदूषण एवं धूलो र माटोको नकारात्मक प्रभाव सीधा अनुहारमा पर्छ ।
- पसिना आउने र त्यसमा धूलो जम्ने हुनाले अनुहारको छालामा रहेका स-साना छिद्र बन्द हुन्छन् ।
- यस्तो अवस्थामा साबुनले अनुहारको पूर्ण सफाइ गर्न सक्दैन । ती कणहरू छालाको छिद्रभित्र कायम रहन्छन् ।
- घामको किरणले छालाका रेशा नष्ट हुन्छन् । फलस्वरूप समयभन्दा अघि नै छाला चाउरिन थाल्छ । यसले महिलाहरूमा मानसिक तनाव ल्याउँछ ।
- साबुनमा हुने रसायनले छालामा हुने कोमल तत्त्वलाई हानि पुर्‍याउन थाल्छ ।

**गहिराइसम्म सफाइ, अनुहारमा विशेष चम्किलोपन**

- कागतीको रस छालाका लागि गुणकारी सिद्ध भएको छ । यसले छालामा ताजापन मात्र ल्याउँदैन, शीतलता पनि प्रदान गर्छ ।
- काँक्रा रूखो छालाका लागि वरदान हो । यसमा भएका पोषक तत्त्वले छालालाई चाउरिन दिँदैन ।
- ग्रीन एप्पल (हरियो स्याउ) भित्र हुने प्रकृतिक तत्त्वले अनुहारमा विशेष चमक प्रदान गर्छ ।
- तैलीय छालामा हुने कमजोरी एवं दागका लागि टी ट्री आयल अति नै प्रभावकारी हुन्छ ।
- महमा प्राकृतिक मोस्चराइजरको विशेषता हुन्छ, जसले अनुहारको प्राकृतिकतालाई बिग्रन दिँदैन । फलस्वरूप छाला मुलायम एवं सफा रहन्छ ।
- अनुहारमा अलिकति पानी छ्याप्नुहोस् । हातमा थोरै फेस जेल लिएर अनुहारमा दल्नुहोस् । त्यसपछि त्यसलाई पखाल्नुहोस् । तपाईंलाई आफ्नो अनुहारको चमक आफैंलाई अविश्वसनीय लाग्नेछ ।
- आयुरको फेस जेल एवं फेस वास आजैदेखि प्रयोग गर्नुहोस् । पहिलो पटकको प्रयोगले नै तपाईंलाई यसप्रति विश्वास जाग्नेछ । यसले अनुहार स्वच्छ र सुन्दर मात्र हुँदैन, तपाईंलाई सबैले सोध्नेछन्, यो चमकको रहस्य के हो ?




Cucumber Face Gel, Lemon & Honey Face Gel, Green Apple & Honey Face Wash & Tea Tree Face Wash

To make a career as a beauty professional or to know more about beauty business, write to, AANB, P.O. Box 6032, N. Delhi-8. *Website: www.ayurherbals.com*








## समाचारमा जो छाए

आफ्नो व्यक्तिगत उपलब्धि, जनताप्रतिको जिम्मेवारी, राजनैतिक निष्ठा तथा अडानका कारण थुप्रै नेपाली यो वर्ष चर्चामा रहे । यसरी चर्चामा आउनेहरूमा सबैभन्दा अग्रस्थानमा नेकपा एमालेका महासचिव माधवकुमार नेपाल रहे । माघ १९ पछि जनताको मानवअधिकार तथा लोकतन्त्र बहालीका लागि निरन्तर सक्रिय माधवकुमार नेपाल अहिले पनि सरकारी हिरासतमा छन् । लोकतन्त्रप्रति देखाएको निष्ठाका कारण उनी वर्ष २०६२ मा चर्चाको शिखरमा रहे । २०६२ मा चर्चाको शिखरमा रहने अर्को व्यक्ति नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला हुन् । लोकतन्त्र स्थापनाका लागि नेपालका प्रमुख राजनैतिक दलहरूलाई आफ्नो नेतृत्व स्वीकार गर्न बाध्य बनाउने कोइराला अहिले नेपाली राजनीतिको न्यूक्लियस भएका छन् ।

विगतमा राजासँग नजिकिएर सत्तावरण गर्न पुगेका शेरबहादुर देउवा माघ १९ पछि एकपटक फेरि चर्चामा आए । जेजस्तो भए पनि लोकतन्त्रलाई आफ्नो एक मात्र लक्ष्य र उद्देश्य रहेको घोषणा गर्ने देउवा प्रधानमन्त्री पदबाट गलहत्याइएपछि भ्रष्टाचार नियन्त्रण शाही आयोगको थुनामा परे । लगातार एघार महिनासम्म थुनिएपछि सर्वोच्च अदालतले भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई असंवैधानिक घोषणा गरी खारेज गरेपछि देउवा थुनामुक्त भए । देउवासँगै एउटै अभियोगमा थुनिएका र मुक्त भएका प्रकाशमान सिंह पनि आफ्नो अविचलित निष्ठाकै कारण चर्चामा रहे ।

अर्कोतिर मुलुकमा मानवअधिकार तथा लोकतन्त्र नभएको कारण देखाउँदै आफूलाई सक्रिय बनाएका मानवअधिकारकर्मी कृष्ण पहाडीले पनि पर्याप्त चर्चा पाए । राजनीतिप्रति कुनै मोह नभएका पहाडीले जनताको हक-अधिकारका लागि आफूलाई निरन्तर रूपमा सक्रिय बनाए । त्यसैगरी लोकतन्त्र नै सबै किसिमका जनअधिकारहरूको केन्द्रविन्दु भएको उद्घोष गर्दै नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा पनि लोकतान्त्रिक आन्दोलनको मूलधारमा देखापरे । उनका निर्भीक र सटीक तर्क सधैं चर्चामा रहे ।

सधैँ दरबारवादी भएको आरोप खेप्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमेशर राणाले जुन रूपमा आमअनुमानका विपरीत आफूलाई लोकतन्त्रका पक्षमा उभ्याए, त्यसले उनका बारेमा आमजनमानसमा रहेको नकारात्मक धारणाबाट पर्दा उठाउने काम गर्‍यो । बितेको वर्ष आफ्ना राजनैतिक भूमिकाका कारण चर्चामा रहने अर्को व्यक्ति नेकपा एमालेका नेता वामदेव गौतम हुन् । गौतमले जुन शैलीमा रोल्पादेखि दिल्लीसम्म पुगेर नेकपा माओवादीसँग मुलुकमा प्रजातान्त्रिक आन्दोलनलाई बल पुर्‍याउन सहमति कायम गरे त्यसले एमालेको मात्र नभई उनको राजनैतिक उचाइ र चातुर्य दुवै बढायो ।

बितेको वर्ष राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूलाई अन्तर्वार्ता दिँदै आफूलाई भूमिगत जीवनबाट सार्वजनिक गरेका नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले पनि अनेक कारणसहित पर्याप्त चर्चा पाए । मुलुकको सत्ता सशस्त्र द्वन्द्वबाटै कब्जा गर्न सकिन्छ भन्ने मानसिकतामा रहेका दाहाल अहिले राजनैतिक दलहरूको सहयोग र सहयात्रा खोजेका कारण चर्चामा आएका हुन् । दाहालसँगै सोही दलका दोस्रो नेता भनिएका बाबुराम भट्टराई पनि वर्षभरि नै चर्चामा रहे । वर्ष प्रारम्भ हुँदा दाहाल र भट्टराईबीच देखापरेको मनमुटाव तथा माओवादी दल विभाजनको सँघारमा छ भन्ने हल्लालाई तह लगाउँदै यी दुवै नेता सात प्रमुख राजनैतिक दलसँग मुलुकमा लोकतन्त्र स्थापनाका लागि हातेमालो गर्न तयार देखिए । माओवादी अध्यक्ष दाहाल तथा भट्टराईले सात राजनैतिक दलसँग सहकार्य गर्ने घोषणा गरिरहेका बेला सोही दलका मणि थापा (अनुकूल) एवं रवीन्द्र श्रेष्ठले माओवादीहरूमा विचलन आएको घोषणा गरेपछि निष्कासनमा परेर पर्याप्त चर्चा पाए ।

यसै वर्ष गणतन्त्रका पक्षमा देखा परेका नेपाल विद्यार्थी संघका गगन थापा तथा नेपाली कांग्रेसका नरहरि आचार्यले पनि आफ्ना विचारका कारण छापाहरूमा पर्याप्त चर्चा पाए । साहित्यमार्फत् समाजमा स्थापित हुन कवि लेखकहरूले लामो समय पर्खनुपर्छ तर वर्ष २०६२ मा कवि श्रवण मुकारुङले आफ्नो एउटै कविता बिसे नगर्चीको बयानमार्फत् लोभलाग्दो लोकप्रियता आर्जन गरे । कुनै पनि नेपाली कवि यसअघि आफ्नो एउटै कवितामार्फत यति धेरै चर्चामा आउन सकेको कुनै उदाहरण छैन । उपरोक्त राजनैतिक व्यक्तिहरूको चर्चाबाहेक यो वर्ष केही नेपालीले अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चा पाउने काम गरे ।

चराविज्ञ डा. हेमसागर बराललाई यसै वर्ष बेलायतको ह्वाइड फन्ड फर नेचरबाट सम्मानित गरियो । यो सम्मान पाउने डा. बराल पहिलो नेपाली हुन पुगे भने रवीन्द्र पुरीलाई भक्तपुरस्थित आफ्नो नमुना घरका लागि युनेस्कोले एसिया प्यासिफिक हेरिटेज पुरस्कारबाट सम्मानित गर्‍यो । यी सबै चर्चाहरूलाई उछिनेर २०६२ सालमा सर्वाधिक चर्चित हुने नेपालीका रूपमा बाराका रामबहादुर बमजन देखापरे । आफूलाई बुद्धको शैलीमा प्रस्तुत गरेका रामबहादुर बमजनले गत जेठदेखि फागुनसम्म बाराको रतनपुरी जंगलमा तपस्या गरे । तपस्या गर्दागर्दै अलप भएपछि बमजनले थप चर्चा पाए ।


प्राईभेट Test/SLC भर्ना खुल्यो

रेडियन्ट एकेडेमी


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, सम्पादक : **सुवास ढकाल**